
पुस - १

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष २७, अङ्क १७ | २०७५, पुस १-१५ | पूर्णाङ्क ६३५



प्रकाशक

सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७२८, ४२००७२९, ४२००७५० Ext.२५११ (सम्पादन), २५१४ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२००७४९, पो.व.नं. २०४३८

**Email:** info@supremecourt.gov.np, **Web:** www.supremecourt.gov.np

**सम्पादन तथा प्रकाशन समिति**

| | |
|---|---|
| **माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की, सर्वोच्च अदालत** | **- अध्यक्ष** |
| **मुख्य रजिष्ट्रार श्री राजनप्रसाद भट्टराई** | **- सदस्य** |
| **नायब महान्यायाधिवक्ता श्री किरण पौडेल, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय** | **- सदस्य** |
| **रजिष्ट्रार श्री महेन्द्रनाथ उपाध्याय** | **- सदस्य** |
| **अधिवक्ता श्री खम्मबहादुर खाती, महासचिव, नेपाल बार एसोसिएसन** | **- सदस्य** |
| **वरिष्ठ अधिवक्ता श्री खगेन्द्रप्रसाद अधिकारी, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन** | **- सदस्य** |
| **प्रा.डा.विजय सिंह सिजापति, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय** | **- सदस्य** |
| **सहरजिष्ट्रार श्री भद्रकाली पोखरेल, सर्वोच्च अदालत** | **- सदस्य सचिव** |

**सम्पादक :** श्री रामप्रसाद पौडेल

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री निलकण्ठ बराल
शाखा अधिकृत श्री मन्दिरा शाही
कम्प्युटर अधिकृत श्री विक्रम प्रधान
ना.सु. श्री यशोदा निरौला
ना.सु. श्री अर्जुनबाबु सापकोटा
सि.क. श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री राजेश तिमल्सिना

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखामा कार्यरत् कर्मचारी**

डि.श्री नरबहादुर खत्री

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजायनर श्री रसना बज्राचार्य
सिनियर बुकबाइन्डर श्री रमेश बासुकला
सिनियर बुकबाइन्डर श्री विद्यानन्द पोखरेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | | | |
|---|---|---|---|
| पूर्ण इजलास | १ | इजलास नं. १० | ६ |
| संयुक्त इजलास | १४ | इजलास नं. ११ | ३ |
| इजलास नं. १ | ६ | इजलास नं. १२ | ५ |
| इजलास नं. २ | २ | इजलास नं. १३ | ३ |
| इजलास नं. ३ | ६ | इजलास नं. १४ | ३ |
| इजलास नं. ४ | ३ | इजलास नं. १५ | ३ |
| इजलास नं. ५ | ५ | इजलास नं. १६ | १ |
| इजलास नं. ६ | ३ | इजलास नं. १७ | १ |
| इजलास नं. ७ | १३ | इजलास नं. १८ | ३ |
| इजलास नं. ८ | ५ | एकल इजलास | २ |
| इजलास नं. ९ | २ | | |
| जम्मा | ६० | जम्मा | ३० |

**कूल जम्मा ६० + ३० = ९०**

# नेपाल कानून पत्रिका

मा प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् गृहपृष्ठमा देखिने **शब्दबाट फैसला खोज्नुहोस्** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गर्नुहोस् । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा वेबसाइटको दोस्रो शीर्षकमा रहेको **वृहत् खोज** खोलेर विभिन्न किसिमले फैसला खोज्न सकिनेछ। त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेत हेर्न सक्नुहुनेछ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः**

**सअ बुलेटिन, २०७..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०७५, पुस – १, पृष्ठ १**

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवम् अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधानन्यायाधीशको निजी सचिवालयमा रहेको

**Toll Free Number**

**१६६०–०१–३३३–५५**

वा

**इमेल ठेगाना**

**cjs@supremecourt.gov.np**

मा सम्पर्क गर्न सकिने छ।

**मूल्य रू.२०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

# विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| बृहद पूर्ण इजलास | | | १ - ४ |
| १. | बन्दी प्रत्यक्षीकरण | चुडामणी शर्माको हकमा कल्पना उप्रेती शर्मा वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, काठमाडौंसमेत | |
| संयुक्त इजलास | | | ५ - १२ |
| २. | उत्प्रेषण / परमादेश | लिलाकान्त घिमिरे वि. शिक्षा मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत | |
| ३. | लागु औषध खैरो हेरोइन | सुदामा राय यादव वि. नेपाल सरकार | |
| ४. | जबरजस्ती करणी | नेपाल सरकार वि. जीवनप्रसाद दाहाल | |
| ५. | कर्तव्य ज्यान र रहजनी चोरी | नेपाल सरकार वि. जीवन आलेमगर | |
| ६. | खुन डाँका | पूर्णकुमार मगरसमेत वि. नेपाल सरकार | |
| ७. | जबरजस्ती करणी | नेपाल सरकार वि. राम सागर कुर्मी | |
| ८. | कर्तव्य ज्यान | पल्लु सिंहसमेत वि. नेपाल सरकार | |
| ९. | लागु औषध (डाइजेपाम समेत) | नेपाल सरकार वि. युवराज भन्ने प्रेमनाथ न्यौपानेसमेत | |
| १०. | रजिस्ट्रेसन लिखत बदर | लक्ष्मी नारायण चौधरी वि. जगदीशप्रसाद साह | |
| इजलास नं. १ | | | १२ - १४ |
| ११. | खोटा चलन | नेपाल सरकार वि. थापाजी भन्ने लाल महमदसमेत | |
| १२. | फैसला बदर गरी सार्वजनिक गराई पाउँ | छेदी लोहार वि. अजयकुमार सिंहसमेत | |
| १३. | उत्प्रेषण | तिलबहादुर कुँवर वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत | |
| १४. | उत्प्रेषण / परमादेश | सजनरत्न बज्राचार्य वि. मालपोत कार्यालय, डिल्लीबजार, काठमाडौंसमेत | |
| इजलास नं. २ | | | १४ - १६ |
| १५. | वैदेशिक रोजगार कसुर | अमर भन्ने अमरकुमार खवास वि. नेपाल सरकार | |
| १६. | जबरजस्ती करणी | नेपाल सरकार वि. सन्तोष भन्ने डगेन्द्र राई | |
| इजलास नं. ३ | | | १६ - २१ |
| १७. | उत्प्रेषण / परमादेश | अधिवक्ता तोयानाथ ढुङ्गाना वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार काठमाडौंसमेत | |
| १८. | कर्तव्य ज्यान | नेपाल सरकार वि. जसबहादुर श्रेङ (लिम्बू) समेत | |
| १९. | निषेधाज्ञा | लुखिया देवी मियाइनीसमेत वि. मो. कमरूदिन | |
| २०. | जबरजस्ती करणी | सुनिल वि.क. वि. नेपाल सरकार | |
| २१. | कर्तव्य ज्यान | नेपाल सरकार वि. शिवराम रिमाल | |

| | | |
|---|---|---|
| २२. | उत्प्रेषण / परमादेश | जानकी थरूनीसमेत वि. उच्च अदालत, जनकपुर, अस्थायी इजलास वीरगञ्जसमेत |
| **इजलास नं. ४** | | **२१ - २५** |
| २३. | लागु औषध खैरो हेरोइन | मनोज परियार वि. नेपाल सरकार |
| २४. | जबरजस्ती करणी | प्रेमबहादुर पुन वि. नेपाल सरकार |
| २५. | उत्प्रेषण / परमादेश | हरिराम धवल वि. प्रहरी प्रधान कार्यालय, नक्साल काठमाडौंसमेत |
| **इजलास नं. ५** | | **२५ - २८** |
| २६. | निषेधाज्ञा | सराजुल मियाँ मंसुरी वि. इन्द्रनिल गुप्ता |
| २७. | लुटपिट | अमितकुमार बाजला वि. सराजुलमिया मंसुरी |
| २८. | उत्प्रेषण / परमादेश | सुरेन्द्र सिग्देलसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत |
| २९. | उत्प्रेषण / परमादेश | उत्तम महर्जन वि. श्रम अदालत, अनामनगर, काठमाडौंसमेत |
| ३०. | दूषित बेपत्ते नामसारी लिखत बदर दा.खा. बदर, दर्ता बदर | तुलसीमाया भुजेल वि. डिकबहादु भुजेल |
| **इजलास नं. ६** | | **२८ - ३१** |
| ३१. | उत्प्रेषण | शान्तकुमार तुलाधर वि. निजामती किताबखाना, हरिहरभवन पुल्चोक, ललितपुरसमेत |
| ३२. | निषेधाज्ञा | प्रकाश शाही वि. विवेक श्रेष्ठसमेत |
| ३३. | मानव बेचबिखन तथा ओसारपसार | नेपाल सरकार वि. सुनिता भन्ने दुर्गादेवी रेग्मीसमेत |
| **इजलास नं. ७** | | **३१ - ३७** |
| ३४. | कर्तव्य ज्यान | हरिबहादुर भन्ने चुनबहादुर सार्की वि. नेपाल सरकार |
| ३५. | लेनदेन | पुनदेव साह कलवार वि. शिवजी साह कलवार |
| ३६. | घर भत्काई पाऊँ | भरतबहादुर थापा क्षेत्री वि. सुजेन्द्रप्रसाद श्रेष्ठ |
| ३७. | लेनदेन | नकछेदी दास तत्मा वि. बिक्रू साह तेली |
| ३८. | फैसला बदर धर्मलोप | जयचन्द्र दास वैष्णव वि. हरिदेवप्रसाद यादव |
| ३९. | ठगी | नेपाल सरकार वि. गोविन्द महर्जनसमेत |
| ४०. | उत्प्रेषण | बद्रीजङ्ग गुरूङसमेत वि. नेपाल बैंक लिमिटेड, काठमाडौं बैंकिङ कार्यालय, न्यूरोड काठमाडौंसमेत |
| ४१. | बढी भन्सार महसुल माग | नेपाल सरकार, वीरगञ्ज भन्सार कार्यालय वि. नवकार इन्टरनेसनल |
| ४२. | बिनाइजाजत अवैध वन पैदावर ओसार पसार | रामनाथ प्रसाद सिंह वि. नेपाल सरकार |

| | | |
|---|---|---|
| **इजलास नं. ८** | | **३७ - ४०** |
| **४३.** | बकसपत्र बदर, दर्ता बदर, दर्ता कायम | दोर्जनारायण चौधरीसमेत वि. रेनु चौधरी श्रेष्ठ |
| **४४.** | अंश नामसारी | सन्तलाल बनियासमेत वि. बिन्दा बनियासमेत |
| **४५.** | अंश | सानी भण्डारी वि. गणेशबहादुर भण्डारी |
| **इजलास नं. ९** | | **४० - ४२** |
| | उत्प्रेषण / परमादेश | आसबहादुर राई वि. जया राई |
| **४६.** | नापी नक्सा बमोजिम क्षेत्रफल सच्याई पाऊँ | टिकालक्ष्मी बज्राचार्य वि. मालपोत कार्यालय, कलंकीसमेत |
| **इजलास नं. १०** | | **४२ - ४५** |
| **४७.** | कर्तव्य ज्यान | नेपाल सरकार वि. दलबहादुर साउदसमेत |
| **४८.** | उत्प्रेषण | मदनराज विष्टसमेत वि. जिल्ला वन कार्यालय, कञ्चनपुर |
| **४९.** | उत्प्रेषण | रनबहादुर थापा मगर वि. नरेन्द्रबहादुर अधिकारीसमेत |
| **५०.** | उत्प्रेषण | विराजबाबु मल्ल वि. ग्लोबल आईएमई बैंक लि., पानीपोखरी, काठमाडौंसमेत |
| **५१.** | उत्प्रेषण / परमादेश | शशिकला पाण्डे वि. अजिवन निसा मुसलमानसमेत |

| | | |
|---|---|---|
| **इजलास नं. ११** | | **४५ - ४९** |
| **५२.** | करार सर्त कबुल अनुसारको दायित्व पूरा गराई रकम दिलाई पाऊँ | राजेन्द्रकुमार द्विवेदीसमेत वि. जिल्ला विकास समितिको कार्यालय, रूपन्देही |
| **५३.** | कर्तव्य ज्यान | तिर्थमान जिम्बासमेत वि. नेपाल सरकार |
| **इजलास नं. १२** | | **४९ - ५३** |
| **५४.** | परमादेश | लक्ष्मी मघैया धोवी वि. सकुन्तला मघैयासमेत |
| **५५.** | निषेधाज्ञा | पुजन राईसमेत वि. नामसालिङ्ग सामुदायिक विकास केन्द्र, इलामसमेत |
| **५६.** | निषेधाज्ञा / परमादेश | नारायणप्रसाद भण्डारी वि. सीता श्रेष्ठ |
| **५७.** | भ्रष्टाचार | विन्दाप्रसाद साह वि. नेपाल सरकार |
| **५८.** | कर्तव्य ज्यान | वघेल सिंह ठाकुर वि. नेपाल सरकार |
| **इजलास नं. १३** | | **५३ - ५५** |
| **५९.** | उत्प्रेषण | वीरेन्द्रकुमार यादव वि. वन तथा भू-संरक्षण मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत |
| **६०.** | परमादेश | विमलादेवी दाहाल लुइटेलसमेत वि. समाज कल्याण परिषद्, के.का. लैनचौर, काठमाडौंसमेत |
| **६१.** | लागु औषध गाँजा | नेपाल सरकार वि. विष्णु तामाङ |

| | | | |
|---|---|---|---|
| **इजलास नं. १४** | | | **५५ - ५९** |
| **६२.** | उत्प्रेषण / परमादेश | झलकप्रसाद न्यौपाने वि. इलाका प्रहरी कार्यालय, बरेङडाडा, बागलुङसमेत | |
| **६३.** | उत्प्रेषण | प्रभुलाल चौधरी वि. पूर्वाञ्चल क्षेत्रीय सिंचाई निर्देशनालय, विराटनगरसमेत | |
| **६४.** | कर्तव्य ज्यान र जातीय विभेद | डिल्लीबहादुर खत्रीसमेत वि. नेपाल सरकार | |
| **इजलास नं. १५** | | | **५९ - ६१** |
| **६५.** | छुट जग्गा दर्ता | रत्नबज्र बज्राचार्यसमेत वि. रविरत्न बज्राचार्य | |
| **६६.** | अंश | पवि थापासमेत वि. तुलबहादुर थापा | |
| **६७.** | अबन्डा सम्पत्ति बन्डा गरिपाउँ | रामजस अहिर यादव वि. लक्ष्मीचन्द्र यादवसमेत | |

| | | | |
|---|---|---|---|
| **इजलास नं. १६** | | | **६१ - ६२** |
| **६८.** | कर्तव्य ज्यान | नेपाल सरकार वि. संजिवकुमार मण्डलसमेत | |
| **इजलास नं. १७** | | | **६२ - ६३** |
| **६९.** | उत्प्रेषण / परमादेश | मोहन महर्जन वि. श्रम अदालत, काठमाडौंसमेत | |
| **इजलास नं. १८** | | | **६३ - ६६** |
| **७०.** | लागु औषध खैरो हेरोइन | नेपाल सरकार वि. आशिष कोइराला | |
| **७१.** | कर्तव्य ज्यान | नेपाल सरकार वि. नवाफ सरिफसमेत | |
| **७२.** | जबरजस्ती करणी | नेपाल सरकार वि. दीर्घप्रसाद शेरचन | |
| **एकल इजलास** | | | **६६ - ६८** |
| **७३.** | उत्प्रेषण / परमादेश | जमुना पोखरेल वि. भोलानाथ अर्यालसमेत | |
| **७४.** | उत्प्रेषण / परमादेश | हेममणि सुवेदीसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | |

## बृहद पूर्ण इजलास

**मा.न्या.श्री दीपकराज जोशी, मा.न्या.श्री दीपककुमार कार्की, मा.न्या.श्री केदारप्रसाद चालिसे, मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या. श्री अनिलकुमार सिन्हा**, ०७४-WF-०००१, **बन्दीप्रत्यक्षीकरण,** चुडामणी शर्माको हकमा कल्पना उप्रेती शर्मा वि. *अख्तियार दुरूपयोग अनुसन्धान आयोग, काठमाडौंसमेत*

मूलतः अर्धन्यायिक निकायको मुख्य कार्य न्याय सम्पादन नभई प्रशासनिक कार्य नै हो । प्रशासनिक कार्यको अलावा यस्ता निकायले न्याय निरूपणसमेत गर्ने हुँदा अर्धन्यायिक निकाय भनिएको हो । कानूनद्वारा स्थापित त्यस्ता निकाय जसलाई सम्पूर्ण रूपमा न्यायिक अधिकार प्रदान नगरी विशेष प्रकृतिका विषयमा केही हदसम्म न्यायिक अधिकार प्रदान गरिएको छ भने त्यो अर्धन्यायिक निकाय हुने ।

न्यायिक निकाय र अर्धन्यायिक निकायको न्याय निरूपण गर्ने कार्यमा केही समानता भएको हुँदा नै यसलाई अर्धन्यायिक (Quasi-Judicial) भनिएको हो । अर्धन्यायिक निकायले पनि न्याय सम्पादन गर्दा न्यायका मान्य सिद्धान्त र कार्यविधि कानूनको पालना गर्नुपर्ने हुन्छ । खास गरी अर्धन्यायिक निर्णय सम्बन्धित विषयवस्तुमा विज्ञ प्रशासकीय अधिकारीबाट गरिने भएकाले विषयगत दक्षताको कारण त्यस्तो निर्णय वा कानूनी निकासलाई प्रभावकारी मानिने ।

कर फछ्र्यौट आयोग ऐनको दफा ६(४) ले कर निर्धारण र असुलीलाई फरकफरक कार्यको रूपमा हेरेको, आयोगले आफूले गर्नुपर्ने काम कारबाहीमध्ये कर निर्धारणलाई अर्धन्यायिक भएकोले सो अधिकार प्रत्यायोजन गर्न नमिल्ने र राजस्व फछ्र्यौटका विभिन्न चरणमा गर्नुपर्ने प्रशासकीय प्रकृतिका कारबाहीलगायत आयोगले फछ्र्यौट गर्न तोकिएको तरिका अपनाई निर्धारण गरेको रकम असुल गर्नेजस्ता प्रशासकीय कार्यलाई कुनै कर अधिकृतलाई सुम्पिन सक्ने भन्ने ऐनको मनसाय रहेको देखिने ।

केही निश्चित समयअघिसम्म विवादित रही वा अन्य कारणसमेतले असुल हुन नसकेको राजस्वलाई फछ्र्यौट गर्न विशेष व्यवस्थाअनुरूप ऐनको प्रयोजनको लागि दफा ६(४) अन्तर्गत आपसी कुराकानी (नेगोसिएसन) बाट कर निर्धारण गर्न वा कर अधिकृतको अर्धन्यायिक अधिकार प्रयोग गरी दफा ७(३) वा ८(२) बमोजिम पुनः कर निर्धारण गर्ने निर्णय गर्न पाउने अधिकार आयोगलाई रहेको र आयोगले गरेको त्यस्तो कर निर्धारणसम्बन्धी निर्णयउपर पुनरावेदन नलाग्ने व्यवस्था भए पनि दफा १२(२) ले अधिकार क्षेत्रको प्रयोग, कानूनको व्याख्या, बुझ्नु पर्ने प्रमाण नबुझेको वा बुझ्न नहुने प्रमाण बुझेको एवम् बाध्यात्मक रूपमा पालना गर्नुपर्ने कार्यविधिसम्बन्धी कानूनको उल्लङ्घन भएको प्रश्नमा सर्वोच्च अदालतले पुनरावेदन गर्न अनुमति दिएमा त्यस्तो कर निर्धारण गर्ने निर्णयउपर सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने व्यवस्था रहेको पाइने ।

सामान्य अवस्थामा राजस्व निर्धारणसम्बन्धी निर्णय गर्ने अधिकार आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क, भन्सार महसुलजस्ता सम्बन्धित ऐनहरूले सम्बन्धित अधिकृतहरूलाई दिए तापनि वार्ताबाट राजस्व निर्धारण गर्ने अधिकार तत्तत् ऐनहरूमा कसैलाई दिएको छैन । तर कर फछ्र्यौट आयोग ऐन, २०३४ मा भएको उपर्युक्त विशेष व्यवस्थाको अवलोकन गर्दा यो आयोग अस्थायी प्रकृतिको भएको र निश्चित अवधिअघिसम्म विवादित भई वा उल्लिखित अन्य कारणले असुल हुन नसकेको राजस्वको विषयमा आयोगलाई विशेष अधिकार दिई वार्ता प्रक्रिया (Negotiation) द्वारासमेत राजस्व विवादको समाधान वा असुली हुन नसकेको रकम सम्बन्धमा विधायिकाले करदातालाई सुविधा वा

राहत दिई विगतका अध्यायहरू बन्द गरी आगामी दिनहरूका लागि ध्यान केन्द्रित गराउने उद्देश्य रहेको देखिन्छ । यस्तो विवादको रकम वा सम्बन्धित ऐनको प्रक्रिया अपनाई असुल हुन नसकेको रकमका विषयमा समाधानको लागि आयोगले राजस्वसम्बन्धी प्रचलित कानून र राजस्वसम्बन्धी प्रशासकीय अधिकारीहरूको अधिकार प्रयोग गरी विवाद समाधानको वैकल्पिक उपाय अर्थात् आपसी कुराकानी (Negotiation) लाई समेत एउटा औजार (Tool) को रूपमा प्रयोग गर्नसक्ने बृहत् अधिकार दिएको देखिने ।

कानूनी व्यवस्था र नेपाल राजपत्रमा आयोग गठन एवम् आयोगलाई प्राप्त कार्यादेशको बेहोरा हेर्दा आ.व. २०६९।७० सम्मको विभिन्न कर, महसुल तथा राजस्वको बक्यौता सम्बन्धमा छानबिन गरी करदातासँग वार्तासमेत गरी विवादको टुङ्गो लगाई बक्यौता कर रकमको फछ्र्यौट गर्ने अख्तियारप्राप्त भएको देखिएकाले यो आयोगको कार्य मूलतः अर्धन्यायिक प्रकृतिको हो भन्ने पुष्टि हुन्छ, तथापि यस आयोगलाई सम्बन्धित पक्षसँग आपसी छलफल गर्ने कार्यविधि अपनाउँदा र कर असुलीको सम्बन्धमा प्रशासकीय अधिकारसमेत दिइएको देखिने ।

कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले कुनै काम गर्दा त्यस्तो कार्यको पछाडिको मनसाय तत्त्वले महत्त्वपूर्ण भूमिका खेल्दछ । ऐनले दिएको अधिकारको प्रयोग गर्दा खराब नियत प्रमाणित गर्न सकिन्छ वा त्यस्तो कार्यको पछाडि कुनै भ्रष्टाचारजन्य कार्य भएको प्रमाणबाट निर्विवादित रूपमा देखिन्छ र त्यस्तो कार्यमा अन्य व्यक्तिको पनि संलग्नता प्रमाणबाट खुल्न आउँछ भने त्यस्तो अवस्थामा पनि उपर्युक्त संरक्षण प्राप्त हुन्छ भन्न नमिल्ने ।

सम्बन्धित ऐनका व्यवस्थाहरूले प्रदान गरेको अधिकार प्रयोग गर्दा स्पष्ट रूपमा नियत वा मनसाय विचारणीय हुने हुँदा अनुसन्धानको क्रममा कुनैपनि सार्वजनिक पद धारण गरेको व्यक्तिले बदनियत राखी कुनै कार्य गरेको वा गर्न लागेको अवस्थामा उपर्युक्त ऐनका दफाहरूको संरक्षण पाउन सक्ने देखिँदैन । यस अवस्थामा कानूनप्रदत्त अधिकारको प्रयोग कसरी गरिएको छ, कानूनको मनसायलाई कार्यान्वयन गर्ने उद्देश्य राखिएको छ छैन, त्यस्तो कार्यबाट कसैलाई वा आफूलाई समेत गैरकानूनी फाइदा पुगेको वा त्यसो गर्ने उद्देश्य राखेको छ छैन आदि प्रश्नहरूको सूक्ष्म अध्ययन र गहनतम् अनुसन्धानको आवश्यकता हुने ।

कर फछ्र्यौट आयोग ऐन, २०३३ को उद्देश्य र मनसाय राजस्वसम्बन्धी विशेष ऐनको नियमित प्रक्रियाका आधारमा निर्णय गरी राजस्व उठाउने भन्ने नभई त्यस्ता ऐनअन्तर्गत पूर्वनिर्धारित राजस्वको अङ्क विभिन्न कारणवश निश्चित समयसम्म ती सम्बन्धित ऐनको प्रक्रिया अपनाई लामो समय नेपाल सरकारको राजस्व प्रशासनको अभिलेखमा रहेका तर विभिन्न कारणवश सङ्कलन गर्न गराउन वा असुलउपर गर्न नसकेको बक्यौताहरूलाई कर फछ्र्यौट आयोग ऐन, २०३३ को परिधिभित्र रही सम्पूर्ण बक्यौता असुलीको दृष्टिकोणले नभई राजस्वको नयाँ अङ्क कायम गरी एक निश्चित समयमा सदैवको लागि फछ्र्यौट गर्ने भन्ने रहेको छ । सो ऐनको मर्म र मनसायविपरीत उक्त आयोगका सदस्य वा आयोगको आदेश वा निर्देशनबमोजिम काम गर्ने व्यक्तिले गरेको कार्यमा बदनियत देखिन्छ वा त्यसबाट त्यस्ता राष्ट्रसेवकले गरेको कार्य प्रस्ट रूपमा भ्रष्टाचारको परिभाषाभित्र पर्दछ भने त्यस्तो अवस्थामा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले स्वतन्त्र एवम् वस्तुनिष्ठ तरिकाबाट अनुसन्धान गरी सङ्कलित प्रमाणको आधारमा भ्रष्टाचारजन्य कार्य गरेको पर्याप्त प्रमाण फेला परेमा मुद्दा चलाउन पाउँदैन भन्न मिल्ने नदेखिने ।

सार्वजनिक संस्थाको परिभाषाभित्र प्रचलित कानूनबमोजिम नेपाल सरकारद्वारा स्थापित आयोगसमेत पर्ने कानूनी व्यवस्था भएको सन्दर्भमा नेपाल सरकारको मिति २०७१।१०।२२ को

सूचनाबमोजिम गठन भएको कर फछ्र्यौट आयोग २०७१ समेत दफा २(घ) र (ङ) को परिभाषाभित्र पर्ने भई त्यसका पदाधिकारीहरू सार्वजनिक पद धारण गरेको व्यक्ति देखिएकोले त्यस्ता पदाधिकारीउपर भ्रष्टाचार गरी अख्तियार दुरूपयोग गरेको सम्बन्धमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले अनुसन्धान गरी भ्रष्टाचारको कानूनी परिभाषाभित्र पर्ने कुनै काम गरेको तथ्ययुक्त एवम् प्रर्याप्त प्रमाणबाट देखिएमा भ्रष्टाचार निवारण ऐन, २०५९ र अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ अन्तर्गत मुद्दा दायर गर्न पाउने नै देखिने।

कानूनमा उल्लिखित प्रत्येक शब्दको उद्देश्य र अर्थ हुन्छ। कर फछ्र्यौट आयोग ऐन, २०३३ को दफा १७ ले असल नियतले गरेको वा गर्न खोजिएको काम कारबाहीका निमित्त उक्त आयोग, सो आयोगका सदस्य तथा आयोगको आदेश वा निर्देशनबमोजिम काम गर्ने कुनै व्यक्तिको विरूद्ध कुनै मुद्दा वा कानूनी कारबाही चलाउन नपाउने गरी उक्त कानूनले नै आयोगका पदाधिकारीसमेतलाई विशेष उन्मुक्ति र संरक्षण प्रदान गर्नुको पनि उद्देश्य र अर्थ रहेको हुने।

लामो समयदेखि विवादित रही वा कर प्रशासनले उठाउन नसकेको कर महसुल ऐनको प्रावधानबमोजिम फछ्र्यौट गर्दा उक्त कानूनी व्यवस्थामा उल्लेख भएको "असल नियतले गरेको वा गर्न खोजिएको" काम कारबाही हो भन्ने विश्वास गर्नुपर्ने भएपनि यदाकदा असल नियत नहुन सक्ने सम्भावनालाई नकार्न सकिँदैन। साबिकमा निर्धारित भए पनि लामो अवधि राजस्व प्रशासनले असुल गर्न नसकेको कुनै कर महसुलमध्ये कुनै अंश छुट दिएकै कारण बदनियत नै चिताई गरेको हो भन्ने पूर्वाग्रह राख्नु पनि कानूनसङ्गत नहुने।

कर महसुल निर्धारण विवादित भई अदालत, वा न्यायाधिकरणमा विचाराधीन मुद्दाले अन्तिमता नपाएसम्म त्यस्तो कर महसुल असुलउपर गर्न कानूनी रूपमा नमिल्ने भएकोले त्यसलाई निर्विवादित "राजस्व" को संज्ञा दिनु न्यायसङ्गत हुँदैन। त्यस्तै लामो समयसम्म कर वा महसुल असुल गर्ने निकायले कुनै कारणवश कुनै कर वा महसुल रकम असुलउपर गर्न असमर्थ भई नेपाल सरकारले त्यस्तो रकम असुल गर्नेतर्फ थप स्रोत साधन खर्च नगरी विशेष उपाय अपनाई फछ्र्यौट गर्न यस्तो आयोग गठन गरेपछि र सो आयोगले फछ्र्यौट प्रक्रिया प्रारम्भ गरेपछि त्यस्तो बक्यौता रकमलाई पनि निर्विवादित "राजस्व" को रूपमा परिभाषित गर्न नमिल्ने।

न्यायिक प्रक्रियामा रहेको विवादित वा लामो समयसम्म असुलउपर हुन नसकी निष्क्रिय बसेका त्यस्ता कर महसुललाई विधायिकाद्वारा निर्मित विशेष कानूनको आधारमा अवस्था र परिस्थितिअनुसार कार्यादेश तोकी निश्चित अवधिभित्रै अन्तिमता प्रदान गर्न गठित विशेषाधिकारयुक्त त्यस्तो आयोगको सदस्यको हैसियतमा गरेको कार्यका सम्बन्धमा नेपालको संविधानको धारा २३९ बमोजिम भ्रष्टाचार मानिने कुनै काम गरेको देखिएमा अदालतमा विपक्षी आयोगले मुद्दा दायर गर्न सक्नेमा बाहेक कर फछ्र्यौट आयोग ऐन, २०३३ को दफा १७ बमोजिम असल नियतले गरेको वा गर्न खोजिएको काम कारबाहीको निमित्त आयोगका सदस्यउपर कुनै मुद्दा वा कानूनी कारबाही चलाउन नपाउने गरी संरक्षण प्रदान गरिएको अवस्थामा आयोगको सदस्यको हैसियतमा गरेको कार्य असल नियतले गरेको हो होइन ? निजले आफूलाई प्राप्त भएको कार्यादेश नाघी कानूनबमोजिम भ्रष्टाचार मानिने कुनै काम गरी अख्तियारको दुरूपयोग गरेको हो वा होइन ? भन्ने विवाद यस रिट निवेदनबाट हेरिने विषय नभएको र अख्तियार दुरूपयोग अनुसन्धान आयोगको लिखित जवाफबाट यस विषयमा विशेष अदालतमा मुद्दा दायर भइसकेको भन्ने खुल्न आएको हुँदा उक्त मुद्दामा पेस भएको प्रमाण तथा अनुसन्धानको निष्कर्षबाटै उक्त प्रश्नहरूको निरूपण हुनुपर्ने देखिने।

भ्रष्टाचारको आरोप पुष्टि गर्न तथ्ययुक्त प्रमाणको आवश्यकता रहेकोले त्यसका लागि आवश्यक प्रमाणको सङ्कलन गर्दा कानूनले तोकेको कार्यविधि अपनाउनु आवश्यक हुन्छ भने कानूनले निर्धारण गरेको प्रक्रिया अपनाई प्राप्त गरेको प्रमाण निष्पक्ष रूपमा विश्लेषण गर्नु अनुसन्धानकर्ताको कर्तव्य हुने।

कानूनले नै स्पष्ट रूपमा परिभाषा गरेको विषयमा थप व्याख्याको गुन्जाइस नहुने।

विशेष अवस्थामा करको अङ्कमा हेरफेर गरी कुनै विशेष अवधिको करको विवाद वा असुल हुन नसकेको राजस्वको विषय टुङ्गो लगाउन नेपाल सरकारले आफ्नो अधिकार कर फछ्र्यौट आयोग ऐन, २०३३ अन्तर्गत प्रत्यायोजन गरेको र यसरी पुराना विवाद र बक्यौताहरू फछ्र्यौट गर्दा आपसी छलफलबाट पनि करको अङ्क निर्धारण गर्नेसमेत अधिकार दिइएअनुरूप यसअघिका कर फछ्र्यौट आयोगहरूले पुराना विवाद र बक्यौताहरू नेगोसिएसनबाट फछ्र्यौट हुँदै आएको देखिने।

विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगको लिखित जवाफको प्रकरण ४(क) मा चुडामणि शर्माले आफूलगायतलाई फाइदा पुग्ने बदनियत चिताई सम्झौता गरी भ्रष्टाचार गरेको भन्ने र विशेष अदालतमा दायर भएको आरोपपत्रमा समेत निजले व्यक्तिगत लाभ हुने कार्य गरेको भन्ने उल्लेख गरे तापनि निजले आफ्नो कर्तव्य पालना गर्दा के कति व्यक्तिगत लाभ वा फाइदा लिएका हुन् भन्ने विषयमा धरौटी माग गर्दा केही उल्लेख नभएबाट धरौटीको अङ्क केवल विवादित एवम् नेपाल सरकारले आफैँले उठाउन नसकेको बक्यौता कर महसुलमा आधारित भएको देखिँदा त्यस्तो काल्पनिक रूपमा हिसाब गरिएको अस्वाभाविक रकम धरौटी वा जमानत मागको पछाडि निज चुडामणि शर्मालाई थुनामै राख्ने प्रवृत भावनाबाट प्रेरित रहेको थिएन भन्न नमिल्ने।

निवेदिकाका पति चुडामणि शर्मालाई अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा धरौटी राख्न नसकेको कारण थुनामा राखिएकोमा निजको थुनाको हालको वैधानिक अवस्था के छ भन्ने सम्बन्धमा हेर्दा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले आफ्नो तर्फबाट विशेष अदालतमा आरोपपत्र दायर गरिसकेको भन्ने मिसिल संलग्न प्रमाणबाट खुल्न आएकोबाट अब अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट मिति २०७४।३।१५ मा माग भएको धरौटीको प्रयोजन र औचित्य समाप्त भइसकेको अवस्था छ भने अख्तियार दुरूपयोग अनुसन्धान आयोगले अनुसन्धानको लागि माग गरेको धरौटी राख्न नसकेको कारण थुनामा राखिएकोमा विशेष अदालतमा मुद्दा दायर भए पनि यस अदालतको मिति २०७४।४।४ को आदेशबाट विशेष अदालतले आफ्नो कारबाही यथास्थितिमा राखेको अवस्था छ। यसरी आरोपपत्र दायर भएपनि हाल विशेष अदालत ऐन, २०५९ को दफा ७ अन्तर्गत कारबाही र आदेश हुन बाँकी नै रहेको र निज चुडामणि शर्मालाई यस अदालतको मिति २०७४।४।१७ को आदेशबाट यस अदालतको न्यायिक हिरासतमा राखिसकिएको अवस्था एकातिर छ भने अर्कोतर्फ निवेदिकाका पति बन्दी चुडामणि शर्मासँग मागेको धरौटीको अङ्क हेर्दा विवादित एवं राजस्व प्रशासनले आफैँ असुलउपर गर्न नसकेको अङ्कलाई आधार बनाएको देखिएबाट समेत प्रवृत्त भावनाले थुनामा राखेको देखिन आएकाले सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३६(ख) बमोजिम निज बन्दी चुडामणि शर्मालाई थुनामुक्त गर्नुपर्ने देखिने।

अतः माथि उल्लिखित आधार कारणसमेतबाट निज बन्दी चुडामणि शर्मालाई थुनामै राखिराख्नुपर्ने अवस्था नदेखिएकाले बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृत: विदुर काफ्ले

इति संवत् २०७४ साल साउन २७ गते रोज ६ शुभम्।

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री दीपकराज जोशी,** ०७०-WO-०१६४, उत्प्रेषण / परमादेश, *लिलाकान्त घिमिरे वि. शिक्षा मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत*

शिक्षा ऐन, २०२८ को दफा १६ट मा "नियमानुसार बिदा स्वीकृत गराई बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेको शिक्षकले अनुपस्थित अवधिको तलब भत्ता पाउने छैन र त्यस्तो अवधि निजको सेवामा गणना हुनेछैन" भन्ने व्यवस्था रहेको देखियो । शिक्षा ऐनमा भएको उक्त कानूनी व्यवस्था हेर्दा बिदा स्वीकृत नगराई विद्यालयमा अनुपस्थित रहेको शिक्षकले दफा १६छ बमोजिम अदालतको फैसलाअनुसार पुनरबहाली भएको अवस्थामा अनुपस्थित रहेको अवधिको तलब भत्ता नपाउने र त्यस्तो अवधि निजको सेवामा गणना हुन नसक्ने अवस्था देखियो । रिट निवेदकले आफू बिदा स्वीकृत गराई वा विद्यालयमा जानकारी दिई बिदा बसेको तथा अनुपस्थित रहेको भनी जिकिर लिन नसकेको र विद्यालय तथा सम्बन्धित निकायमा जानकारी गराएको भन्ने पुष्टि हुने कुनै प्रमाण पेस गर्न सकेकोसमेत नदेखिँदा निवेदकलाई अवकाशदेखि पुनरबहाली भएको अवधिसम्मको तलब भत्ता दिनु नपर्ने र सो अवधि निजको सेवा अवधिमा जोड्न नपर्ने गरी शिक्षा विभागको मिति २०६९।११।२२ को निर्णय सदर गर्ने गरी शिक्षा मन्त्रालयबाट मिति २०७०।४।७ मा भएको निर्णय कानूनसम्मत देखिएकाले निवेदन मागबमोजिम उत्प्रेषण तथा परमादेश जारी हुन सक्ने अवस्था नदेखिने।

अतः उल्लिखित आधार र कारणबाट निवेदकको पुनरबहाली हुने गरी पुनरावेदन अदालत, राजविराजबाट तथा यस अदालतबाट भएको फैसलामा अवकाश भएदेखि पुनर्बहाली हुँदासम्मको अवधिको तलब भत्ता दिनु भन्ने उल्लेख नभएको र शिक्षा ऐन, २०२८ को दफा १६ट मा समेत बिना सूचना अनुपस्थित रहेको शिक्षकले अनुपस्थित रहेको अवधिको तलब भत्ता नपाउने र सेवा अवधिसमेत नजोडिने भन्ने स्पष्ट कानूनी व्यवस्था रहेको देखिँदा निवेदकले अवकाश भएको अवधिको तलब भत्ता नपाउने र सेवा अवधिसमेत जोड्न नमिल्ने गरी शिक्षा विभागबाट मिति २०६९।११।२२ मा भएको निर्णय र सो निर्णयलाई सदर गर्ने गरी शिक्षा मन्त्रालयबाट मिति २०७०।४।७ मा भएको निर्णय कानूनसम्मत देखिएकाले निवेदन मागबमोजिम उत्प्रेषण तथा परमादेश जारी हुने अवस्थाको विद्यमानता देखिएन रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: दुर्गाप्रसाद खनाल

इति संवत् २०७३ साल चैत २९ गते रोज ३ शुभम्।

२

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७१-CR-०३६१, लागु औषध खैरो हेरोइन, *सुदामा राय यादव वि. नेपाल सरकार*

प्रतिवादीको अधिकारप्राप्त अधिकारीसमक्षको साबिती बयानलाई बरामदी मुचुल्का, प्रहरी सहायक निरीक्षक भरत सिंह अधिकारीको प्रतिवेदन र सो प्रतिवेदनको बेहोरा पुष्टि हुने गरी अदालतमा आई प्रतिवेदकले गरी दिएको बकपत्र, घटना विवरण कागज र लागु औषध खैरो हेरोइनको बरामदी परिमाण एवम् निज प्रतिवादी यस अदालतमा पुनरावेदन गर्दासमेत कसुरमा साबितै रही बढी कैद सजायको हकमा मात्र विचार होस् भनी पुनरावेदन गरेको अवस्थासमेतलाई आधार मान्दा उक्त लागु औषध खैरो हेरोइन यी प्रतिवादीले खरिद गरी बिक्री वितरण गर्ने प्रयोजनको लागि बोकी हिँडेकोले लागु औषध खरिद बिक्री ओसारपसारसमेतको कसुरजन्य कार्य यी प्रतिवादीले

गरेको भन्ने पुष्टि हुन आयो । यसर्थ सम्पूर्ण मिसिल संलग्न आधार प्रमाणहरूबाट यी प्रतिवादीको कार्य लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(च) को कसुर अपराध गरेको पुष्टि भएकोले उक्त कसुरमा निज प्रतिवादी सुदामा राय यादवलाई सोही ऐनको दफा १४(१)(छ)(२) बमोजिम १० वर्ष कैद र रू.७५,०००।- जरिवाना हुने ठहऱ्याएको सुरू बारा जिल्ला अदालतको फैसलालाई अन्यथा भन्न मिल्ने अवस्था देखिन नआउने।

अतः प्रतिवादी सुदामा राय यादवलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(च) अनुसारको कसुर गरेको पुष्टि हुन आएकोले ऐ.ऐनको दफा १४(१)(छ)(२) बमोजिम १० (दश) वर्ष कैद र रू.७५,०००।- (पचहत्तर हजार) जरिवानासमेत हुने ठहर गरी सुरू बारा जिल्ला अदालतबाट भएको फैसलालाई सदर गरी पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०७०।११।२७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः ठगिन्द्र कट्टेल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७३ साल भदौ २३ गते रोज ५ शुभम्।

३

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०७१-CR-०९८८, जबरजस्ती करणी, *नेपाल सरकार वि. जीवनप्रसाद दाहाल*

शारीरिक परीक्षणबाट पीडितको योनिको Vestibule मा रातोपना देखिएको, प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा आफ्नो लिङ्ग खेलाउन लगाई निजको योनिमा औँला घुसारेको कुरालाई स्वीकार गरेको, पीडितले अदालतमा गरेको बकपत्रमा लिङ्ग पसाएको भनी उल्लेख गरे पनि मौकाको कागजमा लिङ्ग खेलाउन लगाई औँलाले योनिमा घोचिदिएको बेहोरा लेखाएको र पीडितको कन्याजाली च्यातिएको तर आलो होइन भन्ने पीडितको स्वास्थ्य परीक्षणबाट देखिएको अवस्था एवम् प्रतिवादीको मौकाको बयान एवम् जाहेरी दर्खास्तसमेतबाट जबरजस्ती करणीको कसुर भई नसकेको र सोको उद्योगसम्म भएको भन्ने देखिएको स्थिति हुँदा प्रतिवादी पर्शुराम भन्ने जिवनप्रसाद दाहाललाई जबरजस्ती करणीको महलको ५ नं. बमोजिम ५ वर्ष कैदको सजाय गर्ने गरेको सुरू उदयपुर जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, राजविराजको मिति २०७०।९।२९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास सहायकः विदुर काफ्ले

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७३ साल कात्तिक २९ गते रोज २ शुभम्।

४

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०७१-RC-०१०१, कर्तव्य ज्यान र रहजनी चोरी, *नेपाल सरकार वि. जीवन आलेमगर*

प्रतिवादी जीवन आले मगरले अदालतसमक्ष समेत मृतक राजुलाई ढुङ्गाले टाउकोसमेतमा हान्दा मृतक भुइँमा लडेको र पुनः ३५ के.जी.को ढुङ्गाले लडेको मृतकउपर प्रहार गरेको भनी कसुरको सम्पूर्ण घटनाक्रम खुलाई साबिती बयान गरेको देखिन्छ। लास प्रकृति मुचुलका हेर्दा मृतक वर्ष २९ को राजु लिम्बूको नाकको दुवै प्वालबाट रगत निस्की जमेको, दुवै कानमा रगत जमेको, बायाँ आँखीभौंमुनी काटेकोजस्तो चोट देखिएको, दायाँपट्टि निधारको माथि टाउकोमा र दायाँ कान पछाडिसमेत चोट देखिएको उल्लेख भएको र शव परीक्षण प्रतिवेदनले Intracranial haemorrage due to trauma over head बाट मृतक राजुको मृत्यु भएको बेहोरा उल्लेख भएको देखिन्छ । यसरी प्रतिवादीको साबितीलाई लास प्रकृति मुचुल्का र शव परीक्षण प्रतिवेदनले समेत पुष्टि गरिरहेकोले यी प्रतिवादीको कर्तव्यबाटै मृतक राजु लिम्बूको मृत्यु

भएको पुष्टि हुन आएकोले यी प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(३) नं.बमोजिमको कसुरमा ऐ. १३(३) नं.बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गरेको र चोरीतर्फको अभियोग दाबी पुग्न नसक्ने ठहऱ्याएको सुरू धनकुटा जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, धनकुटाको फैसला मिलेकै देखिने।

अतः प्रतिवादी जीवन आले मगरलाई ज्यानसम्बन्धी महलको १३(३) नं.बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गरी चोरीतर्फ अभियोग दाबी पुग्न नसक्ने ठहऱ्याएको सुरू धनकुटा जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, धनकुटाको मिति २०७१।२।१८ को फैसला मिलेकै देखिँदा साधक सदर हुने।

अब प्रतिवादीलाई कानूनबमोजिम सजाय गर्दा चर्को पर्ने देखिँदा मुलुकी ऐन, अ.बं. १८८ नं.बमोजिम १५ वर्षमात्र कैद सजाय गर्न उपयुक्त हुने भनी सुरूले व्यक्त गरेको राय सदर गरेको सम्बन्धमा विचार गर्दा वारदातका बेला यी प्रतिवादीको १८ वर्ष र हाल २४ वर्ष रहेको, प्रतिवादीले मृतकलाई मार्नुपर्नेसम्मको पूर्वरिसइवी रहेको कहिँकतै नदेखिएको, मृतक र प्रतिवादी दुवैजनाले सँगै जाँडरक्सी खाएपछि भएको विवादमा मृतकले प्रतिवादीलाई छुरा देखाएको कारण प्रतिवादीले रिसको आवेगमा मृतकलाई ढुङ्गाले प्रहार गर्दा वारदात हुन गएको अवस्था प्रतिवादीले अनुसन्धानको क्रममा र अदालतमा समेत वारदातको सत्यतथ्य प्रस्तुत गरी अनुसन्धान र न्यायिक प्रक्रियामा सहयोग गरेको अवस्थासमेतका आधारमा प्रतिवादीलाई १५ वर्षमात्र कैद सजाय हुन सुरूले व्यक्त गरेको राय सदर गरेको पुनरावेदन अदालत, धनकुटाको रायसमेत सदर हुने।

इजलास अधिकृतः विदुर काफ्ले

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७३ साल कात्तिक २९ गते रोज २ शुभम्।

५

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०६८-CR-०४२४ र ०६८-RC-००९२, खुन डाँका, *पूर्णकुमार मगर वि. नेपाल सरकार र नेपाल सरकार वि. फूलकुमार शेर्पा*

वारदात मितिमा आफू पथरीकी विनीता राईसँग विवाह भई विराटनगर गई लेवरकाम गरी पौष २७ गते मात्र घरमा आएको हुँदा कसुरदार होइन भनी प्रतिवादी फूलकुमार शेर्पाले अदालतमा बयान गर्दा Alibi जिकिर लिएतर्फ हेर्दा कुनै व्यक्ति कुनै समयमा अन्यत्र थिए भन्ने कुराको तथ्ययुक्त तवरबाट पुष्टि गर्नुपर्नेमा यी प्रतिवादीले सो पुष्टि नगरी केवल अदालतको बयानमा लेखाएकै आधारमा Alibi को जिकिर पुष्टि हुन सक्दैन। अन्यत्र थिएँ भन्ने कुरा निजको अधिकारप्राप्त अधिकारीको बयान र सहप्रतिवादीको बयानसमेतबाट खण्डित भएको देखिने।

जंगलमा २ जनाको लास रहेको भन्ने कुरा संखुवासभातर्फबाट आउँदै गरेका राई केटाको सूचनाको आधारमा लास फेला पारी अनुसन्धान भएको देखिन्छ। घटना विवरण कागज गर्ने नरेन्द्रबहादुर बुढाथोकीले मृतकहरूको छेउमा एउटा लाठी पनि थियो। एउटा खुकुरी नाङ्गै थियो। लास देखाउनेसँग यी लास के कसरी पत्ता लाग्यो भनी सोध्दा मलाई फूलकुमार र लट्टे खनाल भन्नेले भान्से राखेका थिए खाना खान किन ढिलो आए भनी खोज्न जाँदा मैले चिनेकै नरेन्द्र पाण्डे र तेजबहादुर नेपालीलाई फूलकुमार र लट्टे खनाल भन्ने व्यक्तिलगायत अन्य ४ जनाले मारेर उँधो लाँदै गरेको देखेको हुँ भनी सो स्थानमा सबैको सामु भनेका हुन् हामीले सो सानो राई केटालाई लान्छौं भन्दा मंगलबारेका मानिसहरूले हामीसँग लान दिएनन् भनी उल्लेख गर्नुभएको बेहोरा र मौकामा कागज गर्ने गोविन्दबहादुर पाण्डेले पनि सोही बेहोराको बकपत्र गरी पूर्णकुमार मगर, घिसिङ तामाङ वि.क. र कटुवालको नाम उल्लेख गरेका र प्रतिवादीहरूको

बयान र बरामद भएको खुकुरीको प्रहारबाट चन्दा माग्दै गर्दा विवाद भई सोही खुकुरीले प्रहार गरी हत्या गरी माटो पत्करले पुरेको भनी यी प्रतिवादीहरूले गरेको बयानबाट बरामद लासको प्रकृति मिलेको अवस्था र अपराधको शृङ्खलालाई प्रतिवादीहरूको बयानबाट पुष्टि भइरहेको समेतका आधारबाट यी प्रतिवादीहरू निर्दोष रहेछन् भन्न मिल्ने नदेखिने।

प्रतिवादीसमेतको कर्तव्यबाट नरेन्द्रबहादुर पाण्डे र तेजबहादुर नेपालीको मृत्यु भएको मिसिल संलग्न प्रमाणबाट पुष्टि भएको देखिई यी प्रतिवादी पूर्णकुमार मगर र प्रतिवादी फूलकुमार शेर्पालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैद र ऐ. चोरीको महलको ६ नं. को कसुरमा ऐ १४(४) बमोजिम ६ वर्ष कैद र जनही रू.२,२५,०००।- जरिवाना भइ डाँका गरेको बिगो रू.१,५०,०००।- प्रतिवादीहरूबाट मृतकको हकवालालाई दामासाहीले भराई दिने ठहऱ्याई भएको फैसला मिलेकै देखिन आउने।

अत: अनुसन्धान अधिकारीसमक्ष कसुर स्वीकार गरी प्रतिवादीहरूले गरेको बयानलाई जाहेरवालासमेतले अदालतसमक्ष गरेको बकपत्रबाट पुष्टि भएको अवस्थामा यी प्रतिवादीहरू निर्दोष रहेछन् भन्न मिल्ने अवस्था देखिन नआएकोसमेतबाट प्रतिवादीलाई कसुरदार ठहर गरी पुनरावेदन अदालत, धनकुटाबाट मिति २०६८।१।१४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने। प्रतिवादी फूलकुमार शेर्पाको हकमा समेत माथि विवेचित आधार प्रमाणबाट इन्साफ जाँचको रोहमा फैसला मिलेकै देखिँदा साधक सदर हुने।

इजलास अधिकृत: ईश्वरीप्रसाद भण्डारी

इति संवत् २०७४ साल वैशाख १२ गते रोज ३ शुभम्।

६

**स.का.मु.प्र.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०७३-CR-०८५१, जबरजस्ती करणी, *नेपाल सरकार वि. राम सागर कुर्मी*

जबरजस्ती करणी भएको भए तत्कालै करणी भए गरेको कुनै लक्षण नपाइएको भनी चिकित्सकले राय दिनु पर्ने अवस्था देखिन आउँदैन। प्रतिवादी रामसागर कुर्मीको स्वास्थ्य परीक्षण प्रतिवेदन हेर्दा Opinion मा He has no sign & symptoms of recent sexual activity. So cannot be ascertained. He has signs of Physical injuries. भन्ने उल्लेख भएबाट निज प्रतिवादीले पीडित हेरवालीलाई जबरजस्ती करणी गरेकै हुन् भनी भन्न सकिने अवस्था पनि नदेखिने।

प्रतिवादी रामसागर कुर्मीको वारदात स्थलमा रहे भएकोसम्म साबित रही जबरजस्ती करणी गरेकोमा इन्कारी रही गरेको अदालतको बयान, पीडित जाहेरवाली चन्द्रौटा "घ" को करणी भए नभएको भन्न नसकिने भन्ने र संघर्षका चिह्नहरू, कुनै घाउचोट निलडाम नभएको तथा कन्या जाली पहिले नै च्यातिएको भन्नेसमेत बेहोराको स्वास्थ्य परीक्षण प्रतिवेदन, यौन सम्पर्क भएको भन्ने कुनै संकेत नपाइएको भन्नेसमेत बेहोराको प्रतिवादीको स्वास्थ्य परीक्षण प्रतिवेदन, पीडित जाहेरवालीका बुबा चन्द्रौटा "ई" को छोरी चन्द्रौटा "घ" ले प्रतिवादी रामशरण कुर्मीले मेरो बेइज्जत गऱ्यो भनी भनेकी हुन् भन्नेसमेतको बकपत्रसमेतका आधार प्रमाणबाट प्रतिवादी रामसागर कुर्मी वारदात स्थलमै रहेको र निजलाई वारदात स्थलबाटै प्रहरीले पक्राउ गरेकोमा प्रतिवादी अनुसन्धान अधिकारी र अदालतमा स्वीकार रहेको देखिन आएकाले प्रतिवादी रामसागर कुर्मीले पीडित जाहेरवाली चन्द्रौटा "घ" लाई जबरजस्ती करणी गरेको भन्ने माथि उल्लिखित शारीरिक परीक्षण प्रतिवेदनसमेतका आधार प्रमाणबाट पुष्टि नभएको हुँदा निज प्रतिवादी रामसागर कुर्मीले पीडित जाहेरवाली चन्द्रौटा "घ" लाई जबरजस्ती करणी गर्ने प्रयाससम्म गरेको तर करणी गर्न भने नभ्याएको सम्म देखिँदा

प्रतिवादीलाई जबरजस्ती करणीको ३(२) नं. बमोजिम सजाय गर्ने गरेको सुरू कपिलवस्तु जिल्ला अदालतको मिति २०७२।२।२० को फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी गर्दै प्रतिवादीलाई मुलुकी ऐन, जबरजस्ती करणीको ५ नं. बमोजिम ४ (चार) वर्ष कैद हुने ठहर्छ भनी गरेको पुनरावेदन अदालत, बुटवलको मिति २०७३।०१।२८ को फैसला मिलैकै देखिँदा सदर हुने।

इजलास अधिकृत : ईश्वरमणि ओझा

इति संवत् २०७४ साल चैत १५ गते रोज ५ शुभम्।

७

**स.का.मु.प्र.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०७३-CR-०८३२ र ०७३-CR-०८३३, ०७३-CR-०८३४, कर्तव्य ज्यान, *पल्लु सिंह वि. नेपाल सरकार, सिकन्दर खाँ वि. नेपाल सरकार* र *विशाल सिंह वि. नेपाल सरकार*

मिति २०६९।११।१० मा दलबहादुर थापा मगरलाई प्रतिवादीहरूले गोली प्रहार गरेकोमा उपचारको लागि लाँदालाँदै निजको मृत्यु भएको भन्ने जाहेरी दरखास्त परी सोही दिन राती प्रहरीले चेक जाँच गर्दा प्रतिवादी पल्लु सिंहको साथबाट कट्टुवा पेस्तोल र गोली खोका र मोटरसाइकलमा रहेका प्रतिवादी विशाल सिंहको साथबाट पेस्तोलको नोजलबाट बारूदको गन्ध आइरहेको 9 MM पेस्तोल र ६ राउण्ड गोलीसहित पक्राउ परेको भन्ने बरामदी मुचुल्का रहेको देखिन्छ भने सो बरामदी मुचुल्कालाई सनाखत गर्दै पुनरावेदक प्रतिवादीहरू प्रताप भन्ने पल्लु सिंह र विशाल सिंहले स्वीकारेका र प्रतिवादीहरू प्रताप भन्ने पल्लु सिंह र विशाल सिंहले अनुसन्धान अधिकारीसमक्ष कसुरमा साबिती रही बयान गरेकोसमेत देखिन आयो । मृतकको शव परीक्षण प्रतिवेदनमा मृत्युको कारण Severe Hemorrhage due to gunshot injury भनी उल्लेख भएको र मृतकको मृत्यु गोली लागेर भएको तथ्य स्थापित भइरहेको अवस्थामा पुनरावेदक प्रतिवादीहरू प्रताप भन्ने पल्लु सिंह र विशाल सिंहले बरामद भएको पेस्तोल हाम्रो होइन वा हामीबाट बरामद भएको होइन भनी खुलाउन नसक्नुबाट कसुर गरेको होइन भन्न सकिने अवस्था नरहने।

अधिकारप्राप्त अधिकारीसमक्ष मौकामा पक्राउ परेका पुनरावेदक प्रतिवादीहरू आरोपित कसुरमा साबित भएका छन् । सो साबितीलाई घटनास्थल प्रकृति मुचुल्का, बरामद पेस्तोल, घटना प्रकृति मुचुल्का, पोस्टमार्टम रिपोर्ट र मौकामा बुझिएका व्यक्ति र प्रतिवेदकको बकपत्रले समर्थित गरिरहेको देखिन्छ । प्रस्तुत मुद्दाको वारदातको पद्धति, वारदातमा प्रयोग भएको घातक हतियार र घटनाको परिणाम हेर्दा तराई जनतान्त्रिक पार्टी मधेसले उद्योग वाणिज्य संघको निर्वाचन विथोल्ने र आतंक सिर्जना गर्न गराउनको लागि योजनाबद्ध तरिकाले गरिएको यो वारदात संगठित अपराध होइन भन्न नसकिने।

अत: उल्लिखित आधार र प्रमाणबाट पुनरावेदक प्रतिवादीमध्येका सिकन्दर खाँले कुनै व्यक्तिलाई हत्या गरी आउनको लागि रूपैयाँसमेत दिई पठाएको देखिएको अवस्थामा ज्यानसम्बन्धी महलको १३ को देहाय ४ नं. अनुसार जन्मकैदको सजाय गर्नुपर्नेमा सोही महलको १३ को देहाय ३ नं. अनुसार सर्वस्वसहित जन्मकैदको सजाय गर्ने गरी र अर्का पुनरावेदक प्रतिवादी विशाल सिंहलाई समेत सोही महलको १३ नं. को देहाय ३ नं. अनुसार जन्मकैदको सजाय गर्नुपर्नेमा सोही महलअनुसार सर्वश्वसहित जन्मकैदको सजाय गर्ने गरी भएको सुरू बाँके जिल्ला अदालतको फैसला केही नमिलेको हुँदा नमिलेको हदसम्म केही उल्टी भई पुनरावेदक प्रतिवादीमध्येका विशाल सिंह र सिकन्दर खाँलाई ज्यानसम्बन्धी महलको १ नं.को कसुरमा सोही महलको १३ नं. को देहाय ३ र ४ नं. अनुसार जन्मकैदको सजाय हुने र अर्का पुनरावेदक प्रतिवादी प्रताप भन्ने पल्लु सिंहको हकमा उक्त सुरू इन्साफ मिलेकै देखिँदा सदर हुने

ठहर्छ भनी गरेको पुनरावेदन अदालत, नेपालगञ्जको मिति २०७३।२।२४ गतेको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : ईश्वरमणि ओझा

इति संवत् २०७४ साल चैत १५ गते रोज ५ शुभम्।

८

**स.का.मु.प्र.न्या.श्री दीपकराज जोशी र मा.न्या. श्री हरिकृष्ण कार्की,** ०७२-CR-१९५९ र ०७३-CR-०००३, लागु औषध (डाइजेपामसमेत), *नेपाल सरकार वि. युवराज भन्ने प्रेमनाथ न्यौपानेसमेत र युवराज भन्ने प्रेमनाथ न्यौपाने वि. नेपाल सरकार*

प्रतिवेदक, प्रतिवादीका साक्षीहरू, बुझिएका मानिसहरूको बकपत्रलगायत मिसिल संलग्न प्रमाण कागजबाट प्रतिवादी राजकुमार सर्राफ नै लागु औषधको मूल स्रोत भएको र निजले नै बरामद भएको लागु औषध कारोबारको लागि लिई आएको भन्ने निजको मौका र अदालतको बयानबाट देखिएको छ। निजले नै भारतबाट १४२/१४२/१४२ एम्पुलका दरले लागु औषध लिई आएको स्थापित भएको, यी प्रतिवादीसमेत भएको ०७२-CS-०३१७ को लागु औषध मुद्दामा यी प्रतिवादीले नै एकैपटक लिई आएको लागु औषध बरामद भएको देखिएबाट र यी प्रतिवादीले लिई आएको उक्त लागु औषधमध्ये प्रस्तुत मुद्दाको रोहबाट बरामद भएको लागु औषधसमेत पटकपटक लिई आएको भन्ने देखिन आएन। निजले लिई आएको १४२/१४२/१४२ एम्पुल सञ्चय गरी सोमध्येबाट ५१/५१/५१ एम्पुल लिई कारोबार गर्न गएको अवस्थामा यी प्रतिवादी पक्राउमा परेको भन्नेमा विवाद भएन यी प्रतिवादीले पटक पटक गरी लागु औषध लिई आएको भन्ने तथ्य स्थापित नभई एकैपटक लिई आएको देखिने।

सहप्रतिवादी विवेक लामाले अदालतमा समेत बयान गर्दा यी प्रतिवादी प्रेमनाथ न्यौपानेले नै राजकुमार सर्राफसमेतलाई कोठा लिई दिएको, राजकुमार सर्राफ पक्राउ परेपछि निजहरूले लिएको कोठामा रहेको झोला लिएर आउ भनी यिनै प्रतिवादीले फोन गरी बोलाएबाट सो झोला निजलाई दिई फर्की आउने क्रममा पक्राउ गरेको भनी उल्लेख गरेको देखिन्छ। प्रतिवादी राजकुमार सर्राफले मौकाको बयानमा यी प्रतिवादीलाई पोल गरी बिक्री कार्यमा संलग्न भएको भनी उल्लेख गरेको देखिन्छ। यसरी हेर्दा यी प्रतिवादी युवराज भन्ने प्रेमनाथ न्यौपाने स्वयम्ले अदालतको बयानमा समेत आफू लागु औषध सेवनकर्ता रहेको भनी स्वीकार गरेको देखिएको र यी प्रतिवादीले मौकाको बयानलाई इन्कार गरी अदालतमा बयान गरेको देखिए पनि निजको मौकाको बयान प्रमाण ऐन, २०३१ को दफा ९(१)(२) विपरीतको भन्ने जिकिर प्रमाणको रोहबाट पुष्टि गर्न नसकेको र सो बयान प्रतिवेदकसेमतको बकपत्र र बरामदी बेहोरासमेतबाट समर्थित भइरहेको देखिने।

प्रतिवादी विवेक लामा पल्पसा होटलको सञ्चालक भएको र सहप्रतिवादी रहेका राजकुमार सर्राफ लागु औषध लिई निजको होटलमा कोठा लिई बसेकोमा विवाद भएन। यी प्रतिवादीले मौकाको बयानमा आफूले बोकेको झोलामा लागु औषध रहेको जानकारी भएको भनी उल्लेख गरेको देखिन्छ। लागु औषध भनी थाहा पाउने यी प्रतिवादीले निज लागु औषधको कारोबारलगायतमा संलग्न नभएको भए सो बारेमा तत्कालै कानून कार्यान्वयन गर्ने अधिकारीलाई सूचित गरेको देखिँदैन भने सो लागु औषधसँग सम्बन्धित अभियुक्तहरूको बारेमा पनि सूचना दिएको देखिँदैन। लागु औषध मुद्दामा अपराधको Corpus delicti नै Narcotic Drugs भएकोमा सो Drugs निजबाट बरामद भएबाट सो सम्बन्धमा आफ्नो अदालतको इन्कारी बयान पुष्टि गर्ने दायित्व लागु औषध ऐन, २०३३ को दफा १२ बमोजिम भार प्रतिवादीको भएकोमा सो पुष्टि हुन सकेको देखिँदैन। व्यापार व्यवसाय गर्न होटल चलाउनु नितान्त व्यावसायिक विषय भए पनि सो गर्नेले कसुर

नगर्ने भन्ने हुँदैन भने कसुर गर्नेसँग सहकार्य नगर्ने भन्ने हुँदैन । सहप्रतिवादी युवराज भन्ने प्रेमनाथ न्यौपानेको मौकाको बयानसमेतको रोहबाट समेत हेर्दा यी प्रतिवादी कसुर गर्न संलग्न नभएको भनी भन्न सक्ने अवस्था रहेको देखिन नआउने ।

उल्लिखित आधार र प्रमाणबाट सुरू मकवानपुर जिल्ला अदालतबाट मिति २०७२।०२।०५ मा प्रतिवादीहरू विवेक लामा र राजकुमार सर्राफलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ (संशोधनसहित) को दफा १४(१)झ बमोजिम जनही ४ वर्ष कैद र रू.२,००,०००।- (दुई लाख रूपैयाँ मात्र) जरिवाना हुने ठहऱ्याएको फैसला मिलेकै देखिएको र प्रतिवादी युवराज भन्ने प्रेमनाथ न्यौपानेको हकमा लागु औषध (नियन्त्रण) ऐन, २०३३ (संशोधनसहित) को दफा १६ बमोजिम थप ६(छ) महिना कैद सजाय हुने ठहऱ्याएको हदसम्म सुरूको फैसला मिलेको नदेखिँदा निजको हकमा मात्र केही उल्टी भई निज युवराज भन्ने प्रेमनाथ न्यौपानेलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)झ बमोजिम ४(चार) वर्ष कैद र रू.२,००,०००।- (दुई लाख रूपैयाँ मात्र) जरिवाना र खैरो हेरोइनतर्फ ऐ. ऐनको दफा १४(१)ङ बमोजिम १ (एक) वर्ष कैद सजाय हुने ठहर्छ भनी गरेको पुनरावेदन अदालत, हेटौडाको मिति २०७२।१०।५ गतेको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : इश्वरमणि ओझा

इति संवत् २०७४ साल चैत १५ गते रोज ५ शुभम् ।

९

**स.का.मु.प्र.न्या.श्री दीपकराज जोशी र मा.न्या. डा.श्री आनन्दमोहन भट्टराई,** ०६८-CI-००६१, रजिस्ट्रेसन लिखत बदर, *लक्ष्मी नारायण चौधरी वि. जगदीशप्रसाद साह*

कुनै पनि मुद्दामा जग्गा रोक्का राख्ने कार्य वादीको माग दाबीबमोजिम हुने प्रचलन रहे मुताबिक वादी जितनीदेवी साह प्रतिवादी बच्चु चौधरी भएको फैसला बदर दर्ता बदर दर्ता मुद्दामा पनि वादी जितनीदेवी साहुको माग दाबीबमोजिम रोक्का भएको मान्नु पर्ने देखिन आयो । जग्गा रोक्का बच्चालाल भन्ने बच्चु चौधरीको मागबमोजिम भएको थियो भन्ने वादी पक्षको भनाइ छैन । त्यसैगरी जग्गा फिरादीका पिता बच्चालाल भन्ने बच्चु चौधरीले हक हस्तान्तरण गरेको देखिँदा त्यसको फाइदा निजकै छोरा यी फिरादीले पाउनु पर्छ भन्न नमिल्ने ।

प्रतिवादी जगदीशप्रसाद साहले २०५८ सालमै यी पुनरावेदक वादीका बाबु बच्चु चौधरीबाट खरिद गरिसकेको भन्नेमा विवाद भएन । सो जग्गा प्रतिवादी जगदीशप्रसाद साहले उक्त जग्गा २०४३ सालदेखि भोग गरेको र उक्त जग्गामा २०४५ सालमा नै यी प्रतिवादी घर बनाएको कुरा यिनै पुनरावेदकसमेत वादी भएको घर उठाई पाउँ र जालसाज मुद्दामा समेत स्वीकार गरेबाट जग्गा मिच्नेको १८ नं. को हदम्यादभित्र फिराद परेको अवस्थासमेत देखिन आएन । र.नं. १००६ र १००३ को पारित रजिस्ट्रेसन लिखतमा बच्चु चौधरीका अंशियार भाइबुहारी सुशीलादेवी चौधरीसमेतलाई साक्षी राखेको देखिन्छ भने यी पुनरावेदक वादीले आफ्ना स्व. बाबु बच्चु चौधरीको हकसम्म खाने बच्चु चौधरीका अन्य अंशियारहरू लिखतमा साक्षी नै बसेको देखिँदा पारित रजिस्ट्रेसन लिखतलाई अन्यथा मान्न नमिल्ने ।

वादी लक्ष्मी नारायण चौधरीले स्व. पिता बच्चालाल भन्ने बच्चु चौधरीको हकसम्म खाने बच्चालालले नै भाइ बुहारीलाई समेत राखी जग्गा बिक्री गरेको हुँदा सुरू जिल्ला अदालतको फैसला उल्टी भई रजिस्ट्रेसन लिखत बदरतर्फको वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको पुनरावेदन अदालत, राजविराजको मिति २०६७।११।१६ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: इश्वरमणि ओझा

इति संवत् २०७४ साल चैत १४ गते रोज ४ शुभम् ।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार भएका छन् :

- ०६८-CI-००६०, घर उठाई पाऊँ, *फगुनी चौधरीसमेत वि. जगदीशप्रसाद साह*
- ०६८-CI-००६२, रजिस्ट्रेसन लिखत बदर, *लक्ष्मी नारायण चौधरी वि. चन्द्रमा मल्लिक*
- ०६८-CI-००६३, ०६८-CI-०३२१, दोहोरो लिखत बदर, *फगुनी चौधरी वि. जगदीशप्रसाद साह, सकिना खातुन वि. जगदीशप्रसाद साह*
- ०६८-CR-०३१० र ०६८-CR-०४४९, दोहोरो लिखत बदर, *सकिना खातुन वि. जगदीशप्रसाद साह र फगुनी चौधरीसमेत वि. जगदीशप्रसाद साह*
- ०६८-CR-०३२२, जग्गा खिचोला (ट्वाइलेट हटाई चलन), *सकिना खातुन वि. जगदीशप्रसाद साह*

## इजलास नं. १

१

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री दीपकराज जोशी,** ०६७-CR-१०९२, ०६७-CR-१२१९, खोटा चलन, *नेपाल सरकार वि. थापाजी भन्ने लाल महमद, विजयकुमार श्रीवास्तव वि. नेपाल सरकार*

न्याय प्रशासन ऐन, २०४८ को दफा ९ को उपदफा १ को खण्ड (क) अनुसार पुनरावेदन अदालतले सुरू क्षेत्राधिकारअन्तर्गत फैसला गरेको अवस्थामा यस अदालतमा स्वतः एक तह पुनरावेदन लाग्न सक्ने देखिन्छ । सोबाहेक खण्ड (ख) र (ग) को अवस्था विद्यमान नभएमा पुनरावेदन अदालतको फैसलाउपर यस अदालतमा पुनरावेदन लाग्न सक्ने देखिँदैन । खण्ड (ख) र (ग) ले यस अदालतमा पुनरावेदन गर्न पाउने सर्त र सीमा तोकेको देखिन्छ । कानूनमा उल्लिखित सीमा र सर्त वादी मुद्दाका पक्षहरूले पालना गर्नुपर्ने हुन्छ । पुनरावेदन अदालतले खण्ड (ख) बमोजिम १० वर्ष वा सोभन्दा बढी सजाय गरेको मुद्दा र खण्ड (ग) को अवस्थाको विद्यमान नभएको अवस्थामा यस अदालतमा पुनरावेदन लाग्न सक्ने गरी कानूनी व्यवस्था गरेको कुरामा मुद्दाका पक्ष वादी र पुनरावेदक विजयकुमार श्रीवास्तवले ध्यान दिएको देखिएन । खण्ड (ख) बमोजिम पुनरावेदन अदालतले १० वर्ष वा सोभन्दा बढी कैद सजाय र खण्ड (ग) बमोजिम जिल्ला अदालतसमेतको फैसला पुनरावेदन अदालतबाट केही वा पूरै उल्टी नभएको मुद्दामा यस अदालतमा ऐ. दफा १२ बमोजिम मुद्दा दोहोऱ्याई हेरी पाउन निवेदन दिई निस्सा प्रदान भएको अवस्थामा बाहेक पुनरावेदनको रोहबाट दोस्रो तहको पुनरावेदन लिएर यस अदालतमा प्रवेश गर्न मिल्ने देखिँदैन । विधिकर्ताले जुन कानूनको आधारमा पुनरावेदन लाग्ने वा नलाग्ने भनी व्यवस्था गरेको छ । त्यसलाई अन्यथा रूपान्तरण गर्न कानूनसङ्गत नहुने ।

प्रतिवादीहरूलाई न्याय प्रशासन ऐन, २०४८ को दफा ९ को खण्ड (ख) बमोजिम १० वर्ष वा सोभन्दा बढी कैद सजाय भएको र जिल्ला अदालतको फैसला केही वा पूरै उल्टी भई खण्ड (ग) को अवस्था देखिँदैन । यस अवस्थामा वादी नेपाल सरकार र पुनरावेदक प्रतिवादी विजयकुमार श्रीवास्तवले ऐ. दफा १२ को उपचार माग नगरी दफा ९ को उपचार माग गरेको देखिँदा तथ्यमा प्रवेश गरी न्याय निरूपण गर्न मिलेन । तसर्थ वादी नेपाल सरकार र प्रतिवादी विजयकुमार श्रीवास्तवको तर्फबाट यस अदालतमा पेस भएको उल्लिखित दुवै पुनरावेदन खारेज हुने ।

इजलास अधिकृतः भीमबहादुर निरौला

इति संवत् २०७४ साल जेठ १० गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६९-CI-०५९२, फैसला बदर गरी

सार्वजनिक गराई पाउँ, *छेदी लोहार वि. अजयकुमार सिंहसमेत*

मिति २०६८।११।७ मा भएको नक्सा मुचुल्कामा न.नं.१३ प्रतिवादी छेदी लोहारको पक्की घर, न.नं.११ निजकै फुसको घर र न.नं.१० निजकै सहन जग्गा भन्ने देखिएको छ । सोही नक्सामा उल्लिखित न.नं.१२ लाई प्रतिवादी छेदी लोहारले आफ्नो निकास बाटो भनेकोमा सोको लम्बाई चौडाईको प्रकृतिबाट समेत निकास बाटो प्रकृतिको देखिएकोमा सो निकासले एकातर्फ न.नं. ७,८ र अर्कोतर्फ न.नं. १० लाई छुट्याएको देखिएको छ । न.नं.१२ ले प्रतिवादी छेदीको न.नं. १० लाई छुट्टाएपछि न.नं. ७,८ शिव मन्दिरतर्फको देखिएको छ । साथै प्रतिवादी छेदीले उक्त न.नं.७ र ८ को जग्गा आफ्नो हो भन्ने कुराको साबिक स्रोतको कुनै आधार प्रमाण पेस गर्न सकेको पाइँदैन । उक्त जग्गा निज प्रतिवादी छेदी लोहारको भोगमा रहेको तथ्ययुक्त आधारसमेत प्रस्तुत गर्न सकेको नपाइने ।

प्रतिवादीले साबिक स्रोत दर्ता तिरोको कुनै प्रमाण पेस गर्न नसकेको र सार्वजनिक शिव मन्दिर, इनारसँगै जोडिएको जग्गाको अवस्थितिस्वरूप र प्रकृतिबाट सार्वजनिक मन्दिरको रहेको आधार पुष्टि भइरहेकोले सो जग्गा मन्दिरको भई सार्वजनिक कायम हुने देखिएकोले पुनरावेदन अदालत, बुटवलको आदेशानुसार मिति २०६८।११।७ मा भएको नक्सा मुचुल्काको न.नं.४, ५, ६, ७, ७$_{।१}$, ७$_{।२}$ र न.नं.८ समेतका जग्गा र सोमा रहेको मन्दिर र इनारसमेत सार्वजनिक कायम हुने ठहर्‍याई सो सार्वजनिक कायम हुने ठहर भएको हदसम्म २०६४ सालको दे.नं.४४१ वादी छेदी लोहार प्रतिवादी गैसराम लोहारसमेत भएको खिचोला मेटाई चलन चलाई पाउँ भन्ने मुद्दामा मिति २०६५।१०।२७ मा कपिलवस्तु जिल्ला अदालतबाट भएको फैसला बदर हुने ठहर्‍याएको पुनरावेदन अदालत, बुटवलको मिति २०६८।१२।२७ को फैसला मिलेकै देखिन आउने ।

तसर्थ विवेचित आधार प्रमाणसमेतबाट दाबीको न.नं. ७ र ८ को जग्गा वादी दाबीबमोजिम सार्वजनिक मन्दिरको ठहर गर्नुपर्नेमा वादी दाबी नपुग्ने ठहर्‍याएको सुरू कपिलवस्तु जिल्ला अदालतको मिति २०६७।११।८ को फैसला बदर उल्टी गरी वादी दाबीबमोजिम कपिलवस्तु जिल्ला अदालतबाट मिति २०६५।१०।२७ मा भएको फैसला बदर हुने ठहर्‍याई न.नं.७ र ८ को जग्गा सार्वजनिक शिव मन्दिरको हुने ठहर्‍याएको पुनरावेदन अदालत, बुटवलको मिति २०६८।१२।२७ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७३ साल फागुन १ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०६५-WO-०९४९, उत्प्रेषण, *तिलबहादुर कुँवर वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत*

निवेदकको छोरा आशुतोष कुँवर आफूखुसी कार्यालयमा गैरहाजिर रहेपश्चात् निजलाई प्रहरी नियमावली, २०४९ को नियम ८८ को देहाय (ङ) र (झ) को कसुरमा ऐ. नियमावलीको नियम ८४(छ) बमोजिम भविष्यमा सरकारी नोकरीको लागि अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने भनी प्रहरी महानिरीक्षक प्रहरी प्रधान कार्यालयबाट मिति २०६२।१०।१३ मा निर्णय भएकोमा सो निर्णय यथावत् कायम रहेको अवस्थामा बेपत्ताको यथार्थ पत्ता लगाउने सम्बन्धको मूल दाबीबाहेकका निवेदनमा उल्लिखित अन्य दाबीको सम्बन्धको हकाधिकार तथा सुविधा पाउनेतर्फको कानूनी आधारसमेत निवेदनमा खुलेको देखिँदैन । साथै बेपत्ताको सम्बन्धमा समेत बेपत्ता पारेको हो वा सशस्त्र द्वन्द्वमा बेपत्ता भएको हो वा सरकारी रकम हिनामिना गरी आफैँले फरार रहेको

हो भन्नेसमेतका सन्दर्भमा निवेदकको निवेदन दाबी नै प्रस्ट नभई रहेको र रकम हिनामिनासम्बन्धी मुद्दासमेत विचाराधीन रहेको देखिँदा विचारधीन मुद्दामा सोही मुद्दाबाट निरूपण हुने हुँदा वैकल्पिक उपचार कायम रहेतर्फ प्रस्तुत रिट क्षेत्राधिकारबाट बोल्न नमिल्ने।

कानूनबमोजिम गर्नुपर्ने कार्य गर्न इन्कार गरेको वा सार्वजनिक दायित्व पूरा नगरेको अवस्थामा त्यस्तो सार्वजनिक दायित्व पालना गर्नका लागि परमादेशको आदेश जारी हुने हो तर प्रस्तुत मुद्दामा विपक्षीहरूलाई तोकिएको कुन कानूनअनुरूपको कर्तव्यको पालना विपक्षीहरूले इन्कार गरेको हो कानूनी आधारसहितको कुनै दाबी निवेदनमा लिई आएको नदेखिँदा हचुवा निवेदनका भरमा परमादेशको आदेश जारी हुने अवस्था नै नरहने।

वस्तुत: निवेदकको छोरालाई निश्चित कुनै व्यक्तिले बेपत्ता पारी फौजदारी कानूनले निषेध गरेको कार्य वा अपराध गरेको यथेष्ठ प्रमाणसहित जाहेरी दर्ता गर्न आएमा सोको उचित निकास दिनु पर्ने दायित्व तोकिएको अधिकारीलाई हुनेमा निवेदकले जाहेरी दिएको भन्ने नै नदेखिएको र त्यसरी जाहेरी दर्ता नगरेको अवस्थामा सम्बन्धित क्षेत्रको पुनरावेदन तहको अदालतबाट समेत उपचारको मार्ग अवलम्बन गर्न सकिनेमा मुद्दाको उठानको लागि अनुसन्धान कर्तालाई आवश्यक सहयोग नगर्ने, वैकल्पिक उपचारको मार्ग अवलम्बन पनि नगर्ने र सार्वजनिक अधिकारीलाई तोकिएको कुन कार्य नगरेको हो सोको कानूनी आधारसमेत नखुलाई हचुवा रूपमा लिएको निवेदन दाबीको आधारमा मात्र निवेदन मागबमोजिमको आदेश जारी हुने अवस्था नदेखिने।

विवेचित आधार कारणबाट निवेदकको निवेदन मागबमोजिम रिट जारी गर्ने आधार नदेखिँदा प्रस्तुत रिट खारेज हुने।

इजलास अधिकृत: हर्कबहादुर क्षेत्री

इति संवत् २०७३ साल भदौ १३ गते रोज २ शुभम्।

४

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०६७-WO-०७३८, उत्प्रेषण / परमादेश, *सजनरत्न बज्राचार्य वि. मालपोत कार्यालय, डिल्लीबजार, काठमाडौंसमेत*

जुन जग्गा धन जमानीबापत रोक्का राखेको हो सोही निवेदकको जग्गा नै धन जमानीबापत नै लिलाम भई निवेदकले लिलाम बदर गर्न नसकी अन्तिम रहेबाट निवेदकको जग्गा रोक्का राख्ने निर्णयहरू बदर गरिपाउँ भनी दिएको प्रस्तुत रिटको औचित्य समाप्त भइसकेको देखियो । रिटको औचित्य नै समाप्त भइसकेकोले निवेदकको मागबमोजिम आदेश जारी हुने अवस्था नरहेकाले प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: हर्कबहादुर क्षेत्री

इति संवत् २०७३ साल भाद्र १३गते रोज २ शुभम्।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६८-WO-००२०, उत्प्रेषण / प्रतिषेध / परमादेश, *सजनरत्न बज्राचार्य वि. डिभिजन सहकारी कार्यालय, का.म.न.पा. वडा नं. १० बिजुलीबजारसमेत*
- ०७०-WO-०२६५, उत्प्रेषण / परमादेश, *मोहनराम ढुंगाना वि. पुनरावेदन अदालत, पाटन, ललितपुरसमेत*

## इजलास नं. २

१

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०७१-CR-०००९, वैदेशिक रोजगार कसुर, *अमर भन्ने अमरकुमार खवास वि. नेपाल सरकार*

प्रतिवादी अमरकुमार खवासले वैदेशिक रोजगारमा पठाउनको लागि जाहेरवालासँग कुनै

रूपैयाँ नलिएको भए उक्त कागज गर्नुपर्ने कारण नदेखिएको र प्रतिवादी अमरकुमार खवाससमेतले जाहेरवाला लंकमान स्याङतानसमेतलाई मिति २०६६।७।२५ मा गरेको लिखतमा प्रतिवादी अमर खवासले रू.५,००,०००।– लिएको स्वीकार गरेकोमा जाहेरवाला लंकमान स्याङतान, सन्तलाल धिसिङ, सुशीलकुमार महतो र किरणकुमार लामालाई तिर्नुपर्ने रकम भाखामा नतिरे सूर्य विक्रम सुनुवार-१, एम.पी. यादव, सुनिल लामासमेत ३ जनाले निज अमरकुमार खवासलाई उपस्थित गराउनेसम्मको बेहोरा लिखतमा उल्लेख गरेको भए पनि अमरकुमार खवासका अन्य प्रतिवादीले कुनै रकम बुझेको वा वैदेशिक रोजगारीमा पठाएको भन्ने बेहोरा खुल्दैन । साथै जाहेरवालाबाट बुझी लिएको रकम बुझाएको प्रमाणित हुने कुनै तथ्ययुक्त प्रमाण पेस गर्न सकेको अवस्था नदेखिएको र करकाप वा जोरजुलुम गरी कागज गरेको भए सोसमेत पुष्टि गर्न सकेको पाइँदैन। सूर्य विक्रम सुनुवार १, एम.पी. यादव, सुनिल लामालाई यी प्रतिवादी अमरकुमार खवासले नै विदेश पठाउने मानिस होइनन् भनी अदालतको बयानमा उल्लेख गरेको देखिएको र उल्लिखित लिखतबाट समेत अमरकुमार खवासबाहेकले रकम लिएको भन्ने नदेखिएको अवस्थामा प्रतिवादी अमरकुमार खवासको जिकिरबमोजिम रमेश यादवले जाहेरवालाहरूलाई विदेश पठाएको तथा विदेश पठाउन रकम लिएको पुष्टि हुन नआउने।

प्रतिवादी अमरकुमार खवासले जाहेरवालासमेतका मानिसहरूलाई बिनाइजाजत वैदेशिक रोजगारमा कुवेत पठाएको र जाहेरवालाहरूसँग रू. ५,००,०००।– रकम लिई वैदेशिक रोजगारमा कुवेत पठाएकोमा रोजगार दिलाउन नसकी जाहरेवालाहरू फर्की आएकोले निज प्रतिवादी अमरकुमार खवासले वादी दाबीबमोजिम वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ को कसुर गरेको पुष्टि हुन आएकोले जाहेरवालासमेतलाई विदेश पठाइसकेको भन्ने देखिँदा निज प्रतिवादीलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिम ३ वर्ष कैद र रू.३,००,०००।– (तीन लाख रूपैयाँ) जरिवाना हुने र बिगोको हकमा अभियोग माग दाबीबमोजिम हर्जानासहितको बिगो रू.७,५०,०००।– प्रतिवादी अमरकुमार खवासबाट जाहेरवाला र पीडितहरूले भरी पाउने ठहर्‍याएको वैदेशिक रोजगार न्यायाधिकरणको फैसला मिलेकै देखिन आउने।

तसर्थ विवेचित आधार प्रमाणअनुसार प्रतिवादी अमरकुमार खवासले अभियोग दाबीबमोजिम वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ को कसुर गरेको देखिँदा निज प्रतिवादीहरूलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिम ३ वर्ष कैद र रू.३,००,०००।- (तीन लाख रूपैयाँ) जरिवाना हुने र बिगो रू.७,५०,०००।– प्रतिवादी अमरकुमार खवासबाट जाहेरवाला र पीडितहरूले भरी पाउने ठहर्‍याएको वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०७१।२।४ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: हर्कबहादुर क्षेत्री

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७४ साल असार ५ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७०-CR-१४७६, जबरजस्ती करणी, नेपाल सरकार वि. सन्तोष भन्ने डगेन्द्र राई

मिसिल कागजातबाट वारदातको दिन र समयमा पीडितालाई जबरजस्ती तानेको भनेको वारदातस्थल टुकडे बजारमा धिमालहरूको मेला थियो र सोही मेला हेर्न प्रतिवादी गएको भनेकोमा त्यस्तो मेलामा रहेका व्यक्तिबाट हारगुहार पाउन सक्नेमा त्यसरी कुनै हारगुहार गरेको वा त्यस्तो घटना देख्ने कुनै प्रत्यक्षदर्शी रहेको भन्ने नदेखिएकोले सो टुकडे बजारदेखि करणी भएको भनेको सुवेदी टोलको धिमाल चौरीको सिमली घारीसम्म जबरजस्ती तानी लगेको

भन्ने तथ्य पुष्टि भएको नपाइने।

घटनाका पीडितालाई बकपत्रका लागि अदालतले पटकपटक सूचना दिएकोमा पीडिता अदालतमा उपस्थित भई बकपत्र गरी अभियोग पुष्टि गर्न सकेको पाइँदैन । स्वास्थ्य परीक्षणमा घाउचोट संघर्षका चिह्न देखिँदैन । हाइमन फाटेको छ भन्ने स्वास्थ्य परीक्षण रिपोर्ट भए तापनि उक्त हाइमन प्रस्तुत वारदातको कारण वा वारदातको बखत नै फाटेको भन्ने देखिएको छैन । स्वास्थ्य परीक्षणबाट पीडितको अवस्था सामान्य देखिएको, निजलाई करणी भएको यकिनसाथ भन्न नसकेको, पीडितको शरीरमा घाउचोट निलडाम छैन । Spermatoza not seen भन्नेसमेतको उक्त स्वास्थ्य परीक्षणबाट जबरजस्तीपूर्ण तवरले करणी भएको तथ्य पुष्टि हुन नआउने।

जबरजस्ती करणीको वारदात ठोस रूपमा पुष्टि नभई रहेको अवस्थामा पीडितको अदालतको बकपत्रले विवादित विषयलाई चिरफार गर्ने हुन्छ र पीडितको कथन प्रत्यक्ष प्रमाणको मूल स्रोत नै रहने भए पनि सोको अन्य प्रमाणसँग तादम्यता रहेको वा पीडितले अदालतमा उपस्थित भई बकपत्र गरी पुष्टि गरेको अवस्थामा प्रतिवादी विरूद्ध गढाउ हुने महत्त्वपूर्ण आधार बन्नेमा त्यसरी पीडितले मौकाको कथनलाई पुष्टि गर्न सकेको वा मिसिल संलग्न प्रमाण कागजातबाट पुष्टि समर्थित भएको देखिँदैन । यसरी पीडित भन्नेले मौकामा व्यक्त गरेको कुरा मिसिल संलग्न अन्य प्रमाणले समर्थन गरेको नदेखिएको र प्रस्तुत मुद्दामा पीडिता अमृता थापालाई अपराधको महत्त्वपूर्ण प्रमाणको रूपमा रहेकोमा अदालतले अ.बं.११५ नं.बमोजिम निजलाई बकपत्रका लागि उपस्थित हुन आदेश दिई म्याद जारी भई निजको घरमा म्याद तामेल गर्न पठाएकोमा निजकी आमा जाहेरवालाले बुझेकोमा समेत प्रतिवादी विरूद्धको प्रमाणलाई पुष्टि गर्न निज पीडिता उपस्थित भई बकपत्र गर्न आएको देखिँदैन । वादी पेस गरेका जाहेरीबाहेकका अन्य प्रमाणहरू पनि पीडित भन्नेको कथनमा आधारित रहेको र पीडिताले भनेको भरमा जाहेरी परेकोले पीडित भन्ने नै अदालतमा उपस्थित नभएबाट प्रतिवादीउपरको आरोप पुष्टि हुने आधार नदेखिने।

वस्तुत: पीडित भन्नेको स्वास्थ्य परीक्षण प्रतिवेदनसमेतबाट निजलाई जबरजस्ती करणी भएको हो भन्ने यकिन नभई रहेको अवस्थामा पीडित भनिएको व्यक्तिले प्रमाण संकलनमा महत्त्व वा चासो व्यक्त नगरेबाट दाबीको घटना वारदात भएको तथ्य नै विवादास्पद रहेको स्पष्ट हुन आयो । विवादास्पद कथन वा अवस्था जस्ता कुनै पनि शङ्काको सुविधा अभियुक्तले पाउने फौज्दारी न्यायको मान्य सिद्धान्त रहेको अवस्थामा जबरजस्ती करणी जस्तो जघन्य अपराधमा प्रतिवादीउपरको अभियोग स्वतन्त्र एवम् तथ्यगत प्रमाणबाट पुष्टि हुन नसकेको अवस्थामा अभियोग दाबीबमोजिम कसुर ठहर गर्न र सजाय गर्न मिल्ने नदेखिने।

तसर्थ प्रतिवादी सन्तोष भन्ने डगेन्द्र राइले अभियोग दाबीबमोजिमको कसुर गरेको भन्ने ठोस प्रमाणबाट पुष्टि हुन नसकेकोले कसुर सजायबाट सफाइ दिनुपर्नेमा अभियोग दाबीबमोजिम कसुर र सजाय ठहर गरेको मोरङ जिल्ला अदालतको मिति २०६९।५।१७ को फैसला नमिलेको भनी उल्टी गरी निज प्रतिवादीले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याएको पुनरावेदन अदालत, विराटनगरको मिति २०७०।३।१९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: हर्कबहादुर क्षेत्री

इति संवत् २०७४ साल साउन १६ गते रोज २ शुभम्।

## इजलास नं. ३

१

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७३-WO-०२०१, उत्प्रेषण/परमादेश,

*अधिवक्ता तोयानाथ ढुङ्गाना वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार काठमाडौंसमेत*

सिंहदरबारभित्र अनावश्यक भिडभाड कम गराउन प्रवेश पासको व्यवस्थाबाट व्यवस्थित गराइएको देखिन्छ । यसबाट जनताको पहुँच र प्रवेशमा सरल र सहज भएको हुँदा प्रवेशमा बाधा बन्देज भएको भन्न मिल्ने देखिएन । सिंहदरबार प्रवेश गर्नका लागि सरकारले कानूनको अधीनमा रही निर्धारण गरेको प्रक्रियाबाट कसैको हक अधिकार कुण्ठित भएको देखिन नआउने ।

कामको सिलसिलामा सम्बन्धित कार्यालय, वा मन्त्रालयमा सम्पर्क गर्न पाउने सम्बन्धित रहेका व्यक्तिको अधिकार होइन भन्न मिल्दैन र राज्यका निकायबाट प्रवेश रोक्न उत्तरदायी सिद्धान्तको विपरीत हुनेमा द्विविधा छैन । तर निवेदकले कामको सिलसिलामा आफू र सेवाग्राहीलाई केन्द्रीय सचिवालय सिंहदरबारमा प्रवेश नपाएको भन्ने ठोस प्रमाण पेस गर्न सकेको पनि देखिँदैन । बिना आधार प्रमाण सिंहदरबारमा आफू र सेवाग्राहीको प्रवेशलाई सहज बनाउन निवेदकले सार्वजनिक सरोकारको विषय भनी रिट दर्ता गराउनु तर आफ्नो कुरालाई प्रमाणित गराउनुको सट्टा तारेख नै गुजारी बस्नु आफैँमा नितान्त गैरजिम्मेवार कार्य भएको देखिन आउने ।

लोकप्रियता (Popularity) को लागि रिट दर्ता गर्ने क्रियाबाट अदालतको समय नष्ट हुनुको साथै न्यायका अन्य याचकको मुद्दामा दिनुपर्ने समयको अभावले गर्दा निजहरूको मुद्दा अनावश्यक रूपमा लम्बिन पुगी हैरानी हुने र न्यायप्राप्त गर्ने अधिकारमा हस्तक्षेप हुन जानुका साथै विपक्षी बनाइएका मन्त्रालय तथा कार्यालयको पनि अन्य कार्यमा लगाउने श्रम खेर जाने हुँदा व्यक्तिगत लहडबाजी देखाउने मनसायले अनावश्यक मुद्दा दायर गराउन नहुने विषयमा निवेदकलगायत सम्बन्धित सबैले हेक्का राख्नै पर्ने ।

संसारमा जुनसुकै कार्यालयमा सेवाग्राहीलाई निर्वाध रूपमा प्रवेश दिने व्यवस्था हुँदैन र त्यस्तो व्यवस्था गर्न सुरक्षाको दृष्टिबाट पनि उपयुक्त हुन सक्दैन । सेवाग्राहीको प्रवेशलाई प्रवेशाज्ञा जारी गरी नियन्त्रित गर्ने कार्य संसारका हरेक मुलुकले गरेकै हुन्छन् । जोसुकैलाई निर्वाध रूपमा प्रवेश दिएको अवस्थामा सुरक्षामा मात्र खतरा हुने नभई काम गर्ने वातावरणसमेत खल्बलिने हुँदा सेवाग्राहीको प्रवेश नियन्त्रण गर्नुलाई असामान्य मान्न नमिल्ने ।

अन्य मुलुकमा अदालतको समय नष्ट गर्नु अत्यन्त गैरजिम्मेवार क्रियाको रूपमा ग्रहण गरी त्यस्तो गर्ने निवेदकबाट क्षतिपूर्ति भराई दिने गरिए पनि हाम्रो देशमा विद्यमान शैक्षिक आर्थिक अवस्थासमेतलाई दृष्टिगत गरी निवेदकबाट क्षतिपूर्ति भराई दिने आदेश गर्न हालै उपयुक्त नभए पनि अनावश्यक रूपमा निवेदन दायर गर्नु नितान्त गैरजिम्मेवारीपनाको नमूना भएको भन्ने कुरामा यो अदालत, विश्वस्त रहेको छ । त्यसमा पनि यी निवेदक आफैँ कानून व्यवसायी भएकोले त्यसतर्फ सचेत हुनुपर्दछ भन्ने यो अदालतको अपेक्षा रहेको छ । प्रबुद्ध र चेतनशील वर्गका व्यक्तिबाट समस्या नै नभएको विषयमा समस्या भएको दर्शाई निवेदन दिनुलाई आचरणअनुकूलको क्रियाकलाप भन्न सकिँदैन । अतः अब उप्रान्त आफ्नो कर्तव्य र दायित्वप्रति सचेत रही अनावश्यक रूपमा मुद्दा दर्ता गरी अदालतको समय खेर नफाल्न निवेदकको ध्यानाकर्षण गराउन उपयुक्त भएबाट तत्सम्बन्धमा निवेदकलाई जानकारी दिने ।

उपर्युक्त विवेचित आधार कारणहरूबाट सिंहदरबार प्रवेशमा सुरक्षाको दृष्टिकोणबाट नियन्त्रण गरे पनि सेवाग्राहीको सहज पहुँचमा रोक लगाएको कुरा लिखित जवाफबाट नदेखिएको साथै स्वयम् निवेदकले समेत आफ्नो जिकिरको पुष्ट्याईं यथेष्ट प्रमाणबाट गराउन सकेको नदेखिएकोले प्रस्तुत रिट निवेदन

खारेज हुने।

इजलास अधिकृत: शिवहरी पौड्याल

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७४ साल जेठ १० गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७०-CR-०७५५, ०७३-RC-००४३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. जसबहादुर श्रेङ (लिम्बू) समेत र नेपाल सरकार वि. दुर्गा श्रेङ लिम्बू*

जाहेरवालाले अदालतमा उपस्थित भई बकपत्र गर्दा निज प्रतिवादी एक्लैले छुरी प्रहार गरी बलकुमारलाई कर्तव्य गरी मारेका हुन् भनी लेखाई दिएका छन्। प्रतिवादी दुर्गा श्रेङ लिम्बूले अनुसन्धानको क्रममा बयान गर्दा मृतकले घर भित्र प्रवेश गरी कुटपिट गरेकोले रिस उठी निजको ज्यान मार्ने मनसायसहित छुरी प्रहार गरी मारेको हो भनी लेखाइदिएका छन्। मृतकको शरीरमा लागेको घाउचोट एउटा मात्र रहेको देखिन्छ। निज प्रतिवादी आफैँले मारेको हो भनी वारदात स्वीकार गरी अदालतमा बकपत्र गरेको देखिन्छ। सहप्रतिवादीहरू जसबहादुर मनकुमारले पनि यिनै प्रतिवादीलाई पोल गरेको र प्रत्यक्षदर्शी लोकबहादुर चाक्सो र कौशल्या केदेमले पनि यी प्रतिवादी दुर्गा श्रेङले प्रहार गरेको छुरीबाट लागेको घाउको कारण बलकुमारको मृत्यु भएको भनी बकपत्र गरिदिएको हुँदा प्रतिवादी दुर्गा श्रेङले आरोपित कसुर गरेको मिसिल संलग्न प्रमाण कागजबाट पुष्टि हुन आएको देखिँदा यी प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद गर्ने गरी भएको पुनरावेदन अदालतको फैसलालाई अन्यथा मान्न नमिल्ने।

वारदात हुँदाको परिस्थितिलाई समेत मध्यनजर गरी हेर्दा मृतक र प्रतिवादीहरूबीच पहिल्यै कुटपिट भएको र सोही रिसइवीले मृतक यी प्रतिवादी भएको ठाउँमा आई निजहरूलाई कुटपिट गर्न खोज्दा अन्य प्रतिवादीहरू भागेको र प्रतिवादी दुर्गा श्रेङ लिम्बूले बलकुमार केदेमलाई पछाडिपट्टि छुरा प्रहार गरी घाइते बनाएको र सोही चोटको कारण रक्तस्राव भई बलकुमार केदेमको मृत्यु भएको देखियो। यसबाट प्रस्तुत वारदात घटाउन मृतक स्वयम्‌को व्यवहार कारक तत्त्व रहेको देखिन्छ। यस्तो अवस्थामा यी प्रतिवादीलाई कानूनबमोजिम सजाय गर्दा चर्को पर्न जाने देखिएकाले मुलुकी ऐन, अदालती बन्दोबस्तको १८८ नं. बमोजिम १२ वर्ष कैद सजाय गर्दा न्यायोचित हुने।

तसर्थ, विवेचित आधार कारणबाट प्रतिवादीहरू जसबहादुर श्रेङ लिम्बू र मनकुमार श्रेङले आरोपित कसुरबाट सफाइ पाउने र प्रतिवादी दुर्गा श्रेङ लिम्बूले कर्तव्य गरी बलकुमार केदेमको ज्यान मारी मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(१) नं. विपरीतको कार्य गरेकाले निजलाई सोही १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद गर्ने गरी ताप्लेजुङ जिल्ला अदालतबाट भएको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत, इलामबाट मिति २०७०।१।२३ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः रामु शर्मा

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७३ साल फागुन २४ गते रोज ३ शुभम्।

३

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७०-CI-०२६४, निषेधाज्ञा, *लुखिया देवी मियाइनीसमेत वि. मो. कमरूदिन*

मिति २०४९।३।४ मा भएको अंश मुद्दाको फैसला हेर्दा विवादित जग्गाको उत्तरतर्फ बदरूदिनलाई, बीचमा कमरूदिनलाई र दक्षिणतर्फ मो.यासिनलाई पर्ने गरी जग्गा छुट्ट्याई लिन पाउने ठहर भई फैसला भएको देखिएबाट यी पुनरावेदक / विपक्षीहरूको जग्गा दक्षिणतर्फ र प्रत्यर्थी / निवेदकको जग्गा उत्तरतर्फ भई साँध सिमाना जोडिएर रहेको

नै देखियो । यस अदालतमा पुनरावेदन गर्दा पुनरावेदकहरूले आफूहरूले घर बनाउँदा प्रत्यर्थी निवेदकको जग्गा केही मिचिन गएको भनी उल्लेख गरेको देखिएबाट साँध सिमाना जोडिएर रहेको उक्त जग्गाहरूमध्ये प्रत्यर्थी / निवेदकको जग्गामा पुनरावेदक / विपक्षीहरूको तर्फबाट केही मात्रामा अतिक्रमण भएकै देखियो । अदालतको फैसलाअनुसार बीचमा प्रत्यर्थी कमरूदिनको भागमा र त्यसको दक्षिणतर्फ यी पुनरावेदकहरूको जग्गा रहेको र सो फैसला अन्तिम भई बसेको हुँदा उक्त फैसलाको सम्मान र पालना गरी दुवै पक्षबाट आ-आफ्नो भागमा परेको जग्गा मात्र उपभोग गर्नुपर्नेमा पुनरावेदक पक्षबाट त्यसो हुन सकेको नदेखिने।

अदालतले अन्तिम फैसला गरी प्रत्यर्थी / निवेदकको नाममा कायम हुने ठहर भएको जग्गा निजले निर्विवाद रूपमा भोगचलन गर्न पाउनुपर्नेमा त्यसो गर्नमा असर पारेको तथ्य यी पुनरावेदकहरूको पुनरावेदनपत्रको बेहोराबाटै देखिएको अवस्था हुँदा अदालतको अन्तिम फैसलालाई निस्प्रभावी बनाउने गरी पुनरावेदक / विपक्षीहरूबाट भएका कामकारबाहीले कानूनी मान्यता पाउन नसक्ने हुँदा प्रस्तुत मुद्दामा निषेधाज्ञाको आदेश जारी हुने ठहर गरी भएको पुनरावेदन अदालत, राजविराजको मिति २०६९।५।१७ को फैसलालाई अन्यथा भनिरहन मनासिब नदेखिने।

अतः प्रस्तुत मुद्दामा पुनरावेदन अदालत, राजविराजबाट मिति २०६९।५।१७ मा निषेधाज्ञाको आदेश जारी हुने ठहरी भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: उद्धवप्रसाद गजुरेल

इति संवत् २०७५ साल जेठ २७ गते रोज १ शुभम्।

४

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७०-CR-१२८०, जबरजस्ती करणी, *सुनिल वि.क. वि. नेपाल सरकार*

पीडितको स्वास्थ्य परीक्षणबाट निजसँग करणी भएको देखिएको, प्रतिवादीउपर जबरजस्ती करणी गरेको भनी परेको किटानी जाहेरीलाई समर्थन गर्दै जाहेरवालाले अदालतमा बकपत्र गरेको र पीडित स्वयम्ले पनि अदालतमा बकपत्र गर्दा निज प्रतिवादीले नै करणी गरेको हो भनी लेखाई दिएकासमेतको मिसिल संलग्न साक्षी प्रमाणबाट प्रतिवादी सुनिल वि.क.ले पीडितसँग करणी गरेको प्रमाणित हुन आएको छ । पीडित जिल्ला प्रहरी कार्यालय, गोरखा "ग" को उमेर ९ वर्ष भएको तथ्यमा कुनै विवाद रहेको नदेखिने।

प्रतिवादीले वारदात घटाउँदा कुनै हिंस्रक गतिविधि वा पीडितलाई कुटपिट गरेको देखिँदैन । निज पटके अपराधी भएको पनि देखिँदैन । निजको उमेरसमेतलाई विचार गर्दा मुलुकी ऐन, जबरजस्ती करणीको ३ नं. देहाय १ मा व्यवस्था भएको १० वर्ष कैद गर्दा उपयुक्त हुने देखिन्छ । यसका साथै सोही महलको १० नं. मा भएको कानूनी व्यवस्थाअनुसार क्षतिपूर्ति भराउँदा प्रतिवादीको तिर्न सक्ने क्षमतासमेतलाई विचार गर्नुपर्ने हुन्छ । यी प्रतिवादी परिवारको सदस्यहरू संख्या पनि अत्यधिक भएको र आय आर्जनको कुनै स्रोतसमेत नदेखिएको भएको खेत जग्गाबाट निजको आफ्नै परिवारलाई खान लाउन अपुग हुने देखिँदा निज प्रतिवादीबाट क्षतिपूर्तिबापत रू.५०,०००।- पीडितलाई भराइदिने गरी भएको पुनरावेदन अदालतको फैसलालाई अन्यथा मान्न मिलेन । निज प्रतिवादीले आरोपित कसुरबाट सफाइ पाउनु पर्दछ भनी निजको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ विवेचित आधार, कारण र प्रमाणबाट प्रतिवादीले मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ र ३(१) नं. बमोजिमको अपराध गरेको प्रमाणित हुन आएकोले निजलाई ऐ. महलको ३(१) नं.बमोजिम ११ वर्ष कैद सजाय गरी सोही महलको १० नं. अनुसार

प्रतिवादीबाट रू.१,००,०००।- पीडितले क्षतिपूर्ति रकम भराई पाउने ठहऱ्याई गोरखा जिल्ला अदालतको फैसला केही उल्टी गरी मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ र ३(१) नं. को कसुरमा प्रतिवादी सुनिल वि.क.लाई ऐ. महलको ३(१) नं. बमोजिम १० वर्ष कैद र सोही महलको १० नं. बमोजिम पीडितले क्षतिपूर्तिबापत प्रतिवादीबाट रू.५०,०००।- भराई पाउने गरी पुनरावेदन अदालत, पोखराबाट मिति २०७०।४।२८ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: रामु शर्मा

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७३ साल फागुन २४ गते रोज ३ शुभम् ।

५

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७३-RC-००३९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. शिवराम रिमाल*

प्रतिवादीको मृतकलाई मार्ने कार्यमा के-कस्तो संलग्नता रहेको हो सो तथ्य जाहेरी, बुझिएका व्यक्तिको कागज, बकपत्र तथा अभियोगपत्रबाट समेत खुल्न सकेको अवस्था देखिँदैन । निज प्रतिवादीले अदालतमा गरेको बयानमा आफूसमेत भई कुटपिट गरेको होइन भनी वारदातमा पूर्ण इन्कार रही बयान गरेको देखिन्छ । सहअभियुक्तको रूपमा रहेका र अदालतमा गरेको बयानमा समेत आफू साबित हुने प्रतिवादी धर्मसिं भन्ने हरिबहादुर लामाले यी प्रतिवादी शिवराम रिमालले कुटपिट गरेको होइन भनी स्पष्टरूपमा लेखाई दिएको देखिन्छ । अर्का सहअभियुक्त वीरबहादुर मोक्तानसमेतले यी प्रतिवादीको मृतकलाई कुटपिट गर्ने कार्यमा संलग्नता छैन भनी अदालतसमक्ष बयान गरेको देखिएको छ । यी सहअभियुक्तहरू प्रस्तुत वारदातको प्रत्यक्षदर्शी पनि हुन् र वारदातमा निजहरूबाहेक अरूको कसैको संलग्नता रहेको थियो भन्ने कुराको सम्बन्धमा निजहरूले दिएको जानकारी विश्वसनीय मान्नुपर्छ । जाहेरवाला वारदातको प्रत्यक्षदर्शी नभएको र निजले सुनेको भरमा जाहेरी दिएको जाहेरी बेहोराबाट नै देखिन्छ । यस्तो अवस्थामा जाहेरवालाको भन्दा यी सहअभियुक्तहरूको भनाई प्रतिवादी शिवराम रिमालको हकमा बढी विश्वसनीय हुन आउँछ । यसप्रकार सहअभियुक्तहरूले र संलग्न कागज प्रमाणले यी प्रतिवादीको कुटपिटमा प्रत्यक्ष संलग्नता रहेको देखाउन सकेको नदेखिने ।

जाहेरवाला तथा बुझिएका रामबहादुर श्रेष्ठसमेतले अदालतमा बकपत्र गर्दा यी प्रतिवादी शिवराम रिमालले यो यस किसिमले कुटपिट गरेका भनी लेखाउन सकेको अवस्थासमेत देखिँदैन । मृतक तथा अन्य प्रतिवादीहरूसहित यी प्रतिवादी शिवराम रिमालसमेत ज्यामी काम गर्ने सिलसिलामा ढल निर्माण भइरहेको वारदातस्थल नजिकै एकैसाथ बस्ने खाने गरेको भन्ने तथ्य मिसिल संलग्न प्रतिवादीहरूको बयान बुझिएका व्यक्तिहरूको कागज, वारदातस्थल र मृतक लास फेला परेको स्थानसमेतको अवस्थाबाट देखिइरहेको छ । मृतकलाई कुटपिट हुँदा यी प्रतिवादीसमेत सोही स्थानमा रहेको भन्ने तथ्य प्रतिवादीहरूको बयानबाट स्थापित भइरहेको अवस्था छ । मृतकलाई ज्यान मारी ढलका लागि बनाइएको खाल्डोभित्र पुरेर सोमाथि निर्माणसमेत गरिसकेको देखिएको छ । मृतकलाई ज्यान मार्ने कार्यमा निजको कुनै किसिमको संलग्नता नरहेको भए निजले सो कुरा घटनाको तत्काल पछि बाहिर उजागर गर्नुपर्ने सो गरेको पनि देखिएको छैन । यस्तो स्थितिमा यी प्रतिवादीले मृतकलाई प्रत्यक्षरूपमा कुटपिट गरेको नदेखिए तापनि सामूहिकरूपमा रहे बसेका साथीहरूले कुटपिट गरी मृतकलाई ज्यान मार्ने कार्य गर्दा निजको सहयोग सहमति थिएन भनी मान्न मिल्ने अवस्था पनि नदेखिने ।

मृतक राजु श्रेष्ठलाई मार्ने कार्यमा मृतक भाग्न उम्कन नपाउने गैह्र कार्य गरी मार्नलाई संयोगसम्म

पारिदिएको भन्ने वारदातको अवस्थाबाट देखिन आएको हुँदा निज प्रतिवादी शिवराम रिमाललाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम २० वर्ष कैद हुने ठहऱ्याएको पुनरावेदन अदालतको फैसला निजको हकमा कायम रहन सक्ने देखिएन। यी प्रतिवादीले राजु श्रेष्ठलाई भाग्न उम्कन नदिई गैह्र काम गरी निजको ज्यान मार्ने कार्यमा संयोग परिदिएकोले निजको सो कार्य मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(२) नं.मा उल्लिखित अपराध भएकोले निजलाई सोही नं.मा उल्लेख भएअनुसार ५ वर्ष सजाय हुनुपर्ने देखिने।

तसर्थ विवेचित आधार, कारण र प्रमाणबाट प्रतिवादी शिवराम रिमाललाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. को कसुरमा सोहीबमोजिम जन्मकैद हुने गरी काभ्रेपलाञ्चोक जिल्ला अदालतबाट भएको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०७०।१।१७ मा भएको फैसला प्रतिवादी शिवराम रिमालको हकमा मिलेको नदेखिँदा केही उल्टी भई प्रतिवादी शिवराम रिमालको कार्य मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(२) नं. अनुसार अपराध भएकोले निजलाई सोही १७(२) नं. बमोजिम ५ वर्ष कैद सजाय हुने।

इजलास अधिकृत : रामु शर्मा

कम्प्युटर : चन्द्रशेर राना

इति संवत् २०७३ साल फागुन २४ रोज ३ शुभम्।

६

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७३-WO-०७१२, उत्प्रेषण / परमादेश, *जानकी थरूनीसमेत वि. उच्च अदालत, जनकपुर, अस्थायी इजलास वीरगञ्जसमेत*

२०७०।३।४ मा लेनदेन मुद्दाको फिराद परेको तथ्य स्थापित भई अंश मुद्दाको फिराद नै जेठो भएको देखिएबाट २०७०।२।४ मा लेनदेन मुद्दाको फिराद परेको भनी उल्लेख भएको लेनदेन मुद्दाको फिराद जेठो रहेको भन्ने तथ्यलाई सही मान्न मिलेन। अतः उच्च अदालत, जनकपुर अस्थायी इजलास वीरगञ्जबाट भएको मिति २०७३।९।२१ को आदेश तथ्यको भूलमा आधारित भई भएको देखिएकाले त्यस्तो आदेशलाई सही मानी कायम राखिराख्न मनासिब र न्यायोचित हुने नदेखिने।

तसर्थ उल्लिखित तथ्य, आधार र कारणबाट मिति २०७३।३।२२ मा बारा जिल्ला अदालतका तहसिलदारबाट भएको आदेश बदर गर्ने गरी भएको जिल्ला न्यायाधीशको मिति २०७३।५।३१ को आदेशलाई सदर गर्ने गरी गरेको उच्च अदालत, जनकपुर, अस्थायी इजलास वीरगञ्जको मिति २०७३।९।२१ को आदेश न्यायोचित नदेखिएको र मिति २०७३।३।२२ मा भएको तहसिलदारको आदेश मिलेकै देखिएकाले जिल्ला न्यायाधीशको मिति २०७३।५।३१ को आदेशलाई सदर गर्ने गरी भएको उच्च अदालत, जनकपुर अस्थायी इजलास वीरगञ्जको मिति २०७३।९।२१ को आदेश उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ। अब मिति २०७३।३।२२ मा भएको तहसिलदारको आदेशअनुसार बिगो भराउने काम गर्नु गराउनु भनी विपक्षीहरूका नाममा परमादेशसमेत जारी हुने।

इजलास अधिकृत : उद्धवप्रसाद गजुरेल

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७५ साल जेठ २७ गते रोज १ शुभम्।

## इजलास नं. ४

१

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७०-CR-०८२०, लागु औषध खैरो हेरोइन**,** *मनोज परियार वि. नेपाल सरकार*

मिसिल संलग्न किटानी प्रहरी प्रतिवेदन, बरामदी मुचुल्का, प्रतिवेदकको बकपत्र, यी प्रतिवादी

मनोज परियारको मौकामा भएको साबिती बयान, तथा लागु औषधको प्रकृति र परिणाम एवम् बरामद हुँदाको अवस्था तथा मिति २०६९।२।२७ गते बिहान चुरियामाई ३ स्थित रातोमाटेमा प्रहरीले सवारी साधन चेकजाँच गर्ने क्रममा राजेश कार्कीले पाखुरामा बाँधी लुकाई ल्याएको अवस्थामा लागु औषध खैरो हेरोइन ४३ ग्राम र मनोज परियारले पेन्टीभित्र लुकाई ल्याएको अवस्थामा लागु औषध खैरो हेरोइन २० ग्राम गरी जम्मा ६३ ग्राम लागु औषध खैरो हेरोइन बरामद गरी दुवै जनालाई पक्राउ गरेको भन्नेसमेत मौकामा बुझिएका घटना विवरणका मानिसहरू कुमार लामा, विकास घिसिङ, हिक्मतबहादुर घलानले गरिदिएको कागजसमेतबाट पुष्टि हुन आएको देखिँदा यी प्रतिवादीले काठमाडौं पशुपतिनाथ स्थित सुमन भन्ने व्यक्तिलाई पुऱ्याउने उद्देश्यले एउटै बसमा अलग अलग मात्राको लागु औषध खैरो हेरोइन ओसारपसार गरेको कार्य निज प्रतिवादी मनोज परियारले लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(घ)(च) र (छ) विपरीतको कसुर गरेको देखिन आउने।

प्रतिवादीहरूले मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष गरेको साबिती बयान बरामदी मुचुल्काबाट समेत समर्थित भएको देखिनाले सो साबिती बयानलाई प्रमाणमा लिन मिल्ने नै देखियो। प्र. मनोज परियारले सुरू अदालतमा राजेश कार्कीलाई पहिले कहिल्यै चिनेको थिइन, पथलैयाबाट हेटौंडा दाजुको घरमा आउँदै गर्दा रातोमाटे चेकपोष्टमा गाडी चेकजाँच गर्दा मेरो सिटभन्दा तल लागु औषध भेटियो, उक्त खैरो हेरोइनसँगै पक्राउ परेका प्रतिवादीले फालेको रहेछ भनी इन्कारी बयान गरे तापनि निजहरूले मौकाको बयानलाई अन्यथा हो भनी जिकिरसमेत नलिएको अवस्थामा निजको अदालतमा भएको सो बयानलाई भरपर्दो र पत्यारलायक मान्न सकिने अवस्था नरहने।

प्रतिवादीले मौकामा आफूबाट लागु औषध बरामद भएको स्वीकार गरी परस्पर पोलमा सुरू अदालतमा आफूबाट बरामद भएको नभई चेकपोष्टमा गाडी चेक गर्दा मेरो सिटभन्दा तल भेटिएको भन्ने जिकिर लिएकोमा हाल पुनरावेदन गर्दा सेवन गर्ने आशामा साथीले दिएको लागु औषध बोकी हिँडेको अवस्थामा फेला परेको भन्ने जिकिर लिएबाट निज प्रतिवादी मनोज परियारको सुरू अदालतसमक्ष भएको बयान र पुनरावेदन जिकिर मिलेको देखिँदैन। साथै प्र.स.नि. विसुन दयाल साहले सुरू अदालतमा उपस्थित भई बरामदी मुचुल्कालाई समर्थित हुने गरी प्रतिवादी मनोज परियारको पेन्टीभित्र लागु औषध बरामद भएको भनी लेखाइदिएबाट समेत सिटमुनि बरामद भएको भन्ने यी प्रतिवादीको पुनरावेदन जिकिर मनासिब नदेखिने।

मनोज परियारको उपस्थिति सो बरामद लागु औषध दिन पठाउने व्यक्ति भएको ठाउँमा नदेखिए तापनि उक्त लागु औषध बरामद हुँदाको मिति २०६९।२।२७ मा बसमा भेट भई तत्काल कुराकानी भई अर्का प्रतिवादी राजेश कार्कीले ल्याएको ६३ ग्राममध्येबाट २० ग्राम आफ्नो साथमा लिई लुकाई राखेको अवस्थामा बरामद भएको छ। यदि दुवैजना प्रतिवादीहरूबीच पूर्वचिनजान नभएको भए तथा सो लागु औषध ओसारपसार गर्ने पूर्वसल्लाह नभएको भए अचानक बीच बाटोबाट बस चढेका यी प्रतिवादी मनोज परियारले चिनजान गरी लागु औषध खैरो हेरोइनजस्तो महंगो लागु औषध २० ग्रामको परिणाममा उसैबखत आफ्नो साथमा लुकाई राख्नु पर्ने अवस्था थिएन। त्यस्तै अर्का प्रतिवादी राजेश कार्कीले पनि त्यस्तो महंगो लागु औषध भरखरै बसमा चिनजान भएका व्यक्तिलाई २० ग्रामको परिणाममा यत्तिकै दिनु पर्ने कुनै आधार र कारण देखिँदैन। बरामद भएको ६३ ग्रामको लागु औषध ओसारपसारकर्ता यी प्रतिवादी मनोज परियारसमेत संलग्न रही लागु औषध ओसारपसार गरेको तथ्य पुष्टि हुन आएको देखिँदा यी प्रतिवादीले सेवनमा मात्र सजाय गरिपाउँ भनी लिएको पुनरावेदन

जिकिरसँग सहमत हुन नसकिने।

अतः उल्लिखित विवेचित आधार र कारणहरूबाट प्रतिवादी मनोज परियारले संयुक्त रूपमा ६३ ग्राम लागु औषध खैरो हेरोइन ओसारपसार गरेको प्रमाणित हुन आएकोले निजहरूलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(घ)(च)(छ) को कसुरमा सोही ऐनको दफा १४(१)(छ)(२) बमोजिम जनही १० वर्ष कैद र रू.१,००,०००।- जरिवानासमेत हुने ठहरी मकवानपुर जिल्ला अदालतबाट मिति २०६९।०५।१७ मा भएको फैसला सदर हुने ठहर्‍याई पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०७०।०२।२१ मा भएको फैसला निज प्रतिवादी मनोज परियारको हकमा मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: लोकबहादुर हमाल

इति संवत् २०७३ साल असोज ३० गते रोज १ शुभम्।

२

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री मीरा खड्का,** ०७०-CR-१४००, जबरजस्ती करणी**,** *प्रेमबहादुर पुन वि. नेपाल सरकार*

प्रतिवादीले सुरू अदालतमा बयान गर्दा, पीडितको दाजुसँग रिसइवी थियो भनी आफ्नो बयान जिकिर लिएको भए तापनि उक्त रिसइवी भएको कुरा कहीँकतै खुल्दैन। रिसइवी भए पनि इवी साँध्न पीडितको इज्जत आमदमा आँच पुर्‍याउने गरी झुट्टा जाहेरी दिएका हुन् भनी भन्न सकिने अवस्था पनि देखिँदैन । मौकामा घटनास्थलमा तत्काल पुगेकी नन्दकला खत्रीले घरमा कोही नभएको अवस्थामा प्रेमबहादुर पुनले मेरी अपाङ्ग नन्दलाई भित्र लगी जबरजस्ती करणी गर्दैगर्दाको अवस्थामा मैले फेला पारी ससुरासमेतलाई बोलाई समात्न खोज्दा हामीहरूलाई लछारपछार पारी भागी गएका हुन् भनी गरिदिएको कागजलाई पुष्टि हुने गरी यी प्रतिवादीले मौकामा गरेको अनुसन्धान अधिकारीसमक्ष गरेको बयानबाट पुष्टि हुन आएको देखिने।

पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनबाट पनि पीडितको योनि झिल्ली च्यातिएको छ भनी उल्लेख देखिन्छ । प्रतिवादीले मौकामा बयान गर्दा पीडित जाहेरवालीलाई जबरजस्ती करणी गरेको कुरालाई स्वीकार गरेको पाइन्छ । पीडितले सुरू अदालतमा उपस्थित भई आफूले दिएको जाहेरी बेहोरालाई समर्थित हुने गरी आफूलाई प्रतिवादीले जबरजस्ती करणी गरेको हो भनी बकपत्र गरिदिएको देखिँदा साथै पीडित अपाङ्गसमेत भएको देखिँदा यी प्रतिवादीले मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. तथा सोही महलको ३क नं. विपरीतको कसुर अपराध गरेको देखिन आउने।

जाहेरीमा व्यक्त गरेको तथ्यलाई पीडितले अदालतसमक्ष उपस्थित भई बकपत्र गरिदिएको अवस्थामा घटनाको प्रत्यक्षदर्शी स्वयम् पीडित व्यक्ति हुने हुँदा पीडित व्यक्तिले घटनाको तत्काल पछि व्यक्त गरेको कुरा प्रमाण ऐन, २०३१ को दफा १०(१) को खण्ड (क) र (ख) प्रमाणमा ग्रहण गर्नुपर्ने।

प्रतिवादी प्रेमबहादर पुनले मौकामा अनुसन्धान अधिकारीसमक्ष पीडित प्रेरणा खत्री (परिवर्तित नाम) लाई जबरजस्ती करणी गरेकोमा पूर्ण रूपमा साबिती भई बयान गरेको देखिन्छ भने सुरू अदालतमा मेरो नागरिकता लिन दाजुको घरमा आएको अवस्थामा जाहेरवालीको र मेरो दाजु गणेशबहादुर पुनसँग पुरानो रिसइवी रहेकोले सोही कारणबाट मलाई झुट्टा जहेरी दिएका हुन् भनी आरोपित कसुरमा इन्कार रही बयान गरेको देखिए तापनि सो इन्कारी बयानलाई अन्य स्वतन्त्र प्रमाणद्वारा प्रमाणित गर्न सकेको देखिँदैन । यी प्रतिवादीको मौकाको बयानलाई जाहेरवालाले मौकामा दिएको जाहेरी, पीडितले मौकामा गरेको कागज, तथा पीडित आफैँ सुरू अदालतमा उपस्थित भई मौकामा भएको कागजलाई समर्थित हुने गरी गरिदिएको बकपत्र, प्रत्यक्षदर्शीको कागज, पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनसमेतका

कागजातहरूबाट यी प्रतिवादी प्रेमबहादुर पुनले पीडित प्रेरणा खत्री (नाम परिवर्तन) लाई जबरजस्ती करणी गरेको पुष्टि हुन आएको देखिने।

मिति २०६७।१०।१७ गते बाँके जिल्ला, नौबस्ता-८ स्थित घरमा बसेको अवस्थामा अपाङ्ग जाहेरवाली प्रेरणा खत्री अपाङ्गलाई भाउजू नन्दकला खत्रीले बाहिर ल्याई राखी कामकाजका लागि गएको अवस्थामा निज प्रेमबहादुर पुनले कोही नभएको मौका छोपी जबरजस्ती करणी गरेको निजको भाउजूले सुनाएबाट थाहा पाएका हौं भनी मौकामा बुझिएका मानिसहरू मानबहादुर सुनार, भुपाल वली र नेत्रलाल वलीको मौकाको कागजसमेतबाट यी प्रतिवादी प्रेमबहादुर पुनले अभियोग दाबीअनुसारको कसुर गरेको तथ्य पुष्टि हुन आएको देखिँदा प्रतिवादी प्रेमबहादुर पुनलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. विपरीत कसुर गरेको देखिँदा प्रतिवादी प्रेमबहादुर पुनलाई सोही ऐनको ३(५) नं. बमोजिम ५ वर्ष कैद हुने ठहऱ्याई, साथै पीडित अपाङ्ग देखिँदा सोही ऐनको दफा ३क बमोजिम प्रतिवादीलाई थप ५ वर्ष कैदसमेत हुने ठहऱ्याई र प्रतिवादी प्रेमबहादुर पुनबाट क्षतिपूर्तिबापत रू.२१,०००।- पीडितलाई भराई दिने ठहऱ्याई सुरू बाँके जिल्ला अदालतबाट मिति २०६८।०८।२७ मा भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत, नेपालगञ्जबाट मिति २०६९।१२।२५ मा सदर हुने ठहऱ्याई भएको फैसला मिलेको देखिने।

अतः विवेचित आधार, प्रमाण कारणहरूसमेतबाट पुनरावेदक / प्रतिवादी प्रेमबहादुर पुनले जाहेरवाली पीडितलाई जबरजस्ती करणी गरेको तथ्य पुष्टि हुन आएको देखिँदा निज प्रतिवादी प्रेमबहादुर पुनलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. विपरीत कसुर गरेको देखिँदा प्रतिवादी प्रेमबहादुर पुनलाई सोही ऐनको ३(५) नं. बमोजिम ५ वर्ष कैद हुने ठहऱ्याई, साथै पीडित अपाङ्ग देखिँदा सोही ऐनको दफा ३क बमोजिम प्रतिवादीलाई थप ५ वर्ष कैदसमेत हुने ठहऱ्याई र प्रतिवादी प्रेमबहादुर पुनबाट क्षतिपूर्तिबापत रू.२१,०००।– पीडितलाई भराइदिने ठहऱ्याई सुरू बाँके जिल्ला अदालतबाट मिति २०६८।०८।२७ मा भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत, नेपालगञ्जबाट मिति २०६९।१२।२५ मा सदर हुने ठहऱ्याई भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: लोकबहादुर हमाल

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७३ साल कात्तिक १ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री मीरा खड्का,** ०७२-WO-००७६७, उत्प्रेषण / परमादेश**,** *हरिराम धवल वि. प्रहरी प्रधान कार्यालय, नक्साल काठमाडौंसमेत*

निवेदक जिम्मेवार प्रहरी कर्मचारी भई प्रहरी ऐन तथा नियमावलीले तोकेको प्रहरी आचरण व्यवहार तथा लैंगिक अनुशासनमा संवेदनशील भई लैंगिक हिंसा नियन्त्रणमा सक्रियता देखाई महिलाहरूलाई उचित व्यवहार गर्नुपर्नेमा एक महिला प्रहरी कर्मचारीमाथि अभद्र व्यवहार गरेको देखिएकोले निज प्रहरी हवल्दार हरिराम धवललाई प्रहरी नियमावली, २०७१ को नियम ११२ को देहाय (क) र (ख) मा उल्लिखित व्यवस्थाअनुसार सोही नियमावलीको नियम १०६ को कसुरमा सोही नियमावलीको नियम १०९ को देहाय (क) (७) बमोजिम तल्लो पदमा (प्रहरी हवल्दार पदबाट प्रहरी जवान पदमा) घटुवा गर्ने गरी प्रहरी उपरीक्षकबाट मिति २०७२।०९।१७ मा भएको निर्णय पुनरावेदन तहबाट सदर हुने ठहरी प्रहरी नायब महानिरीक्षकबाट मिति २०७२।१०।२५ मा निर्णय भएको देखिन आउने।

निवेदक हरिराम धवलले प्रहरी हवल्दार पदमा कार्यरत रहँदा प्रहरी संगठनको मर्यादा तथा

प्रतिष्ठामा आँच आउने गरी अनुशासनहीन काम गरी प्रहरी आचरण व्यवहार तथा लैंगिक अनुशासनमा संवेदनशील भई लैंगिक हिंसा नियन्त्रणमा समेत सक्रियता देखाई महिलाहरूलाई उचित व्यवहार गर्नुपर्नेमा एक महिला प्रहरी कर्मचारीमाथि अभद्र व्यवहार गरेको पुष्टि हुन आएकोले निज निवेदक हरिराम धवललाई प्रहरी नियमावली, २०७१ को नियम ११२ को देहाय (क) र (ख) मा उल्लिखित व्यवस्थाअनुसार सोही नियमावलीको नियम १०६ को कसुरमा सोही नियमावलीको नियम १०९ को देहाय (क) (७) बमोजिम तल्लो पदमा (प्रहरी हवल्दार पदबाट प्रहरी जवान पदमा) घटुवा गर्ने गरी प्रहरी उपरीक्षकबाट मिति २०७२।०९।१७ मा भएको निर्णय पुनरावेदन तहबाट सदर हुने ठहरी प्रहरी नायब महानिरीक्षकबाट मिति २०७२।१०।२५ मा निर्णयमा कुनै कानूनी त्रुटि नदेखिँदा रिट निवेदकको मागबमोजिम आदेश जारी गर्नुपर्ने देखिन आएन। अतः प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: लोकबहादुर हमाल

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७३ साल भदौ २३ गते रोज ५ शुभम्।

## इजलास नं. ५

१

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०६७-CI-१३१२, निषेधाज्ञा, *सराजुल मियाँ मंसुरी वि. इन्द्रनिल गुप्ता*

निवेदन दाबीको कि.नं.९५ को जग्गाको मोही यी पुनरावेदक सराजुल मियाँ मंसुरी भएका निजले नै भोगचलन गरी वाली लगाई कुत धरौट राखी बुझाई आएको भनी पुनरावेदन जिकिर लिएको पाइन्छ, सो कुरालाई प्रत्यर्थी निवेदकले खण्डन गर्न सकेका छैनन्। मोहीको हैसियतले कमाई आएको जग्गामा प्रवेश गर्न रोक लगाउन नमिल्ने हुँदा पुनरावेदन अदालत, हेटौंडाले विपक्षीको नाउँमा निषेधाज्ञाको आदेश जारी हुने ठहऱ्याई गरेको मिति २०६७।३।२१ को आदेश कानूनको रोहमा मिलेको देखिन नआउने।

अतः विवेचित आधार एवम् कारणहरूबाट निवेदन दाबीको कि.नं. ९५ को ज.वि. ०-१२-० को जग्गामा अनाधिकार हस्तक्षेप, दखल, कब्जा नगर्नु नगराउनु भनी विपक्षीको नाउँमा निषेधाज्ञाको आदेश जारी हुने ठहऱ्याई गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६७।३।२१ को आदेश उल्टी भई निषेधाज्ञाको निवेदन खारेज हुने।

इजलास अधिकृत: कृष्णप्रसाद अधिकारी

कम्प्युटर: बासुदेव गिरी

इति संवत् २०७४ साल असार २६ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०६९-CR-०३४०, लुटपिट, *अमितकुमार बाजला वि. सराजुलमिया मंसुरी*

वादी दाबीको उक्त मोही लगत कट्टा भएको भनिएको मूल स्रोत साबिक जग्गाधनी दण्डकुमारी उप्रेती र मोही भनिएका गफुर मियाँबीच मोही लगत कट्टा हुने गरी मिति २०३८।११।१४ मा भएको मिलापत्रउपर चलेको मिलापत्र किर्ते र मिलापत्र बदर मुद्दामा मिलापत्र कानूनतः बदर हुने गरी पुनरावेदन अदालत, हेटौंडाबाट २०६४।५।१० मा फैसला भएकोमा उक्त फैसला अन्तिम भई बसेको छ। २०३८।११।१४ को मोही लगत कट्टा हुने गरी भएको मिलापत्र किर्ते ठहरी बदर भएपछि प्रत्यर्थी प्रतिवादीका पिता गफुर मियाँको मोहियानी हक स्वतः स्थापित भएको मान्नु पर्ने।

पिताको शेषपछि भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) अनुसार निजको छोरा यी प्रत्यर्थी प्रतिवादी सराजुल मियाँलाई मोहियानी हकप्राप्त हुने देखिन्छ। पुनरावेदन अदालत, हेटौंडाको मिति २०६४।५।१० को फैसला बदर गरी पाउन पुनरावेदक

वादीले दायर गरेको ०६७-DP-०६५१ को फैसला बदर मुद्दा पनि वादी दाबी पुग्न नसक्ने ठहऱ्याई बारा जिल्ला अदालतबाट मिति २०६७।७।१४ मा भएको फैसला सदर हुने ठहरी पुनरावेदन अदालत, हेटौंडाबाट २०६९।३।१७ मा फैसला भएको देखिँदा कसैको मोही नभएको भन्ने वादी दाबी एवम् पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

मिलापत्र बदर मुद्दामा पुनरावेदन अदालत, हेटौंडाको मिति २०६४।५।१० को फैसलाले मोही स्व. गफुर मियाँको मोहियानी हक पूर्ववत् कायम भएको निज गफुर मियाँका नाउँको उक्त जग्गाको मोहियानी हक निजको छोरा यस मुद्दाका प्रतिवादी सराजुल मियाँ मंसुरीको नाउँमा मोही नामसारी हुने ठहऱ्याएको भूमिसुधार कार्यालय, बाराको मिति २०६५।६।९ को फैसला सदर हुने ठहरी ०६७-DP-०६५१ को मोही नामसारी मुद्दामा निर्णय भएको देखिँदा वादी दाबीको जग्गा मोहीको हैसियतले प्रतिवादीको भोगचलनमा रहेको मान्नु पर्ने।

मोही बेदखली र मोही हटक मुद्दामा मोहीबाट जग्गा बेदखली गरेको ठहऱ्याई भएको सुरू फैसला पुनरावेदन अदालत, हेटौंडाबाट सदर हुने ठहरी फैसला भएको हुँदा वादी दाबीको जग्गाबाट आँप, सिसौ, बाँसघारी प्रतिवादीले काटी लुटपिट गरी लगेको भन्न मिल्ने अवस्था नदेखिँदा वादी दाबी पुग्न नसक्ने ठहर गरेको सुरू बारा जिल्ला अदालतको फैसलालाई सदर गर्ने ठहऱ्याएको पुनरावेदन अदालत, हेटौंडाको मिति ०६९।३।१७ को फैसला अन्यथा भन्न मिल्ने नदेखिने।

मुलुकी ऐन, कुटपिटको महलको ६ नं. को कानूनी व्यवस्थाले वादीलाई सजाय गर्नुपर्ने अवस्था नदेखिँदा सुरूले वादीलाई रू.३०,०००।- (तीस हजार) जरिवाना हुने ठहर गरेको फैसला कानूनसङ्गत नहुँदा केही उल्टी हुन्छ भन्नु कानूनप्रतिकूल नदेखिने।

अतः विवेचित आधार र कारणबाट वादी दाबी पुग्न नसक्ने ठहर गरेको हदसम्म सुरू बारा जिल्ला अदालतको मिति २०६७।७।१४ को फैसला मिलेकै देखिँदा सो हदसम्म सदर भई वादीलाई लुटपिटको ६ नं. ले रू.३०,०००।- जरिवाना हुने ठहऱ्याएको उक्त फैसला मिलेको नदेखिँदा सो हदसम्म केही उल्टी हुने ठहऱ्याई भएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६९।३।१७ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: कृष्णप्रसाद अधिकारी

कम्प्युटर: बासुदेव गिरी

इति संवत् २०७४ साल असार २६ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७१-WO-०६८८, उत्प्रेषण / परमादेश, *सुरेन्द्र सिग्देलसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

शिक्षकको बढुवा भएको अवस्थामा निजले साबिकमा खाईपाई आएको तलबमानभन्दा हाल बढुवा भएको पदमा केही हदसम्म नै भएपनि बढी तलबमान प्राप्त गर्ने भन्ने व्यवस्था रहेको देखिन्छ। यसरी नेपाल सरकारको स्वामित्वमा रहेका सरकारी वा सार्वजनिक विद्यालयमा कार्यरत शिक्षकहरूको माथिल्लो श्रेणीमा बढुवा भएको अवस्थामा तल्लो तहभन्दा बढी नै तलबमान हुनुपर्ने भन्ने उक्त नियमको मनसाय रहेको छ। बढुवा वा पदोन्नतिसम्बन्धी अवधारणाअनुसार पनि कुनै व्यक्तिको तल्लो श्रेणी वा पदबाट माथिल्लो श्रेणी वा पदमा बढुवा हुन्छ भने बढुवा भएको श्रेणी वा पदअनुरूपको थप जिम्मेवारीका साथै थप सेवा सुविधामा पनि वृद्धि हुनु नै पर्ने।

निवेदकहरू प्रा.वि. तृतीय श्रेणीबाट प्रा.वि. द्वितीय श्रेणीमा बढुवा भई कार्यरत शिक्षकहरू भएकोमा कुनै विवाद छैन भने मिसिल संलग्न कागजातहरू एवम् निजहरू कार्यरत् विभिन्न विद्यालयहरूबाट खाईपाई आएको तलबमानसम्बन्धी विवरण हेर्दा प्राथमिक विद्यालय द्वितीय श्रेणीमा बढुवा भएका शिक्षकहरूको

तलबमानभन्दा प्राथमिक विद्यालय तृतीय श्रेणीमा कार्यरत् शिक्षकहरूको अन्तिम तलबमान बढी भएको भन्ने स्पष्ट देखिएको छ । यसरी निजहरूले साबिक प्रा.वि. तृतीय श्रेणीमा रहँदा खाईपाई आएको तलबमानभन्दा हाल द्वितीय श्रेणीमा बढुवा भएपछि खाईपाई आएको तलबमान न्यून देखिएकोले शिक्षा नियमावली, २०५९ को नियम १०२ अनुरूप मिलेको भन्ने देखिन नआउने ।

सरकारको मिति २०६६।४।४ को राष्ट्रसेवक कर्मचारीहरूको महँगी भत्ता, स्थानीय भत्ता, फिल्ड भत्ता र नयाँ तलबमान लागू गर्ने निर्णयबाट एउटै वर्षसँगै सेवा प्रवेश गर्ने प्रा.वि.तृतीय श्रेणीका शिक्षकले प्राप्त गर्ने तलबभन्दा प्रा.वि.द्वितीय श्रेणीमा बढुवा भएका यी निवेदकहरूको तलबभत्ता कम हुने देखिई शिक्षा नियमावली, २०५९ को नियम १०२ को विपरीत रहेको देखिएकोले उक्त निर्णय र सो निर्णयको आधारमा अर्थ मन्त्रालयले सम्बन्धित निकायहरूमा लेखेको मिति २०६६।४।९ को पत्र उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ । अब प्राथमिक विद्यालय तृतीय श्रेणीका शिक्षकले पाउने तलब रकमभन्दा द्वितीय श्रेणीको शिक्षकले पाउने तलब रकम न्यून नहुने गरी निवेदकहरूको प्रा.वि. द्वितीय श्रेणीको तलबमान शिक्षा नियमावली, २०५९ को नियम १०२ अनुकूल हुने गरी हालसम्म नमिलाएको भए मिलाउनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः सन्देश श्रेष्ठ

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७४ साल भदौ ६ गते रोज ३ शुभम् ।

४

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री तेजबहादुर के.सी.**, ०७१-WO-०९७१, उत्प्रेषण / परमादेश, *उत्तम महर्जन वि. श्रम अदालत, अनामनगर, काठमाडौंसमेत*

कुनै पनि संस्था वा प्रतिष्ठानमा काम गर्ने कामदारले इमान्दारीपूर्वक आफ्नो कर्तव्य निर्वाह गर्नुपर्छ । कानूनबमोजिमको आफ्नो कर्तव्य पूरा नगरी संस्था वा प्रतिष्ठानलाई हानि नोक्सानी पुग्ने कार्य गर्ने कामदार वा श्रमिकलाई जुन निकायले नियुक्त गरेको छ उक्त निकायले कानूनबमोजिम सजाय गर्न पाउने ।

निवेदकलाई सर्वप्रथम ग्राहकबाट सटही गर्न आएको रकमको पूरा क्वाइन भुक्तानी नदिएको भनी क्यासिनोमा आएका ग्राहकले नै उजुरी गरेको र क्यासिनोको सुपरभाइजरले तयार गरेको प्रतिवेदनसमेतको आधारमा निवेदकलाई स्पष्टीकरणको माग गरी सुनुवाइको पर्याप्त मौका दिइएको नै देखिन्छ । यसरी निवेदकले क्यासियरको रूपमा काम गर्दा क्वाइन लुकाई ग्राहकबाट बढी रकम लिएको पुष्टि भएको अवस्थामा निजलाई स्पष्टीकरणको समेत पर्याप्त मौका दिई सेवाबाट बर्खास्त गर्ने गरी भएको व्यवस्थापनको निर्णय र सो निर्णयलाई सदर गर्ने गरी भएको श्रम अदालतको फैसलामा कुनै कानूनी त्रुटि रहेको नदेखिने ।

कुनै पनि संस्था वा प्रतिष्ठानमा काम गर्ने कामदार वा श्रमिकले कामदार वा श्रमिकको हैसियतमा काम गर्दाको अवस्थामा कम्पनीको कुनै सामान चोरी गर्छ वा हानि नोक्सानी पुर्‍याउँछ भने श्रम ऐन आकर्षित हुन्छ र श्रम ऐनको आधारमा कम्पनीले सजाय गर्न पाउँछ । कुनै कार्यको सम्बन्धमा अन्य कानून आकर्षित हुन्छ वा हुँदैन भन्ने विषयले श्रम ऐनबमोजिम सजाय गर्न नमिल्ने भन्ने नहुने ।

अतः विवेचित आधारमा निवेदकले क्यासियरको रूपमा काम गर्दाको अवस्थामा ग्राहकबाट सटही गर्न आएको रकमको पूरा क्वाइन भुक्तानी नदिई चोरी गरेकोले श्रम ऐनबमोजिम निजलाई पदबाट मुक्त गर्ने गरी व्यवस्थापनबाट भएको निर्णय तथा सो निर्णयलाई सदर गर्ने गरी भएको श्रम अदालतको

फैसलामा कानूनी त्रुटि भएको नदेखिँदा निवेदन मागबमोजिमको उत्प्रेषणको आदेश जारी गर्नु परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः सन्देश श्रेष्ठ

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७४ साल भदौ ६ गते रोज ३ शुभम् ।

५

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या. श्री तेजबहादुर के.सी.,** ०७२-CI-०५२९, दूषित बेपत्ते नामसारी लिखत बदर दा.खा. बदर, दर्ता बदर, *तुलसीमाया भुजेल वि. डिकबहादुर भुजेल*

वादी डिकबहादुर भुजेल यी प्रतिवादी पुनरावेदकको सहोदर भाइ भएको तथ्यमा कुनै विवाद देखिँदैन । प्रतिवादी पुनरावेदकले आफ्नो पुनरावेदन पत्रमा वादी डिकबहादुर भुजेल बेपत्ता भएको भनी उल्लेखसम्म गरेको भए तापनि यी वादी आफ्नो भाइ नाताको व्यक्ति भएको तथ्यलाई स्वीकार गरेको देखिन्छ । यसरी जिउँदो नै रहेको आफ्नो भाइ नाताको व्यक्तिको सम्बन्धमा कुनै कुरा उल्लेख नै नगरी अर्का भाइ रामबहादुर भुजेल बेपत्ता भएको भन्ने आधारमा आफ्नो नाममा दा.खा.दर्ता गर्नुपर्ने भनी उल्लेख गरेको बेहोरा र सो बेहोरालाई आधारमानी मालपोत कार्यालय, भोजपुरले गरेको दा.खा. दर्ताको निर्णय दूषित निर्णय होइन भन्ने पुनरावेदकको जिकिरसँग सहमत हुन सक्ने अवस्था नदेखिने ।

कृषि विकास बैंकले ऋण असुलीको क्रममा धितो रहेको उक्त जग्गा लिलाम गरी यी विपक्षी तुलसीमायाले लिलाम सकार गरी आफ्नो नाममा नामसारी दा.खा.दर्ता गराएको अवस्था प्रस्तुत मुद्दामा होइन । यसरी दा.खा.दर्ता गराइएको जग्गाको हकदार वादी डिकबहादुर भुजेलसमेत भएको अवस्थामा निजको सम्बन्धमा कुनै बेहोरा नै उल्लेख नगरी तथा जग्गाधनी रामबहादुर भुजेल बेपत्ता भएको भनी गलत विवरण उल्लेख गरी गराइएको निर्णय दूषित नै भएको देखिने ।

अतः विवेचित कारण र आधारमा मालपोत कार्यालय, भोजपुरबाट मिति २०५४।०१।१८ मा भएको नामसारी दा.खा.दर्ता निर्णय दूषित देखिएकोले बदर हुने ठहऱ्याएको पुनरावेदन अदालत, धनकुटाको मिति २०७२।३।९ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: सन्देश श्रेष्ठ

इति संवत् २०७४ साल कात्तिक १६ गते रोज ५ शुभम् ।

## इजलास नं. ६

१

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री दीपककुमार कार्की,** ०७२-WO-०२१८, उत्प्रेषण, *शान्तकुमार तुलाधर वि. निजामती किताबखाना, हरिहरभवन पुल्चोक, ललितपुरसमेत*

नागरिकतामा उल्लेख भएअनुसार रिट निवेदक शान्तकुमार तुलाधरको जन्ममिति २०१४।१२।१४ देखिन्छ भने शैक्षिक योग्यताको प्रमाणपत्रमा र १३ पाने सिट रोलमा उल्लेख भएअनुसार जन्ममिति २०१४।९।११ भन्ने उल्लेख भएको देखिन्छ । यसका साथै रिट निवेदकले सुरुमा २०३१ सालमा राष्ट्रिय पञ्चायत सचिवालयमा अस्थायी नियुक्ति पाई सेवा गर्दा निज आफैँले भरेको १ पाने सिटरोलमा उल्लेख भएअनुसार निजको जन्ममिति २०१३।९।२ भन्ने देखिन आएकोले यी रिट निवेदकको जन्ममिति यकिन नभई ३ वटा जन्ममिति उल्लेख भएको देखिने ।

निजामती सेवा नियमावली, २०५० को नियम १०२क मा कुनै प्रमाण फाराममा वर्ष मात्र उल्लेख भएको र अर्को प्रमाणपत्रमा पूरा जन्ममिति खुलेको रहेछ । त्यस्तो प्रमाणपत्रमा उल्लिखित जन्ममितिहरूको बीचमा १ वर्षसम्मको अन्तर देखिए

पूरा खुलेको जन्ममितिलाई र एकवर्षभन्दा बढीको अन्तर देखिए जुन मितिबाट पहिले अवकास हुन्छ सोही मितिबाट अवकास दिइनेछ भन्ने उल्लेख भएको देखिन्छ । उल्लिखित कानूनी व्यवस्थाका आधारमा हेर्दा ३ वटा जन्ममिति देखिएका यी रिट निवेदकको निजामती सेवा प्रयोजनार्थ यकिन जन्ममिति कायम गर्नुपर्ने प्रस्तुत सन्दर्भमा उक्त ३ वटा जन्ममितिमध्ये पहिलो जन्ममिति २०१३।९।२ र दोस्रो जन्ममिति २०१४।९।११ देखिएको उक्त २ वटा जन्ममितिको बीचमा १ वर्षभन्दा बढीको फरक देखिएकाले निजको जन्ममिति २०१३।९।२ नै कायम हुने देखिने।

अतः रिट निवेदकले सरकारी नोकरी सुरू गर्दा आफैँले भरेको सिटरोलमा उल्लेख भएको जन्ममितिहरूमध्ये निजामती सेवा ऐन, २०४९ को दफा ३३(३) तथा निजामती सेवा नियमावली, २०५० को नियम १०२क. तथा व्यवस्थापिका संसद् सचिवालयसम्बन्धी ऐन, २०६४ को दफा ४५ को उपदफा ३ समेतमा उल्लिखित कानूनी व्यवस्थाअनुसार रिट निवेदकको जन्ममिति २०१३।९।२ कायम गरिएको देखिन आएकोले निजामती किताबखानाको मिति २०७३।३।२९ को निर्णय कानूनअनुरूपकै देखिँदा प्रस्तुत रिट निवेदनमा निवेदन मागअनुसार आदेश जारी गर्न मिल्ने अवस्था देखिन आएन। तसर्थः प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: रामु शर्मा

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७३ साल मङसिर २९ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०७१-CI-०३१२, निषेधाज्ञा, *प्रकाश शाही वि. विवेक श्रेष्ठसमेत*

पुनरावेदक प्रकाश शाही र प्रत्यर्थी विवेक श्रेष्ठबीच व्यापारिक कारोबार भई रकम लेनदेनको विषयमा विवाद भएको कुरा दुवै पक्षले स्वीकार गरेको देखिन्छ । रकम लेनदेनको विषय देवानी प्रकृतिको भएकोले त्यस सम्बन्धमा परेको उजुरीले विवाद समाधान गर्ने क्षेत्राधिकार महानगरीय प्रहरी परिसर र महानगरीय प्रहरी अपराध महाशाखाको नभएको कुरा महानगरीय प्रहरी अपराध महाशाखाले पुनरावेदन अदालत, पाटनमा पेस गरेको लिखित जवाफबाट पनि देखिन्छ। प्रत्यर्थी विवेक श्रेष्ठले महानगरीय प्रहरी परिसरमा ठगी र बैंकिङ कसुरसम्बन्धी अपराधमा आवश्यक कारबाही गर्न भनी निवेदन दिएकोले सोही सम्बन्धमा बुझ्न यी पुनरावेदक प्रकाश शाहीलाई बोलाएपछि बुझ्दै जाँदा लेनदेनको विवाद देखिएकोले आपसमा सहमति गर्न पठाएको भनी महानगरीय प्रहरी परिसरको लिखित जवाफबाट देखिने।

निषेधाज्ञाको निवेदन दायर भइसकेपश्चात् पनि निज प्रकाश शाहीले विवेक श्रेष्ठलाई रू.१,००,०००।- बुझाएको सुरू मिसिल संलग्न रसिदबाट देखिनुका साथै निजले यस अदालतमा पुनरावेदन गर्दासमेत स्वीकार गरेका छन् । निजले सो रकम पुनः सुचारू गर्न भनी दिएको जिकिर लिए तापनि यी पुनरावेदक र प्रत्यर्थीबीच रकम लेनदेनकै सन्दर्भमा विवाद भई प्रस्तुत निवेदन परेकोमा मुद्दा चलिरहेकै अवस्थामा पुनः अर्को लेनदेनको व्यवहार भएको होला भनी निजको जिकिर विश्वासप्रद नदेखिने।

पुनरावेदकलाई प्रहरीले पक्राउ गरेको वा पक्राउ गर्न कुनै पूर्जी जारी गरेको अवस्था मिसिलबाट देखिएको छैन । महानगरीय प्रहरी परिसरमा ठगी र बैंकिङ कसुरको अपराधको निवेदनको सन्दर्भमा बुझ्नको लागि निजलाई बोलाएकोसम्म देखिएको छ । उक्त ठगी र बैंकिङ कसुर फौजदारी अपराध भएको र सो विषयमा निवेदन लिई कारबाही गर्ने अधिकार कानूनले प्रहरी कार्यालयलाई दिएको हुँदा सो सम्बन्धमा बुझ्न बोलाएको कार्यलाई कानूनविपरीत

रहेको मान्न मिल्दैन। महानगरीय प्रहरी परिसरले नै सो सम्बन्धमा बुझ्दै जाँदा देवानी प्रकृतिको लेनदेन विवाद देखिएकाले आपसमा मिल्न फिर्ता पठाएकोसमेत लिखित जवाफमा उल्लेख गरेको र देवानी प्रकृतिको विवादमा पक्राउ गर्ने थुनामा राख्ने वा जबरजस्ती कागज गराउने कार्य नगरेको भनी उल्लेख गरेकोले निवेदकको भनाईको आधारमा मात्र पुनरावेदकलाई जबरजस्ती पक्राउ गर्ने, कागज गराउने आशङ्काको विद्यमानता नरहेकोले निषेधाज्ञाको आदेश जारी नहुने गरी भएको पुनरावेदन अदालतको फैसलालाई अन्यथा मान्न नमिल्ने।

तसर्थ विवेचित आधार कारणबाट मागबमोजिम निषेधाज्ञाको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नरहेकोले निवेदन खारेज हुने ठहऱ्याएको पुनरावेदन अदालत, पाटनको मिति २०७०।११।१४ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : रामु शर्मा

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७३ साल मङ्सिर ३० गते रोज ५ शुभम्।

३

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७१-CR-०३४७ र ०७१-CR-०९२४, मानव बेचबिखन तथा ओसारपसार, *नेपाल सरकार वि. सुनिता भन्ने दुर्गादेवी रेग्मीसमेत र विनोद भाटिया भन्ने विनोद मण्डल वि. नेपाल सरकार*

प्रतिवादीहरू विनोद भाटिया भन्ने विनोद मण्डल र सुनिता भन्ने दुर्गा रेग्मीउपर किटानी जाहेरी परेको, पीडितहरूले गरेको बयान र बकपत्रमा समेत जाहेरवालीहरूलाई निजसमेतले बेच्न लाने उद्देश्यले भारत लाने क्रममा भैरहवाको सुनौली नाकासम्म पुऱ्याएको र नाकामा माइती नेपालले बेचिनबाट जोगिएको भन्ने बेहोरा लेखाई जाहेरवालीहरूले जिकिर लिएको अवस्थामा जाहेरवालीहरूले प्रतिवादीहरू उपर आफूलाई बिक्री गर्न लगेको भनी झुट्ठा पोल गर्नुपर्ने कुनै औचित्यपूर्ण कारण नदेखिँदा पीडितहरूको भनाईलाई अन्यथा मान्न सकिने अवस्था नरहेको र प्रतिवादीहरूलाई लागेको कसुर खण्डन गर्ने भार प्रतिवादीहरूमा नै रहेकोमा प्रतिवादीहरूले साक्षी बकाई आफ्नो इन्कारी पुष्टि गर्न सकेकोसमेत नदेखिने।

बेच्ने उद्देश्यले लगेको होइन भन्ने कुराको प्रमाण पुष्टि गराउनु पर्ने दायित्व यी प्रतिवादीहरूले पुऱ्याउनु पर्नेमा लगेको कुरा स्वीकारेपछि बेच्ने उद्देश्यले होइन भन्ने ठोस प्रमाण दिन सकेको नहुँदा त्यत्तिकै मौखिक भनाइका भरले निजहरूको सफाइको आधार बन्न सकेको पनि देखिन्न। यस आधारबाट यी प्रतिवादीहरूले बेचबिखन गर्ने उद्देश्यले नै पीडित जाहेरवालीहरूलाई लिई गएको भन्ने कुरा पुष्टि भएको मान्नु पर्ने देखिन आउने।

अतः उल्लिखित आधार प्रमाणबाट यसमा प्रतिवादी विनोद भाटिया भन्ने विनोद मण्डल र प्रतिवादी सुनिता भन्ने दुर्गादेवी रेग्मीले पीडितलाई बेच्ने उद्देश्यले भारततर्फ सिमानामा लगी मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(क) को कसुरको उद्योगसम्म गरेको पुष्टि भएकोमा ऐ.ऐनको दफा ४(२)(ख) को कसुर कायम गरी ऐ.ऐनको दफा १५(१)(छ) बमोजिम सजाय गर्ने गरेको मिति २०६९।३।२७ को सुरू झापा जिल्ला अदालतको फैसला नमिलेको भनी उक्त फैसला केही उल्टी भई कसुरको प्रकृति हेरी प्रतिवादीहरू विनोद भाटिया र दुर्गादेवी रेग्मीलाई उक्त ऐनको दफा १५(१)(ङ)(१) का आधारमा जनही १४ वर्ष कैद र रू.५०,०००।– जरिवाना हुने कसुरको उद्योग गरेबापत ऐ.ऐनको दफा १५(१)(ज) बमोजिम उक्त सजायको आधा सजाय हुने साथै ऐ.ऐनको दफा १७ बमोजिम प्रतिवादीहरूबाट जनही रू.२५,०००।– क्षतिपूर्ति पीडितलाई भराई

दिनेसमेत ठहऱ्याई पुनरावेदन अदालत, इलामबाट मिति २०७०।१०।१३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: हिरामाया अवाल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७४ साल जेठ २४ गते रोज ४ शुभम्।

## इजलास नं. ७

१

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७२-CR-०१४४, कर्तव्य ज्यान, *हरिबहादुर भन्ने चुनबहादुर सार्की वि. नेपाल सरकार*

प्रतिवादीको बयान, मृतकको टाउकोलगायतका माथिल्ला भागमा चोट रहेको देख्ने व्यक्तिहरूको कथन, घटनास्थलमा पाइएको ढुङ्गा तथा त्यसमा लागेको रगत, प्रतिवादी तथा मृतकको बीचमा रहेको मनमुटाव तथा विवादको स्थिति, प्रतिवादीको परिवारको भान्सामा तयार भएको खानामा विष हाल्न गएकोमा उक्त काम नगरी फर्केको भन्ने प्रमाणका विरमान किसानले गरिदिएको मौकाको भनाइ, स्वयम् प्रतिवादीको पत्नी गिता सार्कीको मौकामा भएको कागजमा उल्लिखित कथनलगायतका प्रमाणले प्रतिवादीको मौकाको बयान बेहोरालाई समर्थन गरेको अवस्थामा उक्त बयानलाई प्रतिवादीको विरूद्ध प्रमाणमा लिन सकिने अवस्था विद्यमान रहेको देखिन आएको हुँदा प्रतिवादीलाई आरोपित कसुरमा कसुरदार ठहर गरी सजाय गरेको सुरू बागलुङ जिल्ला अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, बागलुङको फैसला मिलेकै देखिन आउने।

तसर्थ, विवेचित आधार, कारण तथा प्रमाणसमेतबाट प्रतिवादीलाई अभियोग दाबीबमोजिम ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने भनी ठहर गरेको सुरू बागलुङ जिल्ला अदालतको मिति २०७१।३।१६।२ को फैसलालाई सदर गरेको पुनरावेदन अदालत, बागलुङको मिति २०७२।२।४ गतेको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः सुरथप्रसाद तिमल्सेना

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०७४ साल असार २८ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०६७-CI-१०५४, लेनदेन, *पुनदेव साह कलवार वि. शिवजी साह कलवार*

यस अदालतबाट रकम बुझाएको भनी पेस भएको भरपाईको प्रतिलिपिमा तल माथि अन्य कुनै व्यक्तिको नामसमेत उल्लेख नभएको तथा भरपाई जाँच गरी राय दिने विशेषज्ञसमेत अदालतमा उपस्थित भई बकपत्र नगरेकोसमेत स्थितिमा उक्त भरपाईलाई मान्यता दिई सुरू एवम् पुनरावेदन अदालतबाट भएका फैसला फरक पर्न सक्ने भनी यस अदालतबाट निस्सा प्रदान भएकोमा दस्तखत नमुना परीक्षण गर्ने विशेषज्ञले कारणसहित राय दिई यस अदालतको आदेशबमोजिम बकपत्र गरेको देखिँदा विशेषज्ञको परीक्षण राय अन्यथा हो भन्न सकिने अवस्था नदेखिँदा उक्त भरपाई सद्दे साँचो देखिन आउने।

तसर्थ भरपाई किर्ते हो भन्ने पुनरावेदक / वादीको बयान बेहोरासमेत विश्वसनीय नदेखिँदा मिति २०६२।८।१५ गतेको बही खाताको भरपाईबाट पुनरावेदक / वादीले प्रत्यर्थी / प्रतिवादीबाट रू.१,६०,०००।- बुझी लिएको तथ्य पुष्टि हुन आएको देखिई विवादको तमसुकको रकमभन्दा अन्य कुनै त्यस्तो रकम बुझेको हो भन्ने पुनरावेदक / वादीको जिकिर एवम् कथनसमेत देखिन नआएकाले पुनरावेदक / वादीले उक्त दाबीकै रकममध्ये साँवा

र ब्याजको रकम बुझी बही खातामा बेहोरा जनाई हस्ताक्षर सहीसमेत गरेकाले उक्त मिति २०६२।८।१५ गतेसम्मको ब्याज र साँवा रकममा कट्टा गरी बाँकी हुन आउने साँवा र सो साँवाको उक्त मिति २०६२।८।१५ देखिको ब्याजसमेत पुनरावेदक / वादीलाई प्रत्यर्थी / प्रतिवादीले बुझाउनुपर्ने ठहऱ्याई पुनरावेदन अदालत, हेटौंडाबाट भएको फैसला मिलेकै देखिँदा पुनरावेदक / वादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः उल्लिखित विवेचित आधार, कारण र प्रमाणसमेतबाट मिति २०६२।८।१५ गते पुनरावेदक / वादी पुनदेव साह कलवारले बुझेको रकम रू.१,६०,०००।- कट्टा गरी बाँकी साँवा र ब्याज प्रत्यर्थी / प्रतिवादीबाट पुनरावेदक / वादीले भरिपाउने ठहऱ्याई सुरू बारा जिल्ला अदालतबाट मिति २०६६।७।१५ गते भएको फैसला सदर गरेको पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०६७।४।२१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः कोशलेश्वर झवाली

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७४ साल मङ्सिर २६ गते रोज ३ शुभम्।

३

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०६७-CI-०३००, घर भत्काई पाऊँ, *भरतबहादुर थापा क्षेत्री वि. सुजेन्द्रप्रसाद श्रेष्ठ*

प्रतिवादी सुजेन्द्रप्रसाद श्रेष्ठले घर निर्माण गर्दा पुरातत्त्व विभागद्वारा निर्धारित मापदण्ड पालना गरिएको छ वा छैन, पालना नगरेको भए कुन कुन कुरामा मापदण्डविपरीत निर्माण गरिएको हो, निजले काठमाडौं महानगरपालिकाको स्वीकृत नक्साभन्दा के कुन कुरामा फरक पारी घर निर्माण गरेका हुन्, स्वीकृत नक्सा तथा मापदण्डविपरीत घर निर्माण गरिएको भए घरको कुनै भाग भत्काए पुग्ने हो वा पूरै घर भत्काउनुपर्ने हो, भन्ने जस्ता कुराहरू मिसिलबाट स्पष्ट हुन सकेको देखिएन। यी विषयहरूको यकिन नगरी सतही र हचुवाको भरमा कुनै निर्णय गर्नु उपयुक्त हुँदैन। साथै स्पष्ट प्रमाण तथा कानूनी आधार बिना कसैको निजी सम्पत्तिमा अतिक्रमण गर्नु पनि न्यायोचित हुँदैन। कुनै पनि विवादमा बुझ्नुपर्ने प्रमाण बुझी सही निर्णय गर्नु न्यायकर्ताको दायित्व हो। प्रस्तुत मुद्दाको विवादित घर विश्व सम्पदा सूचीमा सूचीकृत हनुमानढोकाको संरक्षित स्मारक क्षेत्रभित्र परेको कारण सो सम्बन्धमा पुरातत्त्व विभाग तथा सरोकारवालालाई समेत बुझी पुनः इन्साफ हुनुपर्ने नै देखिन आयो। यस स्थितिमा प्रस्तुत मुद्दा पुनः निर्णयार्थ सुरू काठमाडौं महानगरपालिकामा पठाउने गरी भएको पुनरावेदन अदालतको फैसला मनासिब नै देखिने।

अतः काठमाडौं महानगरपालिकाको निर्णय बदर गरी जो जे बुझ्नुपर्छ बुझी नक्सा पासभन्दा विपरीतको कुन कुन निर्माण भएको छ, के कति भत्काउनु पर्ने हो यकिन गरी निर्णय गर्नु भनी पुनः निर्णयको लागि तारेखमा रहेका दुवै पक्षलाई तारेख तोकी मिसिल काठमाडौं महानगरपालिकामा पठाई दिने भनी तत्कालीन पुनरावेदन अदालत, पाटनबाट मिति २०६६।११।१३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। विश्व सम्पदा सूचीमा रहेको हनुमानढोका क्षेत्रको संरक्षणसमेतलाई ध्यानमा राखी सो सम्बन्धमा पुरातत्त्व विभागसमेतका सरोकारवालाहरूलाई बुझी पुनः निर्णय गर्नु भनी मुद्दाको मिसिल सुरू काठमाडौं महानगरपालिकामा पठाई दिने।

इजलास अधिकृतः महेश खनाल

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७४ साल भदौ ४ गते रोज १ शुभम्।

- यसै लगाउको ०६७-CI-०३७०, घर भत्काई पाऊँ, *देवेन्द्रमान श्रेष्ठ वि. सुजेन्द्रप्रसाद श्रेष्ठ* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

४

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०६८-CI-०४५९, लेनदेन, *नकछेदी दास तत्मा वि. बिक्रू साह तेली*

प्रतिवादीले वादीको लिखतलाई जालसाजीको संज्ञा दिएको देखिएको र उक्त लिखतमा रू.२,२४,०००।– को स्पष्ट अङ्क किटान भई लिखत तयार भएको देखिएको अवस्था हुँदा उक्त रू.२,२४,०००।– को लिखतमा जालसाजीको दाबी रहेको देखिएकोले प्रस्तुत मुद्दामा सो लिखत जालसाजी ठहर हुन सकेको छैन । उक्त लिखत जालसाजी ठहर भएका अवस्थामा वादीलाई किर्ते कागजको १० नं. बमोजिम उक्त लिखतमा लेखिएको अङ्कका आधारमा रू.५६,०००।- जरिवाना हुन सक्नेमा सोतर्फको प्रतिवादीको उक्त दाबी नठहरेकाले मुलुकी ऐन, दण्ड सजायको १८ नं. बमोजिम सोको आधाले हुन आउने रू.२८,०००।- प्रतिवादीलाई जरिवाना हुने अवस्था प्रस्तुत मुद्दामा विद्यमान देखिएकोले सुरू अदालतबाट यी पुनरावेदक प्रतिवादीलाई उक्त रू.५६,०००।- जरिवाना हुने ठहर गरेको उक्त फैसला नमिलेको हुँदा निज प्रतिवादीलाई रू.२८,०००।- जरिवाना हुने भनी पुनरावेदन अदालत, जनकपुरबाट भएको मिति २०६८।२।९ को फैसला मिलेकै देखिन आएको छ । प्रस्तुत विवादमा आफूले जालसाजीको जिकिर नै नलिएकोले आफूलाई किर्ते कागजको १० नं. बमोजिम सजाय हुनु नपर्ने भन्ने पुनरावेदकको प्रस्तुत पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ, प्रतिवादीलाई उक्त रू.५६,०००।- जरिवाना हुने ठहर गरेको सुरू धनुषा जिल्ला अदालतको मिति २०६६।१०।१७ मा भएको फैसला नमिलेको हुँदा सो हदसम्मको सुरू अदालतको फैसला उल्टी गरी यी पुनरावेदक प्रतिवादी नकछेदी दास तत्मालाई रू.२८,०००।- जरिवाना हुने भनी पुनरावेदन अदालत, जनकपुरबाट भएको मिति २०६८।२।९ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः सुरथप्रसाद तिमल्सेना
कम्प्युटर: मन्जिता ढुंगाना
इति संवत् २०७४ साल माघ १७ गते रोज ४ शुभम् ।

५

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०६८-CI-०८९८ र ०६८-CI-०९२५, फैसला बदर धर्मलोप, *जयचन्द्र दास वैष्णव वि. हरिदेवप्रसाद यादव र हरिदेवप्रसाद यादव वि. जयचन्द्र दास वैष्णव*

निजी आर्जनको सम्पत्ति हुन उसको आफ्नै ज्ञान सीप प्रयासबाट निजी आर्जन गरे वा कसैबाट दान वा बकस भएको वा कसैको अपुताली परेको वा स्त्री अंशधनको महलको ५ नं. बमोजिम पाएकोमा त्यस्तो आर्जनबाट पाएको सम्पत्ति सो आर्जन गर्ने वा पाउनेको निजी ठहरी निजले आफूखुस गर्न पाउने हो तर यही जग्गा राजीनामा गरी दिने राघवेन्द्र दासले आफूले शालिग्रामलाई २०३७ सालमा राजीनामा गरी दिई पुनः सोही जग्गा २०३९ सालमा आएर यिनै राघवेन्द्र दासले लिने र मिति २०५२।९।२३ मा राघवेन्द्र दासले स्वआर्जन भनी उल्लेख गरी जयचन्द्र मिश्रलाई दिएको देखिन्छ । आफ्ना नाउँमा भएको जग्गा शालिग्रामलाई राजीनामा गरी दिने र शालिग्रामबाट लिँदा यो मितिमा खरिद गरेको भनी जयचन्द्र मिश्रलाई दिँदा स्वआर्जन भनी उल्लेख गर्दैमा स्वआर्जनको हो भनी भन्न सकिने अवस्था नरहने ।

महोत्तरी जिल्ला अदालतमा चलेको रामचन्द्र ठाकुर लोहार र योगेन्द्रकुमार यादव वादी तथा राघवेन्द्र दास वैष्णव प्रतिवादी भएको धर्मलोप मुद्दामा मिति २०४३।३।३१ मा भएको मिलापत्र हेर्दा प्रतिवादी राघवेन्द्र दास वैष्णवका नाममा दर्ता रहेको जे जति जग्गा भए पनि बेचबिखन नामसारी गर्न नपाउने गरी प्रतिवादीउपरको धर्मलोपको दाबी छाडी मिलापत्र भएको मिसिल संलग्न मिलापत्रबाट देखिन्छ । उक्त

मिलापत्रमा गुठीको भनी प्रतिवादीले बिक्री वितरण गर्न नपाउने भन्नेसमेत उल्लेख भएको देखियो । उक्त जग्गा गुठीको होस् वा नहोस् प्रतिवादी राघवेन्द्र दासका नाममा रहेको जग्गा बिक्री वितरण गर्न नपाउने भन्ने कुरा स्वीकार गरी मिलापत्र भई सो मिलापत्र अन्तिम भई बसेको देखिँदा उक्त मिलापत्रलाई अन्यथा हो भन्न मिल्ने अवस्था नरहने ।

सार्वजनिक गुठीको जग्गाको विषयमा सार्वजनिक चासो र सरोकार देखाई अदालतबाट अनुमतिसमेत लिई फिराद दायर भएको देखिँदा मुलुकी ऐन, अ.बं.८६ नं. विपरीत वादीले फिराद दायर गरेको अर्थ गर्न मिलेन भन्दै प्रतिवादीले धर्मलोप गरेको पुनरावेदन अदालत, जनकपुरबाट मिति २०५७।१०।९ मा भएको फैसला मनासिब हुँदा सदर ठहरी वादी राम दुलार राय यादव प्रतिवादी रामकुमार दास वैष्णव भएको २०५८ सालको दे.पु.नं.२८४६ को धर्मलोप मुद्दामा यस अदालतबाट मिति २०६३।९।२० मा फैसला भइसकेको देखिँदा सार्वजनिक सरोकारको विषय मन्दिरको हकसमेत जाने भएको भनी मुलुकी ऐन अ.बं.१० नं. अन्तर्गत अनुमति लिई फिराद गरेको मनासिब नै देखिने ।

तसर्थ वादी योगेन्द्रकुमार यादव प्रतिवादी जयचन्द्र मिश्र भन्ने जयचन्द्र दास वैष्णव भएको सा.दे. नं.९६४ को धर्मलोप मुद्दामा र वादी योगेन्द्र कुमार यादव प्रतिवादी जयचन्द्र दास वैष्णव भएको लिखत दर्ता बदरसमेत मुद्दामा २०४३।३।३१ मा अन्तिम भएर बसेको धर्मलोप मुद्दामा भएको मिलापत्रमा प्रतिवादीको नाउँमा भएको जग्गा बिक्री वितरण गर्न नपाउने गरी मिलापत्रमा उल्लेख भएको अवस्थामा बिक्री गर्‍यो भन्नेसमेत वादी दाबी नपुग्ने गरी लिखत बदर र धर्मलोप मुद्दामा सुरू महोत्तरी जिल्ला अदालतबाट मिति २०५६।१२।१७ मा र पुनरावेदन अदालत, जनकपुरबाट मिति २०५८।६।१७ मा भएको फैसलाबाट मन्दिरको तर्फबाट दाबी लिई आएका यी पुनरावेदक / वादीसमेतको हकमा असर परेको देखिँदा धर्मलोप मुद्दामा यस अदालतबाट मिति २०६३।९।२० मा भएको फैसला तथा सुरू अदालतबाट मिति २०४३।३।३१ भएको मिलापत्रसमेतका आधारबाट बिक्री गर्न नहुने कुटीको जग्गा बिक्री गरेकाले धर्मलोपसमेत गरेको ठहर्‍याई फैसला गर्नुपर्नेमा सुरू जिल्ला अदालतले धर्म लोप हुने ठहर गरी भएको फैसला केही उल्टी हुने गरी पुनरावेदन अदालत, जनकपुरबाट भएको फैसला मिलेको नदेखिँदा पुनरावेदक / प्रतिवादी जयचन्द्र दास वैष्णवको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

अतः विवेचित आधार र प्रमाणसमेतबाट वादी दाबीको जग्गा मठको नै भनी भएको जिल्ला अदालतको मिति २०५६।१२।१७ र पुनरावेदन अदालतको मिति २०५८।६।१७ को फैसलाले मठको हक गएको भन्ने देखिन नआएको भनी फैसला बदर गर्ने गरी सुरू महोत्तरी जिल्ला अदालतबाट मिति २०६६।१।७ भएको फैसला मिलेको नदेखिँदा सो फैसला केही उल्टी हुने ठहर्‍याई पुनरावेदन अदालत, जनकपुरबाट भएको मिति २०६८।३।२६ मा भएको फैसला मिलेको नदेखिँदा केही उल्टी भई धर्म लोप हुने ठहर गरेको सुरू महोत्तरी जिल्ला अदालतबाट मिति २०६६।१।७ मा भएको फैसला सदर हुने ।

इजलास अधिकृतः कोशलेश्वर ज्ञवाली

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७४ साल मङ्सिर २६ गते रोज ३ शुभम् ।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६८-CI-०८९९ र ०६८-CI-०९२६, लिखत दर्ता बदर, *जयचन्द्र दास वैष्णव वि. हरिदेवप्रसाद यादव र हरिदेवप्रसाद यादव वि. जयचन्द्र दास वैष्णव*
- ०७१-CR-०४६१, जालसाजी, *जयचन्द्र दास वैष्णव वि. हरिदेवप्रसाद यादव*

- ०७१-CR-०४६२, लुटपिट, *जयचन्द्र दास वैष्णव वि. वेचन साहसमेत*

६

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०६८-CR-०७९१, ठगी, *नेपाल सरकार वि. गोविन्द महर्जनसमेत*

विवादका सन्दर्भमा उल्लेख गरिएको कि.नं.२०९ को ०-४-३-० जग्गा रू.१,५०,०००।– जाहेरवालीले लिई मिति २०५२।६।१० मा र.नं.१५११ बाट लिखत पारित गरी प्रतिवादी गोविन्द महर्जनलाई हकहस्तान्तरण गरेको देखिन्छ । सोही मिति २०५२।६।१० मा अर्को घरसारको लिखत गरि १ वर्षभित्र रकम फिर्ता दिई जग्गासमेत फिर्ता गर्ने समझदारी भएको तथ्य प्रस्तुत हुन आएको छ । सोबमोजिम जग्गा फिर्ता नगरी तहतह हस्तान्तरण गरेको विषयलाई लिएर यो ठगी मुद्दा दायर हुन आएको पाइन्छ । जाहेरवाला तथा प्रतिवादी गोविन्द महर्जनका बीच भएको कारोबार व्यवहार देवानी प्रकृतिको हो भन्ने तथ्य प्रमाणमा प्रस्तुत हुन आएको रजिस्ट्रेसन लिखतहरूबाट प्रस्ट देखिन्छ । वादी नेपाल सरकारले देवानी दायित्व निर्वाह नगरेको विषयलाई लिएर ठगीतर्फ दाबी गरी फौजदारी दायित्व बहन गराउने भनी प्रस्तुत मुद्दा परेको देखिँदा कानूनतः ठगी मुद्दामा अभियोग लगाउनु मनासिब नदेखिने ।

अनुसन्धान तहकिकात गर्ने प्रहरी कार्यालयलाई २०६० सालमा नै ठगीतर्फ कारबाहीका लागि उजुरी परी थाहा भइसकेपछि मुलुकी ऐन, ठगीको महलको ८ नं. बमोजिम थाहा पाएका मितिले १ वर्षभित्र मुद्दा दायर गर्नुपर्ने थियो । तर, प्रस्तुत मुद्दाको अभियोगपत्र २०६५।१।१५ मा मात्र दायर हुन आएको देखियो । यस अवस्थामा प्रस्तुत मुद्दा हदम्यादभित्र दायर गरेको भन्ने देखिन आएन । तसर्थ, प्रस्तुत मुद्दाको अनुसन्धान गर्ने प्रहरी कार्यालयलाई २०६० सालमा नै उजुरी परी थाहा पाएको विषयमा धेरै समयपश्चात् २०६५।१।१५ मा मात्र अभियोगपत्र दायर भएको कारणबाट प्रस्तुत मुद्दा हदम्याद नाघेपछि परेको हुँदा मिसिल संलग्न अन्य तथ्यमा प्रवेश गरी इन्साफ गर्न मिल्ने नदेखिँदा खारेज हुने ठहऱ्याई पुनरावेदन अदालत, पाटनबाट भएको फैसला मिलेकै देखिँदा वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

अतः विवेचित आधार, कारण र हदम्यादका आधारमा मुद्दा खारेज हुने ठहर गर्नुपर्नेमा मुद्दाको तथ्यमा प्रवेश गरी इन्साफ बोलेको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०६६।०२।२४ को फैसला केही उल्टी भई प्रस्तुत मुद्दा खारेज हुने ठहऱ्याई पुनरावेदन अदालत, पाटनबाट मिति २०६८।०२।२३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः कोशलेश्वर ज्ञवाली

इति संवत् २०७४ साल मङ्सिर २६ गते रोज ३ शुभम् ।

७

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७०-WO-०६३०, उत्प्रेषण, *बद्रीजङ्ग गुरूङसमेत वि. नेपाल बैंक लिमिटेड, काठमाडौं बैंकिङ कार्यालय, न्यूरोड काठमाडौंसमेत*

नेपाल राष्ट्र बैंकको मिति २०४६।५।५ को निर्देशनबमोजिम यी निवेदकहरू मिति २०५८।६।१५ देखि कालोसूचीमा परेको देखिन्छ । बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिई कर्जा लिँदाको समयमा गरेको सर्त सम्झौताबमोजिम समयमा पाकेको कर्जाको साँवा ब्याज रकम नबुझाउने ऋणी तथा जमानत कर्ताहरूलाई कालोसूचीमा समावेश गर्नुपर्ने कानूनी व्यवस्था नेपाल राष्ट्र बैंकबाट जारी कर्जा सूचना तथा कालोसूचीसम्बन्धी निर्देशिका, नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८८ को उपदफा १ को देहाय (ङ) ले गरेको हुँदा यी निवेदकलाई कालोसूचीमा राखेको कार्यमा कुनै कानूनी त्रुटि देखिँदैन । कम्पनीले लिएको ऋण चुक्ता भइसकेको छ भन्ने पनि निवेदकहरूको

भनाई देखिएन । निवेदकहरू मिति २०५८।६।१५ देखि नै कालोसूचीमा समावेश भइसकेकोमा ऋण भुक्तान भएको कुरा स्थापित हुनुबेगर १२ वर्षपछि आएर कालोसूचीबाट नाम हटाई पाउँ भनी माग गर्नु विलम्बको सिद्धान्तका आधारमा समेत मिल्ने देखिएन। साथै यी निवेदकहरू सफा हात लिई उपचार माग्न आएको भन्न मिल्ने देखिएन । अतः विवेचित आधार प्रमाणबाट निवेदन जिकिरबमोजिमको आदेश जारी गर्नुपर्ने देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः विद्याराज पौडेल

इति संवत् २०७३ साल मङ्सिर २७ गते रोज २ शुभम्।

८

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७०-RB-००६८, बढी भन्सार महसुल माग, *नेपाल सरकार वीरगञ्ज भन्सार कार्यालय वि. नवकार इन्टरनेसनल*

आर्थिक ऐन, २०६४ को दफा २ अनुसूची १ को दफा १६ लाई आधार बनाई राजस्व न्यायाधिकरण काठमाडौंले साठी दिनभित्र जाँचपासपछिको परीक्षण गर्नुपर्ने निर्णय गरेकोमा उक्त आर्थिक ऐनले भन्सार ऐन, २०६४ को दफा ३४(४) लाई निष्क्रिय बनाएको देखिँदैन । आर्थिक ऐनले सामान्यतया ६० दिनभित्र भन्ने बेहोरा उल्लेख गरेकोमा विशेष ऐनको व्यवस्थालाई समेत नजरअन्दाज गर्न मिल्ने नदेखिँदा राजस्व न्यायाधिकरणको फैसला कानून र न्यायका मान्य सिद्धान्तको रोहमा मिल्न आएको नदेखिने।

आर्थिक ऐन, २०६४ बमोजिम नेपालभित्र आयात हुने मालवस्तुको प्रतितपत्र र विजकमा स्पष्टरूपमा ब्राण्ड र सामानको विवरण (specification) खुलाउनुपर्नेमा केवल Chewing Gum मात्र खुलाएको देखिन्छ। त्यसैगरी पैठारी भएका सामानको Unit of measurement स्पष्ट नखुली कार्टुनमा घोषणा गरिएको देखिन्छ । पैठारीकर्ताले पैठारी गर्ने वस्तुको उत्पत्ति अर्थात् Place of origin देखि Place of Destination सम्मको सम्पूर्ण खर्चहरू घोषणा गर्नुपर्नेमा केही खर्च कम घोषणा गरेको देखिन्छ । पैठारीकर्ताले घोषणा गरेको मूल्य, लागत मूल्य र खुद्रा मूल्यमा समेत ठूलो फरक देखिन्छ सो कुरा मिसिल संलग्न भाटभटेनी सुपर मार्केटको बिलसमेतबाट देखिन आउँछ । उक्त वस्तु नवकार इन्टरनेसनलले भाटभटेनीलाई बिक्री गर्ने गरेको कुरा भाटभटेनीको मिति २०६५।४।१७ को पत्रबाट समेत देखिन्छ। भन्सार विन्दुमा पैठारीकर्ताले MRP मूल्य घोषणा गर्नुपर्नेमा सुरू कार्यालयसमक्ष खुद्रा मूल्य बिक्रेताले कति तोक्छ आफूलाई थाहा नहुने भनी पैठारीकर्ताका प्रतिनिधि दिपक नेपालले गरेको बयानसमेतबाट देखिन आउँदा भन्सार विभागको मिति २०६५।५।२३ को निर्णयलाई अन्यथा भन्न मिल्ने नदेखिने।

तसर्थ विवेचित आधार, कारण र प्रमाणबाट पुनरावेदक नवकार इन्टरनेसनललाई भन्सार विभागको मिति २०६५।५।२३ को जाँचपासपछिको प्रतिवेदनमा उल्लेख भएबमोजिम छुट रकम असुलउपर गर्ने भनी गरेको निर्णयलाई उल्टी गर्नेगरी भएको राजस्व न्यायाधिकरण काठमाडौंको मिति २०६७।४।२० को फैसला मिलेको नदेखिँदा उल्टी हुने।

इजलास अधिकृतः जगदीशप्रसाद भट्ट

इति संवत् २०७४ साल जेठ ३० गते रोज ३ शुभम्।

९

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७१-CR-००८२, बिनाइजाजत अवैध वन पैदावर ओसार पसार, *रामनाथ प्रसाद सिंह वि. नेपाल सरकार*

पुनरावेदकले चिरान काठ छुटपूर्जीअनुसार आफ्नै रोहबरमा लोड गरेको र ट्रकमा सिल टाँचा लगाएको ट्रकबाट सिल टाँचा यथावत् रहेकै अवस्थामा चेक जाँच गरिएको प्रत्येक काठमा टाँचा लागेको हुनुपर्नेमा २३ थान काठ टाँचा बिनाको अवस्थामा

भेटिएको र ४०.९२ क्यू.फिट बढी चिरान काठसमेत छोडपूर्जीअनुसार ट्रकमा लोड गरेकोभन्दा बढी देखिन आएबाट पुनरावेदकको बयान बेहोरा र बरामदी मुचुल्का एकआपसमा मिल्न भिड्न आएको देखिएन । छोडपूर्जीअनुसारको काठभन्दा बढी काठ ट्रकबाट बरामद भएको उक्त बरामदीलाई अन्यथा भन्न सकेको अवस्थासमेत नदेखिँदा यी पुनरावेदकको निर्दोष छु भन्ने पुनरावेदन जिकिर पुष्टि हुन सक्ने नदेखिने।

४०.९२ क्यू.फिट काठ छोडपूर्जीभन्दा बढी देखिएबाट यतिका धेरै परिमाणको काठ धोधकट्टी नगरेकै कारण बढी देखिएको भन्ने कुरा पत्यारलायक देखिँदैन । साथै सिलबन्द रहेको ट्रकबाट बरामद काठमध्ये २३ थान काठमा टाँचा नै लागेको नदेखिँदा बिनाटाँचाका काठका सम्बन्धमा नाप जाँचमा फरक परेको भन्ने कुरासमेत तर्कसङ्गत नदेखिने।

पुनरावेदक सहायक वन अधिकृत पदका सरकारी कर्मचारी रहेको र निज उपलब्ध भएसम्म निजलाई रोहबरमा नराखिनुपर्ने कुनै कारण देखिँदैन। एकान्त ठाउँमा गोप्यरूपमा बरामदी गरिएको नभई स्थानीय भलादमी, वन मन्त्रालय, वन विभाग, क्षेत्रीय वन कार्यालय, जिल्ला वन कार्यालयसमेतका प्रतिनिधिहरूको रोहबरमा रीत पुर्‍याई गरेको बरामदीमा निज तत्काल बरामदीस्थलमा मौजुद नरहेको कारणबाट निजलाई बरामदी मुचुल्कामा रोहबरमा नराखेकै कारणले उक्त बरामदीलाई अन्यथा हो भन्न मिल्ने नदेखिने।

प्रतिवादीको सहयोगबाट नै छोडपूर्जीभन्दा बढीको काठ बिनाइजाजत ओसारपसार गरिरहेको अवस्थामा बरामद भएको देखिँदा यी पुनरावेदक प्रतिवादी रामनाथप्रसाद सिंह कसुरदार होइनन् भनी भन्न मिल्ने नदेखिँदा अभियोग दाबीबाट सफाइ पाउँ भन्ने निजको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः उल्लिखित आधार कारणबाट यी प्रतिवादी रामनाथ सिंहले ४०.९२ क्यू.फिट काठ बिनाइजाजत छाडी वन ऐन, २०४९ को दफा ४९(घ) र (ज) को कसुरमा सोही ऐनको दफा ५०(२)(घ)(४) बमोजिम अभियोग दाबीबमोजिम बिगो रू. ६६४।- को दोब्बर रू.१८३३२८।- जरिवाना हुने ठहर्‍याई भएको बारा जिल्ला अदालतको फैसला सदर गरी पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०७०।३।७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : जगदीशप्रसाद भट्ट

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७४ साल जेठ ३० गते रोज ३ शुभम्।

## इजलास नं. ८

१

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०७२-CI-०६५८, बकसपत्र बदर, दर्ता बदर, दर्ता कायम, *दोर्जनारायण चौधरीसमेत वि. रेनु चौधरी श्रेष्ठ*

वादी रेनु चौधरी श्रेष्ठ र प्रतिवादी दोर्जनारायण दुवैको कथनबाट वादी र प्रतिवादीको बीचमा विवाद भई दाम्पत्य जीवनमा बाँधिएको भन्ने तथ्यमा मुख मिलेको पाइन्छ । वादी र प्रतिवादी दोर्जनारायणबीच दाम्पत्य सम्बन्ध कायम भएपश्चात् प्रतिवादी दोर्जनारायणले अर्की प्रतिवादी आशमा चौधरीलाई मिति २०६७।१२।२ गते र.नं. १४०३१(ख) बाट जिल्ला सुनसरी हासपोसा गा. वि. स. वडा नं. ४(क) कि. नं. ४०४, ऐ. वडा नं. ४(ग) कि.नं. २०४३, ९८८, ९८५, ११७, २१९३, २१९४, २१९५ र ऐ. इनरूवा नगरपालिका वडा नं. ७(ख) कि. नं. १८३५ को जग्गा हालैको बकसपत्रद्वारा बकस गरिदिएको देखिन्छ । विवादित बकस पत्रको लिखत पारित हुँदा वादी र प्रतिवादी दोर्जनारायणबीच दाम्पत्य सम्बन्ध कायम भइसकेको अवस्था हुँदा वादी

र यी प्रतिवादीबीच नाता र अंशियार भएकोमा विवाद देखिएन साथै निजहरूबीच अंशबन्डा भइसकेको पनि नपाइने।

प्रतिवादी दोर्जनारायणले विवादित जग्गा बकस गरिदिँदा वादीको मन्जुरी लिएको र लिखतमा साक्षी राखेको पनि देखिँदैन। विवादित जग्गा प्रतिवादी दोर्जनारायणले आफूखुस गर्न पाउने प्रकृतिको पनि देखिन आएको छैन। वादीलाई अंश दिनु पर्ला भनी प्रतिवादी दोर्जनारायण चौधरीले अर्का प्रतिवादी आसमा चौधरीलाई हालैको बकसपत्र गरिदिएको पुष्टि हुन्छ। यस्तो अवस्थामा विवादित वादीको समेत हक लाग्ने जग्गा प्रतिवादीमध्येका दोर्जे नारायण चौधरीले अर्का प्रतिवादी आशमा चौधरीलाई बकसपत्रको लिखत गरी दिँदा वादीको मन्जुरी नलिई गरेको हुँदा सो व्यवहार सदर हुन सक्ने नदेखिने।

गरिएको विवेचना र लिएको आधार प्रमाणबाट वादी दाबी नपुग्ने ठहऱ्याएको सुरू सुनसरी जिल्ला अदालतको मिति २०७१।०१।२५ को फैसला उल्टी गरी वादी र प्रतिवादीबीच दाम्पत्य सम्बन्ध कायम रहेको अवस्थामा वादीको मन्जुरी नलिई अंशको हकबाट वञ्चित हुने गरी प्रतिवादी दोर्जनारायण चौधरीले आसमा चौधरीलाई मिति २०६७।१२।०२ मा र.नं. १४०३१(ख) बाट हालैको बकसपत्र गरी हकहस्तान्तरण गरेको सुनसरी जिल्ला हासपोसा गा.वि.स. वडा नं. ४(ग) कि.नं.२०४३, ९८८, ९८५, ११७, २१९३, २१९४, २१९५, ऐ. वडा नं. ४ (क) कि.नं. ४०४ र ऐ. इनरूवा नगरपालिका वडा नं. ७(ख) कि.नं. १८३५ को जग्गाहरूको वादी दाबीबमोजिम वादीको अंश हकजति अर्थात् ३ भागको १ भाग लिखत र दर्तासमेत बदर गरी नरमगरम मिलाई वादीका नाममा दर्तासमेत हुने ठहऱ्याई मिति २०७२।२।२७ मा पुनरावेदन अदालत, विराटनगरबाट भएको फैसलालाई अन्यथा भन्न मिल्ने अवस्था देखिएन। तसर्थः पुनरावेदन अदालत, विराटनगरबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: जयराम श्रेष्ठ

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७५ साल असार ३ गते रोज १ शुभम्।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७२-CR-०५३६, सम्बन्ध विच्छेद, अंश चलन, *दोर्जनारायण चौधरीसमेत वि. रेनु चौधरी श्रेष्ठ*
- ०७२-CI-०६५९, हक छोडपत्र बदर, दर्ता बदर, दर्ता कायम, *दोर्जनारायण चौधरीसमेत वि. रेनु चौधरी श्रेष्ठ*

२

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७०-CI-१३०७, अंश नामसारी, *सन्तलाल बनियासमेत वि. बिन्दा बनियासमेत*

वादी प्रतिवादीहरू मूल व्यक्ति गयाका तीन छोराहरूमध्ये जेठा छोरा छाकुरका छोराहरू र निजहरूका हकदार रहेको देखिन्छ। बेचनले दायर गरेको अंश मुद्दा यी वादी प्रतिवादीका बाबु बाजे नाताका व्यक्तिहरूउपर दिएको देखिन्छ। बेचनले दायर गरेको अंश मुद्दामा भएको मिलापत्रमा प्रस्तुत मुद्दाका वादी प्रतिवादीहरू संलग्न भएको देखिएन। प्रस्तुत मुद्दाका वादी प्रतिवादीहरूका अघिल्लो पुस्ताका अंशियारहरू बीच भएको मिलापत्रमा प्रतिवादी सन्तलालको नाउँको घर जग्गा बन्डा नहुने भन्ने उल्लेख भएको कुराले यी सगोलका पछिल्लो पिँढीको सन्तलालका समान अंशियारहरूका हकमा समेत बन्डा नहुने भनी तर्क गर्नु न्यायसङ्गत देखिन आउँदैन। प्रस्तुत मुद्दाका वादी प्रतिवादीहरूका बीच अंशबन्डा भएको देखिँदैन। सगोलमा रहेका कुनै अंशियारको नाउँमा भएको जग्गा सो दर्तावाला अंशियारको निजी आर्जनको हो भन्ने

स्पष्ट प्रमाणित हुने प्रमाणबेगर दर्तावालासरहका अन्य अंशियारलाई दर्ताकै नाताले अंशहकबाट वञ्चित गर्न न्यायसङ्गत हुँदैन । हाम्रो अदालतले व्यक्तिको अंशको हकलाई नैसर्गिक हकको रूपमा मान्यता दिई आएको छ । प्रतिवादी सन्तलालले निजी भनी जिकिर लिएको घर जग्गाहरू निजभन्दा माथिल्लो पुस्ताका बाबु बाजे र काकाहरू बीच चलेको अंश मुद्दाहरूमा सन्तलालको आर्जन भनी अघिल्लो पुस्ताकाबीच बन्डा नहुने उल्लेख भएको आधारमा यी वादी प्रतिवादीका बीच पनि बन्डा नहुने भन्ने तर्क गर्न मिल्ने नदेखिने ।

प्रमाण ऐन, २०३१ को दफा ६(क) मा सगोलका अंशियारमध्ये जुनसुकै व्यक्तिको नाउँमा दर्ता रहे पनि सो सम्पत्ति सगोलको सम्पत्ति मान्नु पर्ने हुन्छ । सगोलको होइन बन्डा नहुने सम्पत्ति हो भन्नलाई त्यस्तो जिकिर लिने व्यक्तिले बन्डा नहुने निश्चयात्मक प्रमाणबाट पुष्टि गर्नुपर्ने हुन्छ । सगोलकै हैसियतले वादी प्रतिवादी अलगअलग स्थानमा व्यवहार गरी बसे पनि सगोलकै हैसियतमा आर्जन गरेको सम्पत्तिमा दर्तावालाबाहेक अन्य अंशियारको अंश हक नलाग्ने भनी अर्थ गर्न मिल्ने देखिन आउँदैन । निजी आर्जन भन्ने प्रमाणबाट पुष्टि नभएसम्म समान पुस्ताका अंशियारबीच रहेको सम्पत्ति बन्डा लाग्ने नै देखिने ।

अतः प्रतिवादी सन्तलालबाट पेस भएको तायदातीमा उल्लिखित मिति २०५३।५।१० को मिलापत्रमा उल्लिखित मैनहिया गाउँ विकास समिति, सिद्धार्थनगर नगरपालिका र हाटी वनगाई गाउँ विकास समितिको जग्गा निजी ठहर गरी बन्डा नलाग्ने गरी सुरु रूपन्देही जिल्ला अदालतबाट मिति २०७१।३।२४ मा भएको फैसला सो हदसम्म नमिलेको हुँदा केही उल्टी भई मिति २०५३।५।१० मा भएको मिलापत्रमा उल्लिखित जग्गाबाट वादी दाबीबमोजिमको अंशभाग पाउने ठहऱ्याई पुनरावेदन अदालत, बुटवलबाट मिति ०७२।२।३१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: जगतबहादुर पौडेल
कम्प्युटर: प्रेमबहादुर थापा
इति संवत् २०७५ साल असार १९ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७३-CI-१५१६, अंश, *सानी भण्डारी वि. गणेशबहादुर भण्डारी*

वादीका पतिले विभिन्न व्यक्तिहरूलाई बिक्री गरेको जग्गा प्रतिवादीको पत्नीले हकसफा गरी लिएकोसमेत देखिन्छ । पतिको जीवनकालमा यी वादीका पतिले अंशमा विवाद गर्न सकेको देखिँदैन । यसरी वादीका पति चित्रबहादुरले दाजु गणेशबहादुरसँग अंश लिनुपर्ने बाँकी रहे भएको भए निजले आफू जीवित छँदै अंशमा दाबी गरेको हुनुपर्थ्यो । वादीका पति चित्रबहादुर दिने र ज्ञानबहादुर गुरूङ लिने गरी कि.नं.२८ को जग्गा निजले ज्ञानबहादुर गुरूङलाई दिँदा हकभोगको बेहोरामा साबिक दर्ता नं. ७ फारामसमेत दाजु गणेशबहादुरको नाउँमा भएको निज दाजुसँग छुट्टी भिन्न भई आफ्नो अंश भागमा पर्न आएको हाल सर्वे नापीमा आफ्नो नाउँमा दर्ता भएको भनी उल्लेख गरेको देखिँदा यी वादीका पति र प्रतिवादी गणेशबहादुरबीच पहिले नै छुट्टी भिन्न भएको भन्ने देखिन आउने ।

वादीका पति र प्रतिवादी गणेशबहादुरका बीच अंशबन्डाको ३० नं. मा संशोधन हुनुपूर्व अर्थात् २०३४।९।२७ भन्दा अगाडि नै घरसारमा बन्डा गरी आ-आफ्नो अंश भाग दर्ता भोगचलन बिक्री व्यवहार गरेको भन्ने देखिन आएकोले यस्तो स्थितिमा यस अदालतबाट मिति २०७३।१२।१५ मा मुद्दा दोहोऱ्याई हेर्ने निस्सा प्रदान हुँदा लिएका आधार, कारणसँग सहमत हुन नसकिने ।

तसर्थ, वादीका पति चित्रबहादुर भण्डारी र गणेशबहादुर भण्डारीबीच २०१८ सालमा नै छुट्टी

भिन्न भई नापीको समयमा अलग अलग नापी दर्ता गराई भोग बिक्री गरी आएको देखिँदा निजहरूबीच अंशबन्डा भएको लिखित प्रमाण नभए तापनि घरसारमा आ-आफ्नो अंशभाग छुट्याई एकले बिक्री गरी अर्कोले हकसफा गर्नेसमेतका तथ्यहरूबाट वादीका पति र प्रतिवादीबीच घरसारमा नै अंशबन्डा भएको मान्नुपर्ने हुन आयो । वादी र प्रतिवादी एकासगोलका अंशियार नदेखिँदा प्रतिवादीबाट वादीले अंश पाउने अवस्था देखिन आएन भनी वादी दाबी पुग्न नसक्ने ठहऱ्याई सुरू तनहुँ जिल्ला अदालतबाट मिति २०७१।३।१० मा भएको फैसला सदर हुने ।

इजलास अधिकृत : जगतबहादुर पौडेल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७५ साल असार १९ गते रोज ३ शुभम् ।

## इजलास नं. ९

१

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०७२-CI-०७७४, उत्प्रेषण / परमादेश, *आसबहादुर राई वि. जया राई*

मिसिल संलग्न कागज प्रमाणबाट जसको जुन ठाउँमा स्पष्ट वतन र बसोबास देखिन्छ सोही ठाउँमा अ.बं.११० नं. र ११२ नं. को रीत पुऱ्याई म्याद तामेल गरी निर्णयबाट असर पुग्ने व्यक्तिलाई आफ्नो कुरा भन्न पाउने सुनुवाइको मौका प्रदान गरी प्राकृतिक न्यायको सिद्धान्तको परिपालना गरेर मात्र निर्णय गर्नुपर्ने हुन्छ । तर प्रस्तुत मुद्दामा सो नगरी घर ठेगाना पत्ता नलागेको भनी स्थान नखुलेको सार्वजनिक पानी ट्याङ्कीमा बेपत्ते म्याद तामेली भएका आधारमा जया राईको नाउँको म्याद तामेल भएको मानी जग्गा कमाउन छोडेको भन्ने स्थलगत सर्जमिनको आधारमा प्रत्यर्थी जया राईलाई आफ्नो कुरा भन्ने मौका नदिई जग्गाधनीको एकतर्फी भनाईलाई आधार मानी प्राकृतिक न्यायको सिद्धान्तविपरीत जया राईको नाउँमा रहेको उल्लिखित कि.नं.१०३ जग्गाको मोहियानी हकबाट वञ्चित गराई मोहीको लगत कट्टा हुने गरी मालपोत कार्यालय, धनकुटाले मिति २०६४।६।९ मा निर्णय गरेको पाइयो । सो निर्णयबाट निवेदिकाको सम्पत्तिसम्बन्धी कानूनी हकमा आघात परेकै देखिने ।

कुनै व्यक्तिको हकहितमा असर पर्ने गरी निजको विरूद्धमा कुनै उजुरी, सुनुवाइको मौका स्वच्छ न्यायको एउटा महत्त्वपूर्ण कडि मानिन्छ । यो व्यवस्थालाई औपचारिकताका लागि मात्र सूचना दिएको जसरी व्यवहार गर्न मिल्दैन । जसको नाममा सूचना जारी भएको हो निजले सूचना सहज किसिमले प्राप्त गर्न सक्ने किसिमबाट तामेल गर्नुपर्ने कानूनले निर्देश गरेको छ भने सम्बन्धित व्यक्तिलाई सुनुवाइको मौका दिएर मात्र निर्णय गर्नुपर्ने कर्तव्य र दायित्व सो निर्णय गर्ने अधिकारीको हुने ।

मालपोत कार्यालय, धनकुटाले स्थलगत सर्जमिनबाट जग्गा कमाउन छोडेको भन्ने आधारमा मात्र विपक्षी आसबहादुर राईको मात्र एकतर्फी कुरा सुनी जया राईको मोही हक समाप्त हुने गरी मिति २०६४।६।९ मा निर्णय गरेको देखिँदा सो निर्णय प्राकृतिक न्यायको सिद्धान्तको आधारको रूपमा रहेको मुलुकी ऐन अ.बं. ११० नं. र ११२ नं. विपरीत रहेको देखियो । यसरी विपक्षी जया राईको नाउँमा बेरीतपूर्वक तामेल भएको म्यादको आधारमा मालपोत कार्यालय, धनकुटाले मिति २०६४।६।९ मा गरेको निर्णय उत्प्रेषणको आदेशद्वारा बदर हुने नै देखियो । अतः जग्गाधनी आसबहादुर राईको मोही हक लगत कट्टा सम्बन्धमा परेको निवेदन सम्बन्धमा मोही जया राईलाई बुझी कानूनबमोजिमको प्रक्रिया पूरा गरी पुनः निर्णय गर्नु गराउनु भनी विपक्षी मालपोत कार्यालय, धनकुटाको नाउँमा परमादेशको आदेशसमेत जारी हुने ठहर गरेको पुनरावेदन अदालत, धनकुटाको फैसला मनासिब नै देखिने ।

तसर्थ उपर्युक्त तथ्य एवम् विवेचित आधार प्रमाणबाट विवादको कि.नं. १०३ को जग्गाको जया राईको मोही हक समाप्त हुनेगरी मालपोत कार्यालय, धनकुटाबाट मिति २०६४।६।९ मा गरेको निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरी मोही हक लगत कट्टा सम्बन्धमा परेको जग्गाधनीको निवेदनमा कानूनबमोजिमको प्रक्रिया पूरा गरी पुनः निर्णय गर्नु गराउनु भनी मालपोत कार्यालय धनकुटाको नाउँमा परमादेशको आदेश जारी हुने ठहर गरेको पुनरावेदन अदालत, धनकुटाको मिति २०७२।३।१३ को आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः महेन्द्रप्रसाद भट्टराई

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७४ साल कात्तिक २३ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७१-CI-०८१४, नापी नक्साबमोजिम क्षेत्रफल सच्याई पाऊँ, *टिकालक्ष्मी बज्राचार्य वि. मालपोत कार्यालय, कलंकीसमेत*

जग्गाको क्षेत्रफल फरक परेको सम्बन्धमा मालपोत कार्यालयले ट्रायल चेकसमेत आवश्यक छानबिन गरी गराई सच्याउन सक्ने कानूनी अख्तियारी रहेको भए तापनि त्यसरी सच्याइने जग्गाको हक वा स्वामित्वका सम्बन्धमा विवाद नभएको अवस्था हुनुपर्ने।

आफ्नो जग्गाको हक वा स्वामित्वप्राप्त गरिएको पारित लिखतमा उल्लेख भएभन्दा बढी क्षेत्रफल जग्गामा आफ्नो हक भएको भनी दाबी लिनेले नै उक्त कुराको प्रमाणद्वारा पुष्टि गर्न सक्नु पर्ने हुन्छ। यसरी पुष्टि गर्न नसकेको अवस्थामा पारित लिखतमा उल्लिखित क्षेत्रफलमा मात्र उक्त व्यक्तिको हक रहने भनी प्रमाण ऐन, २०३१ को ७(ग) बमोजिम अदालतले अनुमान गर्नुपर्ने हुन्छ । त्यसैगरी अन्यथा प्रमाणित नभएसम्म कुनै सिङ्गो कित्ता जग्गालाई कित्ताकाट गरी निश्चित क्षेत्रफल जग्गा उल्लेख गरी लिखत पारित गरी हक छाडी दिएपछि निज जग्गाधनीसँग बाँकी रहेको सम्पूर्ण जग्गामा सम्बन्धित (साबिक) धनीको नै हक स्वामित्व रहन्छ भनी अदालतले अनुमान गर्नुपर्ने हुन्छ। यस किसिमको अनुमानको खण्डन गर्न चाहने पक्षले नै प्रमाण पुर्‍याउनुपर्ने हुन्छ । त्यसरी खण्डन हुन नसकेसम्म त्यस किसिमको पारित लिखतमा उल्लिखित क्षेत्रफल नै वास्तविक क्षेत्रफल हो र सोमा खरिद गरी लिनेको हकभोग रहने भनी अदालतले अनुमान गर्नुपर्ने।

यस आधारमा यी प्रत्यर्थी प्रतिवादीको कि.नं.७५ को जग्गा कित्ताकाट गरी कायम कि.नं. ८१ बिक्री गरी निज जग्गाधनीको नाउँमा बाँकी रहेको कि.नं. ८० को क्षेत्रफलमा अन्यथा प्रमाणित नभएसम्म जग्गाधनीकै हक वा स्वामित्व रहने हुन्छ । त्यसरी क्षेत्रफल सच्याउँदा यी पुनरावेदक वादीको कि.नं.८१ को हक भोगको जग्गासमेत कि.नं.८० को जग्गामा घुसेको भन्ने पनि नक्सा ट्रायल र स्थलगत सर्जमिन मुचुल्कासमेतबाट देखिन आएन। तसर्थ, उक्त कि.नं. ८० को जग्गाको क्षेत्रफल उल्लेख हुँदा त्रुटि भएको भनी त्रुटि सच्याई क्षेत्रफल संशोधन गरेको कुरालाई अन्यथा भन्न मिल्ने पनि नदेखिने।

कि.नं.७५ को मूल जग्गालाई कित्ताकाट गरी कायम कि.नं.८१ जग्गाको समूल कित्ता नै तहतह बिक्री हुँदै यी पुनरावेदक वादीले खरिद गरी लिएकोमा विवाद छैन । उक्त कित्ता जग्गा खरिद गरिलिएको लिखतमा उल्लेख भएको क्षेत्रफल नपुगेको भनी यी पुनरावेदक वादीले जिकिर लिन सकेको पनि देखिएन। तसर्थ, कि.नं. ८१ को जग्गाको क्षेत्रफलभन्दा बढी क्षेत्रफल कायम हुनुपर्दछ भन्ने पुनरावेदक वादीको दाबी र सोहीअनुसारको निजको कानून व्यवसायीको बहस जिकिरसँग सहमत हुन नसकिने।

अतः गरिएको तथ्यगत विवेचना, प्रमाण र कानून एवम् यस अदालतको आदेशअनुसार भई

आएको नक्सासमेतबाट यी पुनरावेदक वादीको कि.नं. ८१ को जग्गामा कुनै विवाद नै नदेखिएको र निजले आफूले खरिद गरेको जग्गाभन्दा बढी जग्गाप्राप्त गर्न नसक्ने हुँदा मालपोत कार्यालय, काठमाडौंबाट मिति २०६८।३।२३ को निर्णय सदर गर्ने गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०६९।१।३१ मा भएको फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृतः महेन्द्रप्रसाद भट्टराई

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७४ साल माघ १९ गते रोज ६ शुभम्।

## इजलास नं. १०

१

**मा.न्या.श्री मीरा खड्का र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई**, ०६८-CR-१२१७, कर्तव्य ज्यान, *नेपाल सरकार वि. दलबहादुर साउदसमेत*

मृतक आफैँ नसामा चुर भई हँसिया झिकी हिर्काउन खोज्नेसमेतका उदण्ड कार्य गर्दै हिँडेको, निजलाई नियन्त्रणमा लिई परिवारका जिम्मेवार व्यक्तिलाई बुझाउने उद्देश्यले हात बाँधी एक ठाउँबाट अर्को ठाउँमा लैजाने क्रममा पहाडी भू-भागमा लड्नु, सामान्य रूपमा खत चोट पर्नु वा घस्रिएको पाइनुलाई असामान्य मान्नुपर्ने हुँदैन । जाहेरवालालगायत मौकामा बुझिएका मानिसहरूले प्रतिवादीहरूले मृतक डम्बरबहादुर साउदलाई ज्यान मार्ने उद्देश्यले कुटपिट गरी मारी फालेका हुन् भनी किटानीसाथ उल्लेख गरेको देखिँदैन। मृतकले अत्यधिक रक्सी सेवन गरी उदण्ड मच्चाएकै कारण प्रतिवादीहरूले निजको हात बाँधी निजलाई बुझी लिन निजका आफन्त तथा प्रहरीसम्म पुऱ्याउन ल्याएकोमा मृतकको जिम्मा लिन इन्कार गरेको कुरा मृतककै भतिजालगायतका मानिसहरू उपस्थित भई अदालतमा बकपत्र गरिदिएको पाइन्छ। त्यसैगरी प्रहरीमा कागज गर्ने रँगी साउद र जाहेरवाला स्वयम्ले अदालतमा बकपत्र गर्दा मृतकको मृत्यु कसरी भयो भन्ने भन्न सकिँदैन । प्रतिवादीहरूले मुडेली धारबाट सुइलेक बजारसम्म समातेर लगेका हुन् भन्ने सुनेका हौं । जाहेरी सुनेका आधारमा दिएको हुँ भनी स्पष्ट लेखाई दिएको पाइन्छ । यी अवस्थाहरूबाट मृतकलाई मार्ने प्रतिवादीहरूको मनसाय रहेको कहीँकतैबाट स्थापित हुन सकेको देखिँदैन । तसर्थ उपर्युक्तानुसारको उल्लिखित तथ्यहरूबाट फौजदारी अपराध हुने आपराधिक तत्त्वहरूमध्येकै महत्त्वपूर्ण तत्त्व मनसायको अभाव रहेको पुष्टि भइरहेको र प्रतिवादीले गरेको कामबाट मानिस मर्न सक्छ भन्ने परिणामको ज्ञानको विद्यमानता रहेको नदेखिएको हुँदा मृतकको मृत्यु कर्तव्यबाट नभई भवितव्य परी मरेको देखिन आउने।

अतः विवेचित आधार प्रमाण दलबहादुर साउदसमेतका प्रतिवादीहरूले ज्यान मार्ने इविलाग लिई ज्यान मार्ने कार्य गरेको भन्ने नदेखिँदा प्रतिवादीहरू दलबहादुर साउद र रंगी साउदलाई ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम जन्मकैद एवम् प्रतिवादी प्रतिवादी रैभान साउदलाई ऐ.नं. को १७(३) नं. अनुसार १(एक) वर्ष ३ तीन महिना सजाय हुने गरी मिति २०६८।१।१४ मा बैतडी जिल्ला अदालतबाट भएको फैसला नमिलेको हुँदा सुरू फैसला केही उल्टी गरी निज प्रतिवादी दलबहादुर साउद, रंगी साउद र प्रतिवादी रैभान साउदले ज्यानसम्बन्धी महलको ५ नं. कसुरमा ऐ.को दफा ६(४) अनुसार जनही कैद २ (दुई) वर्ष कैद र ५००।- (पाँच सय) रूपैयाँ जरिवाना र प्रतिवादी प्रेमबहादुर साउदको हकमा सुरू फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत, महेन्द्रनगरको मिति २०६८।१०।३ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: नन्दकिशोर प्रसाद यादव

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७४ साल पुस ४ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री मीरा खड्का र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई**, ०६८-WO-०७५७, उत्प्रेषण, *मदनराज विष्टसमेत वि. जिल्ला वन कार्यालय, कञ्चनपुर*

रिट निवेदक मदनराज विष्टसमेत उपर मणीराज भट्टसमेतको जाहेरीले वादी नेपाल सरकार भई चलेको स.फौ.नं.४ को बिनाइजाजत वन पैदावार हटायो भन्ने मुद्दामा यी रिट निवेदक मदनराज विष्टसहितका २५ जना प्रतिवादीहरूलाई कसुर गरेकोमा साबित भएकाले ७ महिना कैद सजाय हुने ठहरी मिति २०६६।९।२२ मा फैसला भएको देखिन्छ । उक्त फैसलाले लागेको कैद रिट निवेदकहरू मदनराज विष्ट र झगबहादुर डगौराले आफूहरूले भुक्तान गरिसकेको भनी निवेदनमा उल्लेख गरेको पाइयो । यस अवस्थामा उक्त फैसलालाई निवेदकहरूले स्वीकार गरी बसेको मान्नु पर्ने ।

वन ऐन, २०४९ को दफा १६ अध्ययन गर्नु सान्दर्भिक देखिन आयो । ऐ. ऐनको दफा १६ को उपदफा (१) मा "राष्ट्रिय वनभित्रको जग्गा कसैले पनि दर्ता गर्न वा गराउन हुँदैन" तथा उपदफा २ मा "उपदफा (१) मा लेखिएको जग्गा दर्ता गराएको भए तापनि सो दर्ताको नाताले त्यस्तो जग्गा दाबी गर्न पाइने छैन र त्यस्तो दर्ता स्वत: बदर हुनेछ" भनी उल्लेख भएको पाइन्छ । उक्त कानूनी व्यवस्थाको परिप्रेक्ष्यमा हेर्दा कानूनले नै स्पष्ट रूपमा सरकारी वा सार्वजनिक जग्गा व्यक्तिको नाममा दर्ता गर्न गराउन निषेध गरेको अवस्थामा आफ्नो अधिकारक्षेत्र नाघी सुकुम्बासी समस्या समाधान आयोगले निर्णय गरी जग्गाधनी प्रमाण पुर्जा वितरण गरेकै आधार मात्रले उक्त जग्गाहरूमा निवेदकहरूको हक सिर्जना हुन्छ भन्ने जनाउँदैन । साथै त्यस्तो जग्गाधनी दर्ता प्रमाण पुर्जाको कानूनी हैसियत रहेको भन्ने निवेदकको दाबीसँग सहमत हुने अवस्था देखिँदैन । तसर्थ उल्लिखित फैसला तथा कानूनी व्यवस्थासमेतबाट सुकुम्बासी समस्या समाधान आयोगबाट निवेदकहरूसमेतलाई वितरण गरिएका जग्गाहरू राष्ट्रिय वन क्षेत्रको जग्गा हो भनी मान्नु पर्ने देखिन आउने ।

तसर्थ उल्लिखित तथ्य एवम् कानूनी व्यवस्थाको विवेचनासमेतका आधारमा जिल्ला वन कार्यालयबाट भएको २०६८।१०।६ को निर्णयउपर वन ऐन, २०४९ को दफा ६५(३) अनुसार पुनरावेदन लाग्ने व्यवस्था हुँदाहुँदै वैकल्पिक उपचारको बाटो अवलम्बन गर्नुपर्नेमा सो गरेको देखिएन । यसका साथै एउटै विषयमा पटकपटक मुद्दा चली निर्णयसमेत भइसकेको अवस्थामा रिट क्षेत्राधिकारमा प्रवेश गरेको देखिँदा रिट निवेदकहरूको मागबमोजिमको आदेश जारी गर्नु परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः नन्दकिशोर प्रसाद यादव

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७४ साल पुस ४ गते रोज ३ शुभम् ।

- यसै लगाउको ०६८-CI-०७७०, निषेधाज्ञा, *जग्गुलाल डगौरा वि. जिल्ला वन कार्यालय, कञ्चनपुरसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

३

**मा.न्या.श्री मीरा खड्का र मा.न्या.श्री प्रकाशमान सिंह राउत**, ०६६-WO-०९३४, उत्प्रेषण, *रनबहादुर थापा मगर वि. नरेन्द्रबहादुर अधिकारीसमेत*

हक बेहकको विषयमा मालपोत कार्यालयलाई निर्णय गर्ने अधिकार मालपोत ऐन, २०३४ ले प्रदान गरेको देखिँदैन । हक बेहकको विषय उपस्थित भएपछि त्यसको निर्क्यौल गर्न दुवै थरीलाई आफ्नो हक कायम गराई ल्याउनु भनी सुनाउनु पर्नेमा सो नगरी प्रत्यर्थी विपक्षी नरेन्द्रबहादुर अधिकारीको नाउँमा विवादित कि.नं. ७०४ र ७०६ को जग्गा दर्ता गरिदिने भनी पत्र पठाउने संखुवासभा जिल्ला अदालतको मिति २०६५।३।११ को पत्र तथा सोही पत्रको

आधारमा उक्त जग्गा प्रत्यर्थी विपक्षी नरेन्द्रबहादुर अधिकारीको नाउँमा दर्ता गरिदिने मालपोत कार्यालय, खाँदवारी, संखुवासभाको मिति २०६६।१०।१३ को निर्णय कानूनसम्मत देखिएन । तसर्थ संखुवासभा जिल्ला अदालतको मिति २०६५।०३।११ को पत्र तथा मालपोत कार्यालय, संखुवासभाको मिति २०६६।१०।१३ को निर्णय उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ । अब उल्लिखित विवादित कि.नं. ७०४ र ७०६ का जग्गाको सम्बन्धमा दुवै पक्षलाई हक कायम गराई ल्याउन सुनाउनु भनी मालपोत कार्यालय, संखुवासभाको नाममा परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृत: शिवप्रसाद पराजुली

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७४ साल मङ्सिर ४ गते रोज २ शुभम् ।

४

**मा.न्या.श्री मीरा खड्का र मा.न्या.श्री तेजबहादुर के.सी.**, ०७२-CI-१३५३, उत्प्रेषण, *विराजबाबु मल्ल वि. ग्लोबल आईएमई बैंक लि., पानीपोखरी, काठमाडौंसमेत*

निवेदक कम्पनीसमेतको लेखाई बेहोराबाट पनि ज्वाइन्ट भेन्चरमा यी निवेदक कम्पनीसमेतले मिति २०६५।१२।१६ मा रू.१,५०,००००।- ऋण लिएको र उक्त ऋण तोकिएको म्यादभित्र तिर्न नसकेकोसमेत स्पष्ट रहेको पाइन्छ । ज्वाइन्ट भेन्चरमा यसरी काम गरी रहेको देखिएको सन्दर्भमा ऋणको दायित्व कुनै एक्लो कम्पनीको मात्र नभई सामूहिक रुपमा नै बेहोर्नु पर्ने अवस्था हुन्छ । यदि कुनै फरक दायित्व बेहोर्नु पर्ने बेहोरा उल्लेख भई कुनै सम्झौता रहे भएको छ भने सोही सम्झौतामार्फत नै गर्नुपर्ने हुन्छ । तर न त यस्तो कुनै किसिमको सम्झौता निवेदन कम्पनीहरू र विपक्षी कम्पनीसँग भएको देखियो । न त यस्तै प्रकारको दायित्व बेहोर्नु पर्ने अन्य कुनै सम्झौता भएको मिसिल संलग्न कुनै कागजातबाट देखिँदैन । तसर्थ यस्तो परिस्थितिमा निवेदक कम्पनीसमेतले यस्ता दायित्वबाट उन्मुक्ति पाउनु पर्ने अवस्था नदेखिने ।

कानूनबमोजिमको प्रक्रिया पूरा गरी कालोसूचीमा राख्न सिफारिस गरेको अवस्थामा कर्जा सूचना केन्द्रले अनिवार्य रूपमा कालोसूचीमा समावेश गर्नुपर्ने कानूनी व्यवस्था भएको हुँदा सोहीअनुसार भएको हो भनी कर्जा केन्द्रको सुरू लिखित जवाफ रहेको देखिन्छ । यसबाट पनि कालो सूचीमा राख्नेलगायतका कार्य कानूनसम्मत नै रहेको बुझिने ।

यसअघि कालो सूचीमा समावेश गर्ने प्रक्रिया अगाडि बढाइनेसम्बन्धी सूचनाका सम्बन्धमा यी रिट निवेदकहरूले दिएको ०७० सालको मुद्दा नं.०७०-W०-१२५३ को उत्प्रेषण परमादेश मुद्दामा निवेदन माग दाबीबमोजिम ग्लोबल आईएमई बैंक लिमिटेडको मिति २०७१।२।५ को सूचना उत्प्रेषणको आदेशद्वारा बदर गरी रहनु परेन । निवेदन खारेज हुने ठहर्छ भनी पुनरावेदन अदालत, पाटनबाट मिति २०७१।९।११ मा आदेश भएबाट यी निवेदक कम्पनीसमेतले प्राकृतिक न्यायको सिद्धान्तको विपरीत भयो भनी यसरी दाबी गर्नु आफैँमा तर्कसङ्गत नदेखिने ।

अत: निवेदन मागबमोजिमको अवस्था नरहेको तथा निवेदकहरूलाई कालोसूचीमा राख्ने गरी गरेको निर्णय, पत्र र सो आधारमा कर्जा सूचना केन्द्र लिमिटेडले मिति २०७१।११।३ मा कालो सूचीमा राख्ने गरी गरेको निर्णय कानूनप्रतिकूलको नदेखिँदा निवेदन मागबमोजिमको उत्प्रेषणको आदेश जारी गर्न नमिल्ने ठहऱ्याई पुनरावेदन अदालत, पाटनबाट मिति २०७२।८।२ मा भएको आदेश मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: नन्दकिशोर प्रसाद यादव

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७४ साल मङ्सिर १९ गते रोज ३ शुभम् ।

५

**मा.न्या.श्री मीरा खड्का र मा.न्या.श्री तेजबहादुर के.सी.**, ०७२-CI-१३६५, उत्प्रेषण / परमादेश, *शशिकला पाण्डे वि. अजिवन निसा मुसलमानसमेत*

निवेदिका र निजका पति परशुराम पाण्डेबीच चलेको अंश मुद्दामा कि.नं.१७८५ को ज.वि.०-०-७१/२ जग्गामा बनेको पक्की तीन तले घरमा दोस्रो तलाको पूर्वतर्फको सिँढीसँग सटेको १ कोठा मात्र अंशबापत निवेदिकाले लिने गरी मिलापत्र भएको तथा उक्त निवेदिकाको हक हुन आएको, उपर्युक्त उल्लिखित जग्गा निवेदिकाको पति परशुराम पाण्डेले विपक्षी अजिवुन मुसलमानलाई बिक्री गरेकोमा सोउपर ०६७-CP-०४९० को हक कायम लिखत दर्ता बदर नामसारी मुद्दा दायर भएकोमा उक्त कोठामा हक कायम हुने र दर्ता नामसारीको दाबी नपुग्ने ठहरी रूपन्देही जिल्ला अदालतबाट मिति २०६८।८।१५ गते फैसला भएकोमा सो सुरू फैसला केही उल्टी भई कि.नं.१७८५ को ०-०-७१/२ मा बनेको पक्की तीनतले घरको पूर्वतर्फको सिँढीसँग सटेको १ कोठामा सम्म यी निवेदिकाको हक कायम भई सो कोठासम्म दर्ता बदर भई निवेदिकाको नाममा नामसारी हुने ठहरी पुनरावेदन अदालत, बुटवलबाट मिति २०७०।२।२९ गते फैसला भएको मिसिल संलग्न फैसलाको प्रतिलिपिबाट समेत देखिन आउँछ। साथै उक्त फैसला अन्तिम भई बसेको अवस्थासमेत देखिने।

प्रत्यर्थी विपक्षी मालपोत कार्यालय, रूपन्देहीले उल्लिखित फैसलालाई नै आधारमानी निवेदिकालाई जग्गाधनी प्रमाण पुर्जा दिएको पाइन्छ भने अर्कोतर्फ यी निवेदिकाले मालपोत कार्यालय, रूपन्देहीको निर्णयउपर पुनरावेदन गरेकोसमेत मिसिलबाट नदेखिने।

तसर्थ, निवेदन मागबमोजिम उत्प्रेषण परमादेशको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिएको हुँदा रिट निवेदन खारेज हुने ठहऱ्याएको पुनरावेदन अदालत, बुटवलको मिति २०७२।२।२६ को आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः सुदिपकुमार भट्टराई

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७४ साल मङ्सिर १९ गते रोज ३ शुभम्।

## इजलास नं. ११

१

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०६८-CI-०२२८, ०६८-CI-०२२९, करार सर्त कबुलअनुसारको दायित्व पूरा गराई रकम दिलाई पाऊँ, *राजेन्द्रकुमार द्विवेदीसमेत वि. जिल्ला विकास समितिको कार्यालय, रूपन्देही, जिल्ला विकास समितिको कार्यालय, रूपन्देही वि. राजेन्द्रकुमार द्विवेदीसमेत*

प्रतिवादीहरूले २०६१ मङ्सिर मसान्तसम्म रकम बुझाउने भनी कबुलियतनामामा उल्लेख गरेकोले सोही मसान्तमा नै मुद्दा गर्नुपर्ने कार्यकारण सिर्जना हुने हुँदा सोही मितिबाट हदम्याद सुरू हुन्छ भनी जिकिर गरेको पाइए पनि सो मङ्सिर मसान्तभित्र नबुझाएको अवस्थामा केही समय दिई पत्राचार गर्नुपर्ने नै हुन्छ। यसरी पत्राचार गरिएकै अवस्थामा ठेकेदार राजेन्द्रकुमार द्विवेदीले रकम बुझाउने भनी आफैँ ठेक्का अवधिभरको समय माग गरेको देखिन्छ। ठेक्का अवधि २०६२ अषाढ मसान्तसम्म रकम बुझाउने गरी दुवै पक्षका बीचमा सहमति भएको अवस्थामा र ठेक्का अवधि बाँकी नै रहेको अवस्थामा सोअगावै मुद्दा गर्नुपर्ने कारण सिर्जना भइसकेको भनी भन्न मिल्दैन। मुद्दा गर्नुअघि रकम बुझाउने सूचना र केही समय दिनु स्वाभाविक नै हुन्छ। यसरी दिएको समयको सीमा समाप्त भएपछि वा सम्बन्धी कार्य गर्ने अवधि समाप्त भएपछि मात्र मुद्दा गर्नुपर्ने कारण उत्पन्न भएको मान्नु नै न्यायोचित हुन जान्छ। तसर्थ फिराद हदम्यादभित्र

दायर नभएकोले खारेज हुनुपर्दछ भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

पुनरावेदक प्रतिवादीले बन्द हड्ताल भई ठेक्काअनुसार कर शुल्क उठाउन नपाएको भने पनि कति दिन कहिले बन्द हड्ताल भयो भन्ने प्रमाणसहित यकिन भन्न सकेको पनि पाइँदैन। यसैगरी तेस्रो पक्षले दिएको निषेधाज्ञा निवेदनमा अन्तरिम आदेश जारी भए पनि पछि सो निवेदन नै खारेज भइसकेको पाइन्छ। ठेक्कामा उल्लिखित सामानहरू सडी गली जाने प्रकृतिको पनि देखिँदैन। त्यसैले बन्द भएकै आधारमा कवाड सामानको ढुवानी हुन नसकी कर शुल्क उठ्न सकेन भन्ने नहुने।

७५ दिन काबुबाहिरको परिस्थितिका कारण ठेक्काअनुसारको कर शुल्क उठाउन नपाएकोले सो अवधिको रकम बुझाउनुपर्ने कुल रकममा मिनाहा हुनु पर्दछ भनी ठेकेदारले जिल्ला विकास समितिमा निवेदन पेस गरेको भए पनि सो मिनाहा दिनुपर्ने सम्बन्धमा कबुलियतनामामा केही उल्लेख नभएको अवस्थामा जिल्ला विकास समितिले नै स्वविवेकमा आवश्यक निर्णय लिन सक्ने र सो निर्णय नै अन्तिम हुने हुन्छ। यसमा जिल्ला विकास समितिले रकम दिलाई पाउँ भनी प्रस्तुत मुद्दा नै दायर गरिसकेकोले उक्त रकम मिनाहा दिन इन्कार गरेको भन्ने प्रस्ट हुन जान्छ। त्यसैले बन्द हड्ताल चक्का जाम जस्ता कारणबाट कर शुल्क उठ्न नसकेकोले तिर्नु बुझाउनुपर्ने रकम मिनाहा पाउँ भन्ने प्रतिवादीहरूको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

२०६१ मङ्सिर मसान्तभित्रमा दोस्रो किस्ताबापतको रकम दाखिला नगरेमा सोको १० प्रतिशत हर्जाना क्षतिपूर्तिसमेत असुलउपर गर्ने भन्नेसमेत उल्लेख गरी कबुलियतनामा गरिदिएको अवस्थामा सो समयभित्र रकम दाखिला नगरी करारको उल्लङ्घन गर्ने पक्षबाट अर्को पक्ष जिल्ला विकास समितिले उक्त वार्षिक १० प्रतिशतका दरले क्षतिपूर्ति भराई लिन पाउने नै देखिएकोले नपाउने भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

मिति २०६१।०९।२६ को राजपत्रमा उल्लेख भएअनुसार नेपाल सरकारले लाग्ने कर शुल्कको दररेटमा परिवर्तन गरे पनि जिल्ला विकास समिति र ठेकेदार राजेन्द्रकुमार द्विवेदीका बीचमा करारको रूपमा पहिले नै कबुलियतनामा भइसकेको देखिँदा सोअनुसारको दररेट निजको हकमा लागू हुने हुँदैन। यसरी कर शुल्कको दररेटमा परिवर्तन हुँदा करको दर घटेको मात्र छैन। केही वस्तुहरूमा ठेक्कामा बोल कबोल गरेकोभन्दा बढेको पनि पाइन्छ। स्वीकृत टेण्डर दरभाउ पत्रअनुसार काम गर्ने गरी पहिले नै ठेक्का स्वीकृत भई सोअनुसार कबुलियतनामासमेत गरी कामकाजसमेत गर्दै आएको अवस्थामा पछि नेपाल सरकारले दररेटमा गरेको परिवर्तनअनुसार कर शुल्क उठाएको भनी बुझाउनुपर्ने रकम सो परिवर्तन गरिएअनुसारको कर शुल्कको दरको अनुपातमा मिनाहा गरिपाउँ भनी भन्न मिल्ने नदेखिने।

ठेकेदारलाई परिवर्तित दरअनुसार मात्र कर शुल्क उठाउने गरी जिल्ला विकास समितिबाट कुनै निर्देशन भएको वा पहिला भएको कबुलियतनामा र सोअनुसार तयार भएको पट्टापत्रमा संशोधन वा हेरफेर भएको वा पुनः कुनै करारीय प्रकृतिको कागज गरे गराएको देखिँदैन। बरू जिल्ला विकास समितिको मिति २०६१।१२।२४ को च.नं. ३३४८ को पत्रले पूर्ववत् रूपमा कर असुली गर्नका लागि जानकारी गराइन्छ भनी पत्राचार गरेको पाइन्छ। निज पुनरावेदक / प्रतिवादी राजेन्द्रकुमार द्विवेदीले पनि आफूले नेपाल सरकारले निर्धारण गरेको नयाँ दररेटअनुसार मात्र कर शुल्क उठाएको भनी बिल भरपाईजस्ता प्रमाण पेस गरी तत्काल भन्न नसकेकोले निजले कम दरमा कर शुल्क उठाएको भनेर भन्न मिल्ने पनि देखिँदैन। तसर्थ यी पुनरावेदक / प्रतिवादीको संशोधित दरअनुसार बुझाउनु पर्ने रकम निर्धारण हुनुपर्ने हो भनी लिएको प्रतिउत्तर र

पुनरावेदन जिकिरअनुसार संशोधित दरअनुसार फरक पर्न आएको रकमसम्म तिर्नु नपर्नेसम्म सुरू फैसला सदर गरेको पुनरावेदन अदालतको फैसला सो हदसम्म मिलेको देखिन नआउने।

प्रतिवादीहरूले बन्द, हड्ताल, अदालतको अन्तरिम आदेश, तोकिएको नयाँ दररेट आदिका कारण परिस्थितिमा आधारभूत परिवर्तन भएकोले करारको दायित्व बेहोर्नु नपर्ने भनी जिकिर लिए पनि निजले उल्लेख गरेका उक्त अवस्थाहरू ऐ. दफा ७९(२) ले परिस्थितिमा आधारभूत परिवर्तन भएको मानिने भनी तोकिदिएको अवस्थाहरूभित्र समेटिने देखिँदैनन् । यसैगरी ऐ. (३) ले करारको परिपालना गर्न कठिनाई भएको, न्यून मुनाफा हुने वा नोक्सान हुने, हड्ताल वा तालाबन्दी भएको अवस्था आदिलाई परिस्थितिमा आधारभूत परिवर्तन भएको नमानिने गरी स्पष्ट कानूनी व्यवस्था गरेकोले प्रतिवादीहरूको उक्त परिस्थितिमा परिवर्तन भएकोले करारीय दायित्व पूरा गर्नु नपर्ने भन्ने जिकिरसँग सहमत हुन सकिँदैन। तसर्थ जिल्ला विकास समितिले प्रतिवादी राजेन्द्रकुमार द्विवेदीबाट क्षतिपूर्तिसहितको करार सम्झौताअनुसारको दोस्रो किस्ताको सम्पूर्ण रकम भराई लिन पाउने।

अतः विवेचित आधार, प्रमाण र कारणहरूबाट पुनरावेदक / वादी जिल्ला विकास समितिले पुनरावेदक / प्रतिवादी राजेन्द्रकुमार द्विवेदीबाट ठेक्काको कबुलियतनामाबमोजिमको दोस्रो किस्ताबापतको दाखिला गर्न बाँकी रू.३६,५७,५००।- मा निज राजेन्द्रकुमार द्विवेदीले टेण्डर पेस गर्दा राखेको धरौटी रू.४,६७,५००।- सोही धरौटीबाट कट्टा हुने गरी बाँकी हुन आउने रू.३१,९०,०००।- र सोको वार्षिक १० प्रतिशतका दरले हुन आउने रकमसमेत हर्जाना क्षतिपूर्तिबापत पाउने देखिएकोले सुरू रूपन्देही जिल्ला अदालतबाट मिति २०६५।५।८ मा प्रतिवादी राजेन्द्रकुमार द्विवेदीले मिति २०६१।९।२६ देखि पछिको हकमा सर्तनामाअनुसार उल्लेख भएको करको दररेटमा संशोधन भई पर्न आएको फरक रकमबाहेक अन्य दोस्रो किस्ताबापत प्रतिवादीले दाखिला गर्न बाँकी रहेको सम्पूर्ण रकम र सोको वार्षिक १० प्रतिशतका दरले हुन आउने रकमसमेत हर्जाना क्षतिपूर्तिबापत पाउने ठहर्‍याई भएको फैसला सदर हुने ठहर्‍याई पुनरावेदन अदालत, बुटवलबाट मिति २०६६।१०।२६ मा भएको फैसला उक्त मिति २०६१।९।२६ देखि पछिको सर्तनामामा उल्लेख भएको करको दररेटमा संशोधन भई पर्न आएको फरकसम्म बुझाउनु नपर्ने ठहर्‍याएको हदसम्ममा मिलेको नदेखिँदा सो हदसम्म केही उल्टी भई पुनरावेदक / वादी जिल्ला विकास समितिले पुनरावेदक / प्रतिवादीमध्येका राजेन्द्रकुमार द्विवेदीबाट वादी जिल्ला विकास समितिको पुनरावेदन जिकिरअनुसार प्रतिवादी राजेन्द्रकुमार द्विवेदीले बुझाउन बाँकी रहेको रू.३६,५७,५००।- मा निजले राखेको धरौटी रू.४,६७,५००।- कट्टा गरी बाँकी हुन आउने रू.३१,९०,०००।- र सोको वार्षिक १० प्रतिशतका दरले हुने रकमसमेत हर्जाना क्षतिपूर्तिबापत भराई असुलउपर गरी लिन पाउने र निज राजेन्द्रकुमार द्विवेदीबाट असुलउपर हुन नसकेको अवस्थामा मात्र जमानी दिने व्यक्तिहरू अर्थात् अन्य पुनरावेदक / प्रतिवादीहरूबाट भराई लिन पाउने।

इजलास अधिकृत: यदुराज शर्मा

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७४ साल कात्तिक १४ गते रोज ३ शुभम्।

- यसै लगाउको ०६८-CI-०२२७, ०२३०, पट्टापत्रबमोजिम रकम मिनाहा गरी हिसाब मिलान गराई बढी हुने रकम फिर्ता गराई हर्जाना क्षतिपूर्ति दिलाई रोक्का जेथा फुकुवा गराई पाऊँ, *राजेन्द्रकुमार द्विवेदी वि. जिल्ला विकास समितिको कार्यालय, रूपन्देही वि. राजेन्द्रकुमार द्विवेदी* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

२

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७२-CR-१२६५, ०७३-CR-००९१, कर्तव्य ज्यान, *तिर्थमान जिम्बा वि. नेपाल सरकार, सरीता भन्ने साइँलीमाया बल वि. नेपाल सरकार*

प्रतिवादीहरू तिर्थमान जिम्बा र सरीता भन्ने साइँलीमाया बलले यी प्रतिवादी तिर्थमान जिम्बा र मृतक होइसाङमाया मोक्तानबीच अवैध सम्बन्धका कारण गर्भ रहन गई उक्त गर्भ क्युरेट गर्दा लागेको खर्च मागेको कुरामा विवाद भई कुटपिट गर्दा मृतक होइसाङमाया मोक्तानको मृत्यु भएको तथ्य मृतकको लास जाँच मुचुल्का, जाहेरवाला धनीमाया मोक्तानको किटानी जाहेरी, मृतक होइसाङमाया मोक्तानको शव परीक्षण प्रतिवेदन तथा यी प्रतिवादीहरू तिर्थमान जिम्बा र सरीता भन्ने साइँलीमाया बलको मौकामा अनुसन्धान अधिकारीसमक्ष आरोपित कसुरमा साबित भई गरेको बयानबाट समेतबाट मृतकको मृत्यु भएको तथ्य पुष्टि हुन आएको देखिँदा यी प्रतिवादीहरू तिर्थमान जिम्बा र सरीता भन्ने साइँलीमाया बलले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. विपरीत सोही महलको १३(३) नं. बमोजिमको कसुर अपराध गरेको देखिन आउने।

प्रतिवादी तिर्थमान जिम्बाले मृतकलाई मार्नमा घेरा दिने, गौंडा छेक्ने वा भाग्न उम्कन नपाउने गरी ज्यान मार्ने  कार्यमा संयोग पारेको तथ्य नभई प्रतिवादी आफैँले मृतकलाई गर्भ फालेको पैसा मागेको रिसमा मृतकको कन्चटमा मुड्कीले प्रहार गरी मुख थुनी मृतकको घाँटी थिची कर्तव्य गरी मारेको तथ्य पुष्टि हुन आएकोले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(२) नं. बमोजिम सजाय गरिपाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अदालतमा आई समेत प्रतिवादी साइँलीमाया बलले कसुर गरेकोमा साबित रही बयान गरेबाट अधिकारप्राप्त अधिकारीसमक्ष कुटपिट गरेपछि सहिछाप गरी दिएको भनाई स्वत: खण्डित भएको छ। यी प्रतिवादीलाई मौकामा अनुसन्धान अधिकारीले भय त्रास देखाई, कुटपिट गरी बयान गराएको कुरा कहीँकतैबाट खुल्न आएको देखिँदैन। यी प्रतिवादीले मृतकसँग विवाद रहेकोमा कुटपिट गरी योनिमा दुईपटक लाठी घुसारी भित्र बाहिर गरेको कार्यबाट मृतकको मृत्यु भएको सङ्कलित प्रमाणबाट पुष्टि हुन आएको देखिँदा अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयान मेरो स्वेच्छा विरूद्धको भएको हुँदा अभियोग दाबीबाट सफाइ पाउँ भन्ने पुनरावेदक सरीता भन्ने साइँलीमाया बलको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

किटानी जाहेरी दरखास्त, प्र.ना.नि. लिलाबहादुर खत्रीसमेतको प्रतिवेदन, घटनास्थल प्रकृति मुचुल्का, मृतकको लास जाँच प्रकृति मुचुल्का र शव परीक्षण प्रतिवेदनसमेतबाट यी प्रतिवादीहरूले कसुरमा साबित भई अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान मौकामा बुझिएका मानिसहरूको कागजसमेतबाट यी प्रतिवादीहरूको कसुरको पुष्टि खम्बिर भएको अवस्था देखिन्छ। प्रतिवादीहरूको इन्कारी बयान प्रत्यक्ष एवम् स्वतन्त्र प्रमाणबाट पुष्टि हुन सकेको देखिँदैन। यसरी अदालतमा आई समेत प्रतिवादी साइँलीमाया बलले कसुर गरेकोमा साबित रही बयान गरेबाट अधिकारप्राप्त अधिकारीसमक्ष कुटपिट गरेपछि सहिछाप गरी दिएको भनाई स्वत: खण्डित भएको अवस्था देखिन्छ। जाहेरवाला धनीमाया मोक्तानले आफ्नो जाहेरी दरखास्त बेहोरालाई अदालतमा उपस्थित भई बकपत्र गरी प्रमाणित गरिदिएको पाइन्छ। फौजदारी कसुरमा अपराध प्रमाणित हुन आपराधिक कार्य भएको हुनुपर्ने र सो आपराधिक कार्य मनसायपूर्वक घटना घटाएको हुनुपर्ने हुन्छ। प्रतिवादीहरूले मृतकसँग विवाद रहेकोमा कुटपिट गरी योनिमा लाठी घुसारेको कार्य सङ्कलित प्रमाणबाट पुष्टि हुन आएको देखिँदा निज

प्रतिवादीहरूले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. विपरीतको कसुर अपराध गरेको ठहऱ्याई सोही महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहरी सुरू भक्तपुर जिल्ला अदालतबाट मिति २०७१।०२।१८ मा भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत, पाटनबाट मिति २०७२।०३।०८ मा भएको फैसला मिलेको देखिँदा अन्यथा गर्नुपर्ने अवस्था नदेखिने।

अत: उल्लिखित आधार कारणबाट यी पुनरावेदक / प्रतिवादी तिर्थमान जिम्बाले मृतक होइसाङमाया मोक्तानलाई कुटपिट गरी भुइँमा लडाई मुख थुनी घाँटी थिची मारेको तथ्य पुष्टि हुन आएको देखिँदा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. विपरीतको कसुर अपराध गरेको ठहऱ्याई पुनरावेदन अदालत, पाटनबाट मिति २०७२।०३।०८ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

वारदात हुँदाको बखत यी प्रतिवादीको उमेर ३० वर्षको देखिन्छ । यी प्रतिवादी सामान्य लेखपढ पनि नभएकी निरक्षर महिला भएको अवस्था देखिन्छ । यी दैनिक ज्याला मजदुरी गरी आफ्नो जीवन गुजारा गरेको पाइन्छ । यी प्रतिवादीको सामान्य चेतनास्तर र आर्थिक अवस्था कमजोर रहेको देखिन्छ । यी प्रतिवादीको मृतकलाई मार्नुपूर्व रिसइवी झै-झगडा केही पनि देखिँदैन । प्रतिवादीले आफूले गरेको कसुर स्वीकार गरी अनुसन्धानमा सहयोग पुऱ्याएको पाइन्छ। यसरी हेर्दा वारदात हुँदाको परिस्थिति र परिवेशसमेतलाई विचार गर्दा पुनरावेदक / प्रतिवादी सरीता भन्ने साइँलीमाया बललाई अभियोग दाबीबमोजिम ठहर भएको सजाय गर्दा चर्को पर्न जाने देखिएकोले यी पुनरावेदक / प्रतिवादी सरीता भन्ने साइँलीमाया बललाई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १५(पन्ध्र) वर्ष मात्र कैद सजाय हुने।

इजलास अधिकृत: लोकबहादुर हमाल

इति संवत् २०७४ साल कात्तिक २८ गते रोज ३ शुभम्।

## इजलास नं. १२

१

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०६९-CI-००३०, परमादेश, *लक्ष्मी मघैया धोवी वि. सकुन्तला मघैयासमेत*

विवादित जग्गाको सम्बन्धमा हक बेहकतर्फ जिल्ला अदालतमा जानु भनी यी निवेदकसमेतलाई निर्णय सुनाएको देखिन्छ। यी निवेदक पनि सो जग्गाको हकदार भए साधिकार निकायसमक्ष प्रक्रियामा गई कानूनबमोजिम आफ्नो हक कायमतर्फ नालेस उजुर गर्न सक्ने अवस्था रहेकै छ। पुनरावेदकतर्फका कानून व्यवसायीले बहसको क्रममा अन्य व्यक्तिहरूको विवादित जग्गाको सम्बन्धमा हक बेहकतर्फ नालेस परी काठमाडौं जिल्ला अदालतमा विचाराधीन रहेको भन्ने कुरा इजलाससमक्ष व्यक्त गर्नुभएको छ । साथै विवादित जग्गाको सम्बन्धमा यिनै निवेदक लक्ष्मी मघैया धोवी वादी र प्रतिवादी वीर धोवीसमेत भएको लिखत बदरसमेतका लगाउ मुद्दाहरू काठमाडौं जिल्ला अदालतमा दर्ता भई कारबाहीयुक्त अवस्थामा रहेको भन्ने काठमाडौं जिल्ला अदालतको मिति २०७२।५।१८ को पत्रसमेतबाट देखिन्छ । यसरी विवादित विषयमा काठमाडौं जिल्ला अदालतबाट निरूपण भई नसकेको अवस्था देखिन आयो। यस्तो अवस्थामा हक कायम भई नआएसम्म पुनः अन्य व्यक्तिका नाममा दर्ता कारबाही हेर्न नसक्ने भन्ने मालपोत कार्यालय, कलंकीको निर्णयलाई अन्यथा भन्न नमिल्ने।

तसर्थ, निवेदकको हक बेहकको प्रश्न साधिकार निकायबाट भई आएपछि सोहीअनुरूप कारबाही हुन सक्ने नै देखियो। तेरो मेरोको प्रश्न उठी यसैको हो भन्ने यकिन भई हक कायम भई नआएसम्म मालपोत कार्यालयले निवेदनउपर तत्काल निर्णय

गर्नुपर्ने स्थिति रहे भएको देखिन नआउने ।

अतः उल्लिखित विवेचित आधार कारणबाट निवेदकको मागबमोजिम परमादेशको आदेश जारी गर्नुपर्ने अवस्था नदेखिँदा प्रस्तुत निवेदन खारेज हुने ठहर्छ भनी पुनरावेदन अदालत, पाटनले मिति २०६८।९।६ मा गरेको आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: टेकराज जोशी
कम्प्युटर: विष्णुदेवी श्रेष्ठ
इति संवत् २०७५ साल जेठ १३ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७२-CI-०४४६, निषेधाज्ञा, *पुजन राईसमेत वि. नामसालिङ्ग सामुदायिक विकास केन्द्र, इलामसमेत*

जलस्रोत ऐन, २०४९ को दफा ७(२) अनुसार तोकिएको समिति, निकायसमक्ष निवेदकहरूले कानूनी उपचारको लागि जान सक्ने र सो समितिबाट विवादको निरूपण हुने वैकल्पिक अवस्था एकातर्फ विद्यमान रहेको नै देखिन्छ । अर्कोतर्फ विपक्षीहरूको लिखित जवाफमा २०७२ वैशाखमा पानी ट्याङ्की निर्माण सम्पन्न गरिसकेको भन्ने जिकिर लिई सोको पुष्टिको लागि ट्याङ्की निर्माण भइसकेको फोटोसमेत मिसिल सामेल रहेको अवस्था देखियो । सिद्धान्ततः सम्पन्न भइसकेको कार्यको लागि निषेधाज्ञाको आदेश जारी गर्न नमिल्ने ।

तसर्थ, जलस्रोत ऐनले खानेपानी उपभोगलाई नै पहिलो प्राथमिकताक्रम तोकिएको र जल विद्युत्लाई चौथो क्रममा प्राथमिकता पाउने अवस्था र निवेदकको हक स्वामित्वको पानीको मुहान नदेखिएको तथा पानी ट्याङ्की निर्माण कार्य सम्पन्नसमेत भइसकेको आधारमा रिट निवेदन खारेज हुने ठहऱ्याई पुनरावेदन अदालत, इलामबाट मिति २०७२।३।१० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः टेकराज जोशी
कम्प्युटर: विष्णुदेवी श्रेष्ठ
इति संवत् २०७५ साल जेठ १३ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७२-CI-११००, निषेधाज्ञा / परमादेश, *नारायणप्रसाद भण्डारी वि. सीता श्रेष्ठ*

नगर विकास ऐनको दफा १२ मा सुनियोजित रूपमा नगर विकास गर्ने क्रममा विभिन्न आय वर्गका व्यक्तिहरूको निमित्त जग्गा विकास कार्यक्रम सञ्चालन गर्न पाउने व्यवस्था गरेको पाइन्छ । सोही ऐनको दफा १२ को देहाय २ मा निर्देशित जग्गा विकास लागू गर्ने क्रममा बाटो निर्माण गर्दा त्यस्तो जग्गाको मुखमा कुनै व्यक्तिको जग्गा पर्ने रहेछ र त्यस्तो जग्गा सो व्यक्तिले छाड्न नमानी बाटो खुलाउने अरू कुनै उपाय नभएमा त्यस्तो जग्गा प्रचलित कानूनबमोजिम प्राप्त गरी समितिलाई उपलब्ध गराई दिनुपर्ने छ, भन्ने कानूनी व्यवस्था भएको देखियो । उक्त व्यवस्थाबाट बाटो निर्माणको क्रममा जग्गा प्राप्त गर्न पनि सम्बन्धित व्यक्तिलाई मुआब्जा दिनु पर्ने अनिवार्य गरेको देखिने ।

नेपाल पक्ष भएका ICCPR तथा UDHR जस्ता मानव अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय संगठनहरूले र अन्तरिम संविधान, २०६३ समेतले व्यक्तिको साम्पत्तिक हकलाई मौलिक हकको रूपमा संरक्षण गरेको अवस्था साथै नागरिक अधिकार ऐन, २०१२ को दफा ६(६) मा सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने स्वतन्त्रतासम्बन्धी अधिकार प्रत्याभूति गरेको पाइन्छ । त्यसैगरी सोही ऐनको दफा ९ मा प्रचलित कानूनको अख्तियारी बिना कुनै व्यक्तिको सम्पत्ति अपहरण गर्ने छैन भन्ने र दफा १० ले कुनै पनि नागरिकको बासस्थानमा जबरजस्ती प्रवेश गर्न नपाउने भन्ने कानूनी व्यवस्था गरेको पाइने ।

विवेचित आधार र कारणहरूबाट हरेक व्यक्तिको आवास र सम्पत्ति अनतिक्रम्य हुने, त्यस्तो सम्पत्तिको उपभोगमा बाधा व्यवधान गर्न नमिल्ने कसैको सम्पत्ति राज्यले प्राप्त गर्दा उचित क्षतिपूर्ति दिनुपर्ने जस्ता व्यवस्था गरेको पाइन्छ । त्यसैले कुनै पनि व्यक्तिको सम्पत्ति कानूनको प्रक्रियाबेगर प्राप्त गर्न सक्ने देखिएन । तसर्थः निवेदकलगायत विपक्षीहरूसमेतलाई सडकको सुविधा उपलब्ध हुने कुरालाई मध्यनजर गरी G.L.D.P. कार्यक्रमअनुसार भवन निर्माणसम्बन्धी मापदण्ड, २०६४ लागू गर्दा निवेदकको घर पर्खालमा क्षति हुने अवस्था आइपरेमा सो घरको यथोचित मूल्याङ्कन गराई नियमानुसारको क्षतिपूर्ति उपलब्ध नगराएसम्म निवेदकको घर पर्खाल भत्काउने वा घरमा कुनै पनि किसिमको क्षति पुऱ्याउने कार्य नगर्नु नगराउनु भनी निषेधाज्ञाको आदेश जारी गर्न उपयुक्त हुने नै देखिन आउने ।

अतः यसमा निर्देशित जग्गा विकास कार्यक्रम (GLDP) कार्यक्रमअन्तर्गत सडक विस्तार गर्ने क्रममा निवेदकको कि.नं. ४०८ को जग्गामा रहेको घर नियमानुसारको मुआब्जा दिएरबाहेक नभत्काउनु भनी विपक्षीहरूका नाउँमा निषेधाज्ञाको आदेश जारी हुने ठहरी परमादेशको आदेश जारी नहुने ठहर्छ भन्ने पुनरावेदन अदालत, पाटनको मिति २०७२।०५।०२ आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: टेकराज जोशी

कम्प्युटर: चन्द्रशेर राना

इति संवत् २०७५ साल जेठ १३ गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७२-CR-००७२, भ्रष्टाचार, *विन्दाप्रसाद साह वि. नेपाल सरकार*

प्रतिवादी विन्दाप्रसाद यादवले प्राविधिक सहायकसमेतलाई रकम वितरण गर्न मिति २०६९।६।४ मा पठाएकोमा १७ जनालाई दिई बुझाई अन्यलाई बुझाउने क्रममा गाउँलेहरूले समाती रू.९१,०००।– सहित प्रहरीमा जिम्मा लगाई दिएको भन्ने मिसिल संलग्न कागजबाट देखिन्छ । सोभन्दा अगाडि नै गाउँ विकास समिति बहुअरी पिडरीको मिति २०६९।०५।१३ को पत्रसाथ भत्ता बुझेको झुट्टा भरपाई बनाई जि.वि.स. मा पेस गरेको देखिन्छ । सो भत्ता बुझेको भरपाईमा भएको सहिछाप र छानबिन गरिपाउँ भनी जिल्ला विकास समितिमा उजुर गर्नेहरूले दिएको उजुरीमा परेको सहिछाप एकआपसमा मेल नखाने भन्ने केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालाको मिति २०७०।२।२८ को परीक्षण प्रतिवेदन रहेको देखिएबाट झुट्टा भरपाई बनाएको तथ्य पुष्टि हुने ।

पुनरावेदकले वितरण गर्नुपर्ने रकम लिई वितरण गर्दै नगरी नक्कली भरपाई तयार पारी आधिकारिक निकायमा फरफारकको लागि रकम वितरण गरेको भरपाई पेस गर्नुको उद्देश्य नै उक्त रकम आफूले लिने खाने मनसायसहित बदनियतले गरेको भन्ने प्रस्ट देखिन्छ । वास्तविक पीडितले उजुर नगरेको भए वा खोजबिन नगरेको भए निज प्रतिवादीले रकम हानि नोक्सानी गर्ने स्पष्ट अवस्था छ जब वास्तविक पीडित व्यक्तिले भत्ता नपाएको भनी उजुर गरे तत्पश्चात् मात्र कसुरमा परिने डर भयबाट हतारहतारमा रकम बाँड्ने कार्य गर्न लगाएको र गाउँलेहरूले रकम बाँड्दाबाँड्दैको अवस्थामा बाँकी रकमसमेत प्रहरी जिम्मा लगाएको भन्ने तथ्य देखिएको अवस्था छ । भ्रष्टाचार मुद्दामा बदनियत तत्त्वको पुष्टि अनिवार्य मानिन्छ । यी पुनरावेदक प्रतिवादीले सो एकल महिलाको सामाजिक भत्ताको रकम लिने खाने मनसाय राखी नक्कली भरपाई पेस गर्नु नै बदनियत लिएको स्पष्ट देखिने ।

प्रतिवादीले झुट्टा बिल भरपाई बनाई आधिकारिक निकाय जि.वि.स. पर्सामा पठाएको कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (ङ) "झुट्टा बिल, भरपाई बनाई भुक्तानी लिने,

दिने वा बिलको दोहोरो भुक्तानी लिने दिने" विरूद्धको कसुर गरेको देखिन आयो । उल्लिखित तथ्यबाट पुनरावेदकतर्फका कानून व्यवसायीले पक्षको बदनियत थिएन भनी प्रस्तुत गर्नु भएको बहस जिकिरसँग सहमत हुन नसकिने।

मिसिल संलग्न कागजातबाट १६ जनाको भत्ता बुझाइसकेपछि बाँकी ३० जनालाई बुझाउनु पर्ने रकम रू.९१,०००।- सहित जिल्ला प्रशासन कार्यालयमा दाखिल भएको भन्ने देखिन आएको प्रस्तुत अवस्थामा दाबीको बिगो रकम हाल यी प्रतिवादीको साथमा रहेको भन्ने कुरा देखिन आएन। तर रकम वितरण गर्नुभन्दा अघि नै नक्कली भरपाई बनाई पेस गरेको भन्नेसम्म अवस्था देखिन आयो । दाबीको रकम हिनामिना हानि नोक्सानी र दुरूपयोग हुन पाएको अवस्था देखिँदैन । यसरी हाल हिनामिना र हानि नोक्सानी हुन नपाएको अवस्था देखिएबाट भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ र ३ सम्म आकर्षित हुन सक्ने अवस्था नदेखिने।

न्यायकर्ताले कानूनको समुच्चा व्यवस्था र मुद्दाको तथ्य प्रमाण हेरी सजायसँग तालमेल समन्वय गरी समुच्चा ऐनको कुन दफा कसुरमा Fit, प्रयुक्त हुन्छ भनी निर्क्योल गरी दाबीभन्दा कम सजाय हुने उपयुक्त कानूनको दफा प्रयोग गरी सजाय निर्धारण गर्न सक्ने नै देखिने।

प्रतिवादीले आफ्नो जिम्माको एकल महिला भत्ताबापतको रकम सरोकारवाला व्यक्तिहरूलाई नबुझाई बदनियत राखी नक्कली भरपाई पेस गरेको पुष्टि भएको देखिँदा र पछि उपर्युक्तबमोजिम दाबीको रकम हाल प्रतिवादीको जिम्मामा रहेको अवस्था नहुँदा यी प्रतिवादीको उक्त कार्य आफूलाई गैरकानूनी लाभ हुने बदनियतले गरेकको देखिँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(३) विरूद्धको कसुर हुने।

अतः विवेचित आधार कारण कानून र यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेत आधारबाट प्रतिवादीमध्येका विन्दाप्रसाद साहलाई रकम हिनामिना र हानि नोक्सानी हुन नपाएको अवस्थामा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ र ३ सम्म आकर्षित हुन नसक्ने अवस्था देखिएन। तथापि यी प्रतिवादीले आफ्नो जिम्माको एकल महिला भत्ताबापतको रकम सरोकारवाला व्यक्तिहरूलाई नबुझाई बदनियत राखी नक्कली भरपाई पेस गरेको देखिएको र पछि उपर्युक्तबमोजिम दाबीको रकम हाल प्रतिवादीको जिम्मामा रहेको अवस्था नहुँदा यी प्रतिवादीको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (३) आकर्षित हुने देखिएकोले यी प्रतिवादी विन्दाप्रसाद साहलाई सोही दफाबमोजिम ६ महिना कैद हुने ठहऱ्याई विशेष अदालत, काठमाडौंले मिति २०७२।१२।०३ मा गरेको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः टेकराज जोशी

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७५ साल भाद्र १३ गते रोज ४ शुभम्।

५

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७३-CR-०१८५, कर्तव्य ज्यान, *वघेल सिंह ठाकुर वि. नेपाल सरकार*

वघेल सिंह ठाकुरले मौकामा तथा अदालतसमक्ष समेतमा बयान गर्दा मृतक विन्देश्वरी शर्मासँगको झगडामा मेरो साथमा रहेको चक्कु निजको शरीरमा लाग्न गई निजको मृत्यु भएको हो भनी अभियोग दाबीको कसुरमा साबिती रही बयान गरेको देखिन्छ । मौकामा कागज गर्नेहरूमध्येका भिमसेन सिंह र कन्चन शर्माले मृतक र निजको परिवारसँगको रिसइवीका कारण यी प्रतिवादी वघेल सिंह ठाकुरले मृतक विन्देश्वरी शर्मालाई मार्ने उद्देश्यले चक्कुले प्रहार गरेको र सोही चोटका कारण उपचारको क्रममा निजको मृत्यु भएको हो भनी कागज गरिदिएको र सोही कागजलाई समर्थन गरी अदालतमा उपस्थित भई बकपत्रसमेत गरेको

अवस्थामा यी प्रतिवादीले मृतकलाई धारिलो हतियार चक्कुले प्रहार गरेकोमा सोही चोटको कारण मृतकको मृत्यु भएको तथ्य पुष्टि भएको देखिने।

प्रतिवादी र मृतकको परिवारबीच लेनदेनको विषयमा रिसइवी रहेको भन्ने तथ्य स्वयम् प्रतिवादीसमेत स्वीकार गरेको अवस्था छ। साथै यी प्रतिवादी आफ्नो साथमा चक्कु लिई मृतकसँग विवाद गर्न निजको घरमा आएको र विवादको क्रममा मृतकको छातीमा सोही चक्कु प्रहार गरी गम्भीर घाइते बनाई भागी गएको अवस्था छ। ज्यान लिने मनसायले चक्कुले प्रहार गरेको होइन भनी निज प्रतिवादीले जिकिर लिएको भए तापनि सो कुरा पुष्टि गराउने गरी निज प्रतिवादीले साक्षी एवम् अन्य कुनै प्रमाण पेस गर्न सकेका पनि छैनन्। यसका अतिरिक्त चक्कुले कसैलाई प्रहार गर्दा मानिस मर्न सक्छ भन्ने कुरा सामान्य समझ भएको मानिसलाई थाहा हुने विषय हो। यसप्रकार आफूहरूबीच रिसइवी भएको स्वयम् प्रतिवादीले स्वीकार गरेको र वारदातस्थलमा चक्कु जस्तो धारिलो हतियार लिई गई मृतकसँग वादविवाद गरी मृतकलाई सोही चक्कुले प्रहार गरेकोमा सोही घाउ चोटका कारण मृतकको मृत्यु भएको भन्ने तथ्य मिसिल संलग्न कागजातबाट पुष्टि भइरहेको परिप्रेक्ष्यमा प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादी वघेल सिंह ठाकुरउपर किटानी जाहेरी परी सो जाहेरीलाई समर्थन गरी जाहेरवालाले अदालतसमक्ष बकपत्र गरेको, घटनास्थलबाट प्रतिवादीले मृतकलाई प्रहार गरेको चक्कु फेला पारेको, प्रतिवादी वघेल सिंह ठाकुरले मौकामा तथा अदालतसमक्ष समेतमा अभियोग दाबीको कसुरमा साबिती रही बयान गरेको, मौकामा कागज गर्ने भिमसेन सिंह र कन्चन शर्माले मौकाको कागजलाई समर्थन गरी अदालतमा बकपत्र गरिदिएकोसमेतको अवस्थामा प्रतिवादी वघेल सिंह ठाकुरले अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. को कसुर अपराध गरेको पुष्टि हुन आयो। यस्तो अवस्थामा सोही कसुरमा निज प्रतिवादीलाई ऐ. को १३(१) नं. बमोजिम कैद सजाय गर्ने गरेको सुरू बाँके जिल्ला अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, नेपालगन्जको फैसला मिलेकै देखिँदा अन्यथा गरिरहनु पर्ने नदेखिने।

अतः विवेचित आधार प्रमाणबाट प्रतिवादी वघेल सिंह ठाकुरले मृतक विन्देश्वरी शर्मालाई चक्कुले प्रहार गरेकोमा सोही घाउ चोटबाट निज विन्देश्वरी शर्माको मृत्यु भएको तथ्य पुष्टि हुन आएकोले निज प्रतिवादी वघेल सिंह ठाकुरलाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. को कसुर अपराधमा ऐ. को १३(१) नं. बमोजिम सजाय हुने भनी सुरू बाँके जिल्ला अदालतले मिति २०७१।९।२९ मा गरेको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत, नेपालगन्जबाट मिति २०७२।८।२७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः कल्याण खड्का

इति संवत् २०७५ साल असार १७ गते रोज १ शुभम्।

## इजलास नं. १३

१

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७२-WO-०८५६, उत्प्रेषण, *वीरेन्द्रकुमार यादव वि. वन तथा भू-संरक्षण मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत*

कुनै पनि सार्वजनिक निकायमा कुनै पनि प्रकारको अनियमित कार्य हुनु हुँदैन। यदि कुनै सार्वजनिक निकायमा अनियमित तबरबाट काम कारबाही भएको छ भने त्यसलाई नियन्त्रण गर्नु र सार्वजनिक जवाफदेहिता बहन गराउन नियमनकारी भूमिका निर्वाह गर्नु नेपाल सरकारको सम्बन्धित मन्त्रालयको कर्तव्य बन्दछ। मातहतका निकायमा

कार्यरत पदाधिकारीहरूबाट भएका अनियमित काम कारबाही वा क्रियाकलापप्रतिको जवाफदेहितासमेत सम्बन्धित विभागीय मन्त्रीमा रहेको हुन्छ । कानूनप्रतिकूल, अनियमित तबरबाट काम कारबाही भएको जानकारी प्राप्त हुन आएको अवस्थामा वास्तविक सत्य तथ्य यकिन गर्न अध्ययन, छानबिन गराउनु नियमनकारी निकाय भएको नाताले सम्बन्धित मन्त्रालयलाई कुनै कानूनी बाधा देखिँदैन । सत्य तथ्य यकिन गर्न छानबिन गरिने कुरालाई भ्रष्टाचारको कसुरमा आरोपपत्र नै दायर गरेको वा सजाय नै ठहर गरेकोजस्तो अर्थमा हेर्नु युक्तिसङ्गत नदेखिने ।

निसन्देहः नेपालको संविधान एवम् प्रचलित कानूनबमोजिम भ्रष्टाचारसम्बन्धी कसुरको सम्बन्धमा अनुसन्धान गरी आरोपपत्र सम्बन्धित अदालतमा दायर गर्ने अधिकार अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा रहेको देखिन्छ । तर यसको तात्पर्य नेपाल सरकार वा नेपाल सरकारका सम्बद्ध मन्त्रालय, विभाग वा अन्य सम्बद्ध निकायहरूले मातहतका पदाधिकारी वा कर्मचारीहरूबाट भएका अनियमित कार्यका सम्बन्धमा कुनै छानबिन नै गर्न पाउँदैन भन्ने सम्झनु मनासिब हुँदैन । अनियमितता हुन नदिने र सार्वजनिक निकायको व्यवस्थापनमा सुशासन कायम गराउने जिम्मेवारी नेपाल सरकारका मन्त्रालयहरूसमेतमा रहेकै देखिन्छ । यस परिप्रेक्ष्यमा विभागीय मन्त्रीको निर्णयअनुसार छानबिन समिति गठन गरी सत्य तथ्य यकिन गर्ने भनी भएका काम कारबाही र निर्णयलाई गैरकानूनी मान्न नमिल्ने ।

निवेदन मागबमोजिम आदेश जारी हुने हो वा होइन भन्ने प्रश्नका सन्दर्भमा विचार गर्दा प्रथमतः विवादित छानबिनसम्बन्धी काम कारबाहीलाई बेरीतको अथवा गैरकानूनी भनी मान्न मिल्ने अवस्था देखिँदैन । यसका अतिरिक्त मिति २०७१।१०।१२ को निर्णयानुसार २(दुई) वर्षका लागि महाप्रबन्धक पदमा नियुक्त भएका रिट निवेदकको पदावधि नै मिति २०७३।१०।१२ मा समाप्त भइसकेको देखिन्छ । परिणामतः अब विभागीय कारबाहीको सन्दर्भ र प्रयोजन नै बाँकी रहेको देखिँदैन । तसर्थ रिट निवेदकको मागबमोजिम आदेश जारी हुने अवस्था नहुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः नगेन्द्रकेशरी पोखरेल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल वैशाख १० गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७२-WO-१०१६, परमादेश, *विमलादेवी दाहाल लुइटेलसमेत वि. समाज कल्याण परिषद्, के.का. लैनचौर, काठमाडौंसमेत*

निवेदकहरूले समाज कल्याण परिषद्बाट २०७३।१।१६ मा खुल्ला प्रतियोगितात्मक परीक्षाबाट स्थायी पदपूर्ति गर्न दरखास्त आह्वान हुँदा निजहरूको योग्यता पुग्ने पदहरूमा दरखास्त फाराम लिई जाँदा दरखास्त बुझी नलिएको हुँदा प्रकाशित सूचनाबमोजिम योग्यता पुग्ने पदमा दरखास्त फाराम बुझी परीक्षामा सामेल गराउन परमादेश जारी गरिपाउँ भनी निवेदन माग गरेको देखियो । यस अदालतबाट मिति २०७३।२।१७ मा जारी भएको अन्तरिम आदेशबमोजिम निवेदकको दरखास्त लिने, परीक्षामा सामेल गराउने तथा परीक्षाको नतिजासमेत प्रकाशित गर्ने कार्य भइसकेको भनी निवेदक तथा विपक्षीतर्फका विद्वान् अधिवक्ताहरूले बहसका क्रममा आज इजलाससमक्ष उल्लेख गर्नुभएको छ । निवेदकहरूमध्येका विमला देवी दाहाल लुइँटेल र राधा पोखरेल परीक्षामा समावेश भएको बेहोरा खुल्ने परीक्षा प्रवेश पत्रको फोटोकपी नक्कल आजै इजलाससमक्ष पेस हुन आएको छ । अतः निवेदकहरू परीक्षामा सामेल भएको सन्दर्भमा प्रस्तुत रिट निवेदनको प्रयोजन नै बाँकी रहेको नदेखिँदा अब यसमा कुनै प्रकारको रिट आदेश जारी गरिरहन परेन । प्रस्तुत रिट निवेदन खारेज

हुने।

इजलास अधिकृतः नगेन्द्रकेशरी पोखरेल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल वैशाख १० गते रोज १ शुभम्।

३

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७२-CR-१८१६, लागु औषध गाँजा, *नेपाल सरकार वि. विष्णु तामाङ*

अनुसन्धान अधिकारीसमक्ष प्रतिवादी विष्णु तामाङले साबिती बयान गरेको देखिए तापनि अदालतमा निज प्रतिवादी पूर्ण रूपमा इन्कार भई बयान गरेको देखिन्छ। अदालतमा बयान गर्ने गाडीधनी प्रतिवादी केशव गिरीले आफूले गाडी चालकको रूपमा कृष्णे भन्ने कटकबहादुर सिग्देललाई राखेको हो र निजमार्फत नै मैले उक्त गाडी शंकर गुरूङलाई भाडामा दिएको थिएँ भनी बयान गरेको पाइन्छ। अदालतमै बयान गर्ने प्रतिवादी कृष्णे भन्ने कटकबहादुर सिग्देलले समेत उक्त गाडी शंकर गुरूङ र विर्खबहादुर गुरूङले काँकडभिट्टासम्म लिएर आएका हुन् भनी बयान गरिदिएको अवस्था छ। उक्त गाँजासहितको गाडी बेवारिसे अवस्थामा फेला परेको देखिन्छ। तत्काल कोही पनि चालक पक्राउ पर्न सकेको अवस्था छैन। यी प्रतिवादीका साक्षी म्याक्सो तामाङले बकपत्र गर्दा यी प्रतिवादीको इन्कारी बयानलाई पुष्टि हुने गरी बकपत्र गरेको पाइन्छ। बरामदी मुचुल्कामा काम तामेल गर्ने प्र.ह. गंगाप्रसाद खरेलले बकपत्र गर्दा यी प्रतिवादीलाई गढाउ गरी बकपत्र गर्न सकेको पनि देखिँदैन। यसरी यी प्रतिवादीउपरको अभियोग दाबी वादी पक्षले शङ्कारहित तवरबाट पुष्टि गर्न नसकेको अवस्थामा शङ्काको भरमा प्रतिवादी विष्णु तामाङले नै गाडी चलाई ल्याएका होलान् भनी मान्न मिल्ने अवस्था नदेखिँदा यी प्रतिवादी विष्णु तामाङले अभियोग दाबीबाट सफाइ पाउने ठहर गरी सुरू झापा जिल्ला अदालतले गरेको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत, इलामको फैसलालाई अन्यथा भन्न नसकिने।

अतः विवेचित आधार प्रमाणहरूबाट प्रतिवादीमध्येका विष्णु तामाङले अभियोग दाबीबाट सफाइ पाउने ठहर गरी सुरू झापा जिल्ला अदालतबाट मिति २०७१।५।२३ मा भएको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत, इलामको मिति २०७२।०४।१९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: डल्लुराम चौधरी

कम्प्युटर: अर्जुन पोख्रेल

इति संवत् २०७५ साल असार २० गते रोज ४ शुभम्।

## इजलास नं. १४

१

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०६५-WO-०३२६, उत्प्रेषण / परमादेश, *झलकप्रसाद न्यौपाने वि. इलाका प्रहरी कार्यालय, बरेङडाडा, बागलुङसमेत*

तत्काल प्रचलित प्रहरी नियमावली, २०४९ को नियम ८८(झ) मा बिदा स्वीकृत नगराई डिउटीबाट अनुपस्थित हुन नपाउने व्यवस्था रहेको छ। यस्तो अवस्थामा पनि यी निवेदकसँग पटकपटक सम्पर्क स्थापना गर्न खोजिएको कुरा निजको कारबाहीसम्बन्धी फाइलबाट देखिन्छ। साथै यी निवेदकलाई कारबाही गर्नुभन्दा अगाडि मिति २०६१।१।२ गतेमा कानूनबमोजिमका प्रतिनिधिहरूको रोहबरमा निजको घरद्वारमा निजलाई २४ घण्टाभित्र निज कार्यरत कार्यालयमा उपस्थित हुन भनी अ.बं.११० नं. बमोजिमको रीत पुर्‍याई म्याद टाँस भएको देखिएकाले पनि निवेदकले आफूलाई सुनुवाइको मौका नदिइएको भन्ने निवेदन दाबी कानूनसम्मत नदेखिने।

प्रहरी नियमावली, २०४९ को नियम ८८(झ)को कानूनी व्यवस्था हेर्दा नोकरीबाट हटाउने,

बरखास्त गर्ने आधारका रूपमा "..मनासिब कारण नभई वा बिदा नलिई बिदा बसेमा वा गैरहाजिर भएमा.." भनी उल्लेख भएको पाइन्छ र यस्तो कसुर गरेमा ऐ. नियमावलीको नियम ८४(६) मा "भविष्यमा सरकारी नोकरीको निम्ति अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने" भन्ने कानूनी व्यवस्था रहेको र सोबमोजिमको कारबाही गर्ने अधिकार कानूनबमोजिमको अधिकारी प्रहरी उपरीक्षकलाई भएको अवस्था देखिँदा सो कारबाहीलाई अन्यथा भन्न नमिल्ने।

कानूनविपरीत आफू कार्यरत रहेको कार्यालयमा नियमित रूपमा उपस्थित नभई गैरहाजिर रहेको प्रहरी कर्मचारीलाई कारबाही गर्नुभन्दा अगाडि सफाइको मौका दिनु पर्ने भन्ने प्रहरी नियमावली, २०४९ को नियम ८९(२) बमोजिमको कानूनी व्यवस्थाअनुसार निजको घरद्वारमा कानूनबमोजिमका प्रतिनिधिहरूको रोहबरमा म्याद टाँस भएको अवस्था र सो म्याद सूचनाबमोजिमको समयमा कार्यालयमा उपस्थित नभई, त्यसलाई बेवास्ता गरी बसेको देखिँदा प्रहरी नियमावली, २०४९ को नियम ९३ को देहाय २(ख) ले दिएको अधिकार प्रयोग गरी निवेदकलाई मिति २०६१।२।५ देखि लागू हुने गरी प्रहरी नियमावली, २०४९ को नियम ८४ को देहाय (६) बमोजिम भविष्यमा सरकारी नोकरीको निम्ति अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने क्षेत्रीय प्रहरी कार्यालयका प्रहरी उपरीक्षकको मिति २०६१।२।५ निर्णय र सो निर्णयलाई सदर गर्ने गरेको पश्चिम क्षेत्रीय प्रहरी कार्यालय, पोखराका प्रहरी नायब महनिरीक्षकको मिति २०६५।३।२६ को पुनरावेदकीय निर्णयसमेत कानूनसम्मत नै भएको देखिन आउने।

अतः उपर्युक्त आधार कारणसमेतबाट प्रहरी नियमावली, २०४९ को नियम ८८ को देहाय (झ) को कसुरमा ऐ.को नियम ९३ को देहाय २(ख) ले दिएको अधिकार प्रयोग गरी, ऐ.को नियम ९३ को देहाय (क) बमोजिमको अधिकारीबाट ऐ.को नियम ८४ को देहाय (६) बमोजिम मिति २०६१।२।५ मा भएको निर्णय र सो निर्णयलाई सदर गर्ने गरेको मिति २०६५।३।२६ को पुनरावेदकीय निर्णयसमेत कानूनसम्मत नै भएको देखिँदा निवेदन मागअनुसारको आदेश जारी हुने अवस्था देखिएन। तसर्थ रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: विष्णुप्रसाद पौडेल

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७५ साल असार ६ गते रोज ४ शुभम्।

२

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री सपना प्रधान मल्ल,** ०६७-WO-०२३०, उत्प्रेषण, *प्रभुलाल चौधरी वि. पूर्वाञ्चल क्षेत्रीय सिंचाई निर्देशनालय, विराटनगरसमेत*

निजामती कर्मचारी राष्ट्रकै एक नैतिक र जिम्मेवार आदर्श नागरिक हो । उसले कार्यालयको समयबाहेकको निजी जीवनमा पनि उत्तिकै शिष्टाचार र नैतिकताअनुरूपको आचरण र व्यवहार गर्नुपर्ने हुन्छ । निजामती सेवा ऐन, २०४९ परिच्छेद ७ मा समेत निजामती कर्मचारीले कसैलाई पनि यातना दिन नहुने, दुर्व्यवहार र हिंसासम्बन्धी कार्य गर्न नहुने गरी विभिन्न आचरणका नियमहरू तोकेको छ । यसरी कानूनले तोकेका र कतिपय नतोकेका सदाचारयुक्त व्यवहारसमेत गर्नु कर्मचारीको दायित्व हुने।

सधैँ सत्य र इमान्दारिताका साथ अनुशासित भई देश र जनताको सेवा गर्ने सपथ लिएका एक जिम्मेवार निजामती कर्मचारीका रूपमा रहेका यी निवेदक प्रभुलाल चौधरीले व्यक्तिगत रिसइवीका कारण यी पीडित जीवन थापालाई आफ्नो घरको कम्पाउण्डभित्र बोलाई मनसायप्रेरित र क्रूरतापूर्वक निजले दैनिक रूपमा काम गरी खाने मुख्य कर्मेन्द्रीयका रूपमा रहेको एउटा हातलाई धारिलो हतियार (कट्टी) ले पूर्णरूपमा छिनाई अर्को हातको ४० प्रतिशत मात्र काम लाग्ने गरी काट्ने, छिनाउने गरेको अपराध सामान्य किसिमको अपराध नभई नैतिक पतन देखिने

फौजदारी अपराध नै मान्नु पर्ने ।

निवेदक प्रतिवादी भएको कुटपिट अङ्गभङ्ग मुद्दामा सर्वोच्च अदालतसमेतबाट भएको अन्तिम फैसलाले समेत निजलाई फौजदारी अपराधमा कसुरदार ठहऱ्याई चार वर्ष कैद र रू.२,५००।– जरिवाना भएको अवस्थामा यी निवेदक प्रभुलाल चौधरीको उक्त कार्य निजामती सेवा ऐन, २०४९ को दफा ५६ को खण्ड (क) को परिधिभित्रको विषय नै देखियो । यस अवस्थामा ऐ.ऐनको दफा ६१(२)(क) अनुसार भएको निर्णयलाई अन्यथा भन्न पनि मिलेन । साथै निजामती सेवाजस्तो गरिमामय सेवामा बहाल रहन अयोग्य ठहऱ्याई सेवाबाट बर्खास्त गर्ने गरी भएको पूर्वाञ्चल क्षेत्रीय सिँचाई निर्देशनालय, विराटनगरको मिति २०६०।१।३१ को निर्णयलाई पुनरावेदकीय तहबाट हेरी, जाँची सदर गरेको प्रशासकीय अदालतको मिति २०६७।१।३० को फैसलामा कानूनी त्रुटि रहे भएको नदेखिने ।

उपर्युक्त आधार कारणसमेतबाट पूर्वाञ्चल क्षेत्रीय सिँचाई निर्देशनालय, विराटनगरबाट निवेदक प्रभुलाल चौधरीलाई निजामती सेवा ऐन, २०४९ को दफा ५६ को खण्ड (क) बमोजिम कसुर गरेको अभियोगमा ऐ.ऐनको दफा ६१ को उपदफा (२)(क) बमोजिम भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गर्ने गरी भएको मिति २०६०।१।३१ को निर्णयलाई सदर गरेको प्रशासकीय अदालतको मिति २०६७।१।३० को फैसला कानूनसङ्गत नै देखिँदा बदर गरिरहनु परेन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: विष्णुप्रसाद पौडेल

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७५ साल असार ६ गते रोज ४ शुभम् ।

३

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७०-CR-०४६३, ०७०-CR-०५३२, ०७०-CR-०५९०, ०७०-CR-०७१२, ०७०-CR-०७१३, ०७०-CR-०९०३, कर्तव्य ज्यान र जातीय विभेद, *डिल्लीबहादुर खत्री वि. नेपाल सरकार, नेपाल सरकार वि. मदन शाहीसमेत, जीवन शाही वि. नेपाल सरकार, विन्दकला शाही वि. नेपाल सरकार, कृष्णबहादुर खत्री वि. नेपाल सरकार, तुलबहादुर चन्द वि. नेपाल सरकार*

तीनैजना प्रतिवादीहरू विन्दकला शाही, जीवन शाही र कृष्णबहादुर खत्रीले अदालतमा बयान गर्दा विवादको जरिया विन्दकलाको भतिजी राजकुमारी शाहीलाई सेते दमाईको छोरा सन्तबहादुरले भगाई लगेको विषय भएको, राजकुमारीलाई फर्काई ल्याउन आफूहरू वारदातस्थलमा गएको, त्यहाँ जाँदा कृष्णबहादुरले झोलामा खुकुरी चक्कुसमेतका हतियार लिई गएको, वारदातस्थल सेते दमाईको घरमा राति नौ बजेतिर पुगेपछि होहल्ला र दोहोरो झडप भएको कुरालाई स्वीकार गरी बयान गरेको देखिन्छ । राजकुमारीलाई खोज्दा निज अथारामा भएको र त्यहाँ उक्लन खोज्दा सेते दमाईले रोकेकोले निजलाई छातीमा प्रहार गरेपछि सेतेको जेठो छोरा नरबहादुरले ढुङ्गाले हानेकोले निजलाई पनि खुकुरी प्रहार गरेको भन्ने निज प्रतिवादीहरूको भनाई छ । अनुसन्धानमा बयान गर्दा सेते दमाईलाई प्रतिवादीमध्येको जीवन शाहीले छुरा प्रहार गरेको भन्ने कुरा जीवन शाहीले बयानमा उल्लेख गरेको र अन्य प्रतिवादीहरू विन्दकला र कृष्णबहादुर खत्रीले पनि निजले नै छुरी प्रहार गऱ्यो भनेका छन् । अदालतमा आई बयान गर्दा भने विन्दकलाले आफूले सेते दमाईलाई हानेँ मर्छकी भनेकी हुँदा निजले प्रयोग गरेको हतियारबाट सेते दमैको मृत्यु भएको हुनुपर्छ भनी कृष्णबहादुर खत्रीले बयान गरेको देखिन्छ । विन्दकलाले सेते दमैको कठालोमा समातेर छुरीले छातीमा हानेको घरमाथि डाँडाबाट देखेको हुँ भन्ने अर्को सहअभियुक्त डिल्लीबहादुर खत्रीको बयानबाट देखिन्छ भने जीवन शाहीले अदालतमा बयान गर्दा सेते

दमाईको मृत्यु हामीमध्येकै अन्य साथीहरूको चोटबाट भएको हो । रातको समय हुँदा कसको चोटबाट भएको यकिन भन्न सक्तिन (स.ज.१०) भनी र विन्दकला शाहीले अदालतमा बयान गर्दा मैले जीवन र कृष्णले सेतेलाई बक्सीङले हानेको देखेको हुँ (स.ज.११) भनी र हातको मुठीमा छुरी हुन सक्छ (स.ज.१२) भनी बयान गरेको पाइन्छ । यसरी रातको समयमा भएको वारदातमा भएको कुटपिट र छुरा प्रहारको कारण सेते दमाईको मृत्यु भएको सो वारदात यी प्रतिवादीहरूसमेत प्रत्यक्षरूपमा संलग्न भए पनि यो यसको चोटबाट निज सेते दमाइको मृत्यु भएको यकिन नहुँदा यी प्रतिवादी विन्दकला शाही, जीवन शाही र कृष्णबहादुर खत्रीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(३) बमोजिम सजाय गरेको सुरू र पुनरावेदन अदालत, सुर्खेतको निर्णय मिलेकै देखिने ।

अदालतमा बयान गर्दा सुवास के.सी.ले आफूलाई विन्दकलाले आँगनको डिलमा बस्नु भनेको, डिल्लीबहादुर खत्रीलाई माथि कान्लामा बस्न भनेको, घरभित्र कृष्ण, जीवन शाही र विन्दकला गए भनी उल्लेख गरेको पाइन्छ भने, डिल्लीबहादुरले बयान गर्दा पनि सुवास के.सी. र आफू घरबाहिर अलि माथि डाँडामा बस्यौं भनेको पाइन्छ । वारदातमा मुख्य भूमिका खेल्ने विन्दकला, कृष्णबहादुर खत्री र जीवन शाहीले पनि बयान गर्दा यी प्रतिवादीहरू वारदातस्थलमा गएको भने पनि घरभित्र गएको वा मृतकलाई प्रहार गरेको भनी बयान गरेको पाइँदैन । यस स्थितिमा निजहरू वारदातस्थलमा गई बाहिरी घेरामा बसेको देखिँदा निजहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १७(२) नं. बमोजिम सजाय गरी निजहरू बालक देखिँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम हुने ठहऱ्याएको पुनरावेदन अदालत, सुर्खेतको फैसला मिलेकै देखिने ।

वारदातको जरिया नै ठकुरी जातकी राजकुमारी शाहीलाई दमाई जातको सन्तबहादुरले विवाह गरी भगाई लगेको भन्ने छ । यी प्रतिवादीहरू यो अन्तरजातीय विवाह तोड्ने र राजकुमारीलाई फिर्ता ल्याउने भनी मतसल्लाह गरी वारदातस्थलमा गएका छन् । जातपातको आधारमा भेदभाव गर्ने कुरालाई संविधानले बर्जित गरेको छ । उमेर पुगेका व्यक्तिले स्वेच्छापूर्वक गरेको विवाह तोड्ने भन्ने सोच नै खोटी र भेदभावपूर्ण हुन्छ । यस्तो स्थितिमा दलितको छोरासँग आफ्नो नातेदारले प्रेम विवाह गरेको विषयमा द्वेष राखी रातिको समयमा दुलाहा पक्षको घरमा गई हुलहुज्जत गरी हत्यासमेतमा उत्रने यी प्रतिवादीहरूको व्यवहारलाई भेदभावपूर्ण मान्दै जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन, २०६८ को दफा ७(१)ख बमोजिम सजाय गरी सोही ऐनको दफा ९(१) बमोजिम पीडित पक्षलाई यी प्रतिवादीहरूबाट क्षतिपूर्तिसमेत भराउने गरेको पुनरावेदन अदालत, सुर्खेतको फैसलालाई अन्यथा मान्नुपर्ने नदेखिने ।

जाहेरीमा नाम उल्लेख हुनुबाहेक यी प्रतिवादीहरू प्रेमबहादुर शाही, तुलबहादुर चन्द, मदन शाही र गणेशबहादुर सिंहको समेत वारदातमा संलग्नता थियो भन्ने कुरा कहीँकतैबाट खुल्न सकेको छैन । वादी पक्षले प्रमणबाट कसुर पुष्टि गर्न सकेको अवस्थासमेत छैन । यस्तो अवस्थामा पुनरावेदन अदालत, सुर्खेतले ज्यानसम्बन्धीको महलअन्तर्गतको अभियोग मागदाबी पुग्न नसक्ने ठहर गरी भएको फैसलालाई अन्यथा गर्नुपर्ने देखिँदैन । तर वारदातस्थलमै उपस्थित नभएको भनी ज्यानसम्बन्धीको अभियोग दाबीबाट सफाइ पाउने ठहर गरिसकेपछि घटना वारदातमा उपस्थित नै नभएका यी प्रतिवादीहरूलाई जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन, २०६८ को दफा ७(१) को ख बमोजिम जनही १ (एक) वर्ष कैदको सजाय गरी सोही ऐनको दफा ९ (१) बमोजिम पीडित पक्षलाई क्षतिपूर्तिसमेत भराई पाउने ठहर गरी भएको पुनरावदेन अदालत, सुर्खेतको फैसलालाई न्यायोचित मान्न सकिएन । तसर्थ उक्त फैसला सो हदसम्म उल्टी भई

यी प्रतिवादीहरूले अभियोग दाबीबाट सफाइ पाउने।

अत: प्रतिवादी विन्दकला शाही, जीवन शाही र कृष्णबहादुर खत्रीको हकमा मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(३) र सुवास के.सी. र डिल्लीबहादुर खत्रीको हकमा ज्यानसम्बन्धीको १७(२) बमोजिम सजाय हुने साथै यी पाँचैजना प्रतिवादीहरूलाई जातीय भेदभाव तथा छुवाछुत कसुर र सजाय ऐन,२०६८ को दफा ३(१) र ४(११) को कसुरमा सोही ऐनको दफा ७(१) (ख) बमोजिम कैद र दफा ९(१) बमोजिम क्षतिपूर्ति भरी पाउने ठहऱ्याएको पुनरावेदन अदालत, सुर्खेतको मिति २०७०।१।२४ को फैसला सो हदसम्म मिलेको र प्रतिवादी प्रेमबहादुर शाही, तुलबहादुर चन्द, मदन शाही र गणेशबहादुर सिंहले ज्यानसम्बन्धीको १७(२) को अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याएको फैसला सो हदसम्म सदर हुने तर वारदातस्थलमा नै उपस्थित नरहेको व्यक्तिहरूलाई जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन, २०६८ अन्तर्गत सजाय गरेको नमिलेकोले सोतर्फको इन्साफ केही उल्टी भई निज चारैजनाले सो ऐनको अभियोग दाबीबाट सफाइ पाउने।

इजलास अधिकृत: ताराकुमारी शर्मा

इति संवत् २०७५ साल साउन १४ गते रोज २ शुभम्।

## इजलास नं. १५

१

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०६८-CI-१०५१ र ०६८-CI-११७४, छुट जग्गा दर्ता, *रत्नबज्र बज्राचार्यसमेत वि. रविरत्न बज्राचार्य र चेतकुमारी अधिकारी वि. रविरत्न बज्राचार्य*

काठमाडौं जिल्ला साङ्गला गाउँ विकास समिति वडा नं.६ (ग) कि.नं.२९ को ३-५-०-० को जग्गा दर्ता गरिपाउँ भनी फणिन्द्ररत्न बज्राचार्यले निवेदन दिएकोमा रविरत्न बज्राचार्यले साबिक मौजा बालाजु  हा.नं.९३० मा उल्लिखित चाउटार २॥S-२।४४-६।१० को रैकरमा परिणत भएको आफ्नो पारिवारिक गुठीको जग्गा भई इन्द्रप्रसाद जैसीले जोताहा मोही भई कमाइ आएको जग्गा हुँदा आफ्नो नाममा दर्ता गरिपाउँ भनी  निवेदन दिएकोमा मोहीको एकाघरको पत्नी चेतकुमारी अधिकारीले फणिन्द्ररत्न बज्राचार्यको नाउँमा नामसारी भएमा मन्जुर हुने भई निवेदन दिएको भए तापनि निवेदक फणिन्द्ररत्न बज्राचार्य र हकदाबी गर्ने निवेदक रविरत्न बज्राचार्यको निवेदन परी छुट्टाछुट्टै मौजा देखाई हा.नं. समेत फरक देखिएको छ। यस्तो अवस्थामा निवेदक फणिन्द्ररत्न बज्राचार्यको नाउँमा उक्त जग्गा हा.नं.३८३ बाट भिडाई दर्ता गर्ने आदेश गरेको देखियो। के कसरी उक्त जग्गा उपर्युक्तबमोजिम भिड्न गयो भन्नेबारे स्पष्ट देखिँदैन। उक्त जग्गामा तेरो मेरो हक बेहकसम्बन्धी प्रश्न उठेको देखिन्छ। यस्तोमा हक बेहकको प्रश्न उठेपछि प्रमाणको मूल्याङ्कन गरी सोको निर्णय गर्ने अधिकार कानूनले मालपोत कार्यालयलाई प्रदान गरेको देखिँदैन। यस्तो प्रश्न उठेपछि अदालतबाट निर्णय गराई ल्याउनु भनी सुनाउनु पर्नेमा सो नगरी विवादित कि.नं.२९ को जग्गा फणिन्द्ररत्न बज्राचार्यको नाउँमा दर्ता गर्ने गरेको निर्णयलाई कानूनसम्मत मान्न मिल्ने नदेखिने।

तसर्थ, उल्लिखित विवादित कि.नं.२९ को ३-५-०-० को जग्गामा दुवै पक्षले आ-आफ्नो लगतभित्रको हुँदा दर्ता गरिपाउँ भनी निवेदन दिएकोमा पेस भएका प्रमाणको मूल्याङ्कन गरी निर्णय गर्नुपर्ने हुँदा त्यस्तो हकबेहकको प्रश्न खडा भएकोमा सक्षम अदालतबाट हककायम गराई ल्याउनु भनी मालपोत कार्यालयबाट निर्णय गर्नुपर्नेमा फणिन्द्ररत्न बज्राचार्यको नाउँमा दर्ता गरिदिने गरी मालपोत कार्यालय, काठमाडौंबाट मिति २०६७।८।२३ मा भएको निर्णय

बदर गरी दुवै पक्षलाई अदालतबाट आफ्नो हक कायम गराई ल्याउनु भनी मालपोत कार्यालयले सुनाउनु पर्ने भएकोले दुवै पक्षलाई तारिख तोकी मालपोत कार्यालय, डिल्लीबजार, काठमाडौं पठाइदिने ठहऱ्याएको पुनरावेदन अदालत, पाटनको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : जगतबहादुर पौडेल

इति संवत् २०७५ साल असार २० गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०६९-CI-०७८४, अंश, *पवि थापासमेत वि. तुलबहादुर थापा*

वादी तथा प्रतिवादीहरू एकासगोलका अंशियार भएकोमा विवाद देखिँदैन। प्रतिवादी पवि थापाका पति लालबहादुर थापा २०१४ सालमा र प्रतिवादी मानबहादुर थापा २०१८ सालमा भारतीय फौजमा भर्ना भई १५ वर्ष सेवा गरी पेन्सन निस्किएकोमा पनि विवाद देखिँदैन। निजहरू सेवा निवृत्त भई आएको लामो समयपछि विवादित कि.नं.१८३० र कि.नं.१८३२ मिति २०४६।२।१६ मा र कि.नं.१७७० र कि.नं.९४९ मिति २०४०।९।२४ मा यी प्रतिवादी पवि थापाका पतिले खरिद गरेको र कि.नं.११६७ को जग्गा प्रतिवादी मानबहादुर थापाले मिति २०३५।११।१४ मा खरिद गरेको देखिन्छ। यी वादी तथा प्रतिवादीहरू लामो समयसम्म एकासगोलमा बसी पैतृक सम्पत्तिबाट बढे बढाएको नै मान्नुपर्ने। प्रतिवादी पवि थापाका पति र प्रतिवादी मानबहादुर थापाले खरिद गरेको जग्गा आफूले यो यति पैसा स्वआर्जन गरी खरिद गरेको भनी प्रमाणित गर्न सकेको पनि देखिँदैन। केवल भारतीय फौजमा भर्ना भई पेन्सन निस्किएको भनी पेन्सन पट्टाको प्रमाण राख्दैमा निजी आर्जनको ठहराउन मिल्ने नदेखिने।

तसर्थ, उल्लिखित कि.नं.१८३०, कि.नं.१८३२, कि.नं.१७३०, कि.नं.९४९ र कि.नं.११६७ का जग्गाहरू प्रतिवादी पवि थापा र मानबहादुर थापाको निजी आर्जन ठहरी भएको सुरू बागलुङ जिल्ला अदालतको फैसला केही उल्टी गरी उक्त कि.नं. का जग्गाहरू सगोलको ठहऱ्याई उक्त जग्गाबाट समेत वादीले ३ भागको १ भाग अंश पाउने ठहऱ्याई पुनरावेदन अदालत, बागलुङबाट मिति २०६९।३।११ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: जगतबहादुर पौडेल

इति संवत् २०७५ साल असार २० गते रोज ४ शुभम्।

३

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०६९-CI-१२४४, अबन्डा सम्पत्ति बन्डा गरिपाउँ, *रामजस अहिर यादव वि. लक्ष्मीचन्द्र यादवसमेत*

वादीहरूले साँवा रू.३,२३,०००।– र सोको ब्याजसमेत गरी रू.५,८१,११७।४१ को दाबी लिएकोमा वंशराजसँग ४ लाख रूपैयाँ मिति २०६०।१२।२ मा बुझी लिई भरपाई गरिदिएको र ४ लाख रूपैयाँबाहेक अरू रूपैयाँ लिए दिएको भन्ने तथ्य स्थापित हुने कागज प्रमाण मिसिलबाट देखिएन। सो रूपैयाँ बुझी गरिदिएको भरपाईमा वादी रामदास, प्रतिवादीहरू रामजस र मुराती रोहबरमा रहेको र वादीमध्येका लक्ष्मीचन्द्र रोहबरमा बसी सहिछाप गरिदिएको देखिएन। यस्तो स्थितिमा लक्ष्मीचन्द्रबाहेकका अन्यले सो रकम बुझी सोबाट आ-आफ्नो भाग हिस्सा बुझेको तथ्य स्थापित हुन आउने।

लेनदेन मुद्दाका प्रतिवादी वंशराज अहिरले बयान गर्दा लेनदेन मुद्दाको फैसलाअनुसारको साँवा ब्याज यी रामजस अहिरलाई बुझाएको र अन्य व्यक्तिलाई देखिन भनी बयान गरेको देखिन्छ। उक्त

रकम बुझेको भरपाईमा यी पुनरावेदक रामजस अहिर, मुराती अहिर र वादीमध्येका रामदास अहिर यादवले सनाखत गरी दिएकोसमेतबाट यी वादी लक्ष्मीचन्द्र यादव उक्त समयमा त्यहाँ उपस्थित भई दस्तखतसमेत नगरेका र निजका भाइ सुरेशचन्द्रले बुझेको भन्ने वस्तुनिष्ठ प्रमाण यी प्रतिवादीले पेस गर्न सकेको नदेखिने।

अतः उल्लिखित आधारबाट मिति २०६०।१२।२ मा वंशराजबाट बुझेको रकम वादी लक्ष्मीचन्द्रले बुझेको नदेखिएकोले, निजको भागमा पर्न आउने रकम निजले पाउने देखियो। निजले सो रकम कसबाट पाउने हो भन्ने सम्बन्धमा लेनदेनको लिखत, पुनरावेदक रामजसको नाउँमा भएको, रूपैयाँ बुझाउने वंशराजले पनि रामजसलाई नै बुझाएको भनी बयान गरेकोले लक्ष्मीचन्द्रले नपाएसम्म निजै जिम्मा रहेको मान्नु पर्ने हुँदा वादी लक्ष्मीचन्द्रले मिति २०६०।१२।२ को भरपाईमध्येको रू.१,००,०००।– (एकलाख रूपैयाँ) पुनरावेदक प्रतिवादी रामजस अहिरबाट भराई लिन पाउने ठहर्‍याएको मिति २०६७।७।१४ को सुरू रूपन्देही जिल्ला अदालतको फैसला नमिलेको देखिँदा केही उल्टी हुने ठहरी पुनरावेदन अदालत, बुटवलबाट मिति २०६८।१२।१५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: जगतबहादुर पौडेल

इति संवत् २०७५ साल असार २० गते रोज ४ शुभम्।

## इजलास नं. १६

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७१-CR-००३१, कर्तव्य ज्यान, *नेपाल सरकार वि. संजिवकुमार मण्डलसमेत*

जिल्ला धनुषा वसविट्टी गा.वि.स. वडा नं.२ र ३ को पैनीमा मृतक मनोज कुमार पाण्डेको लास रहेको, दुवै नाकबाट रातो तरल पदार्थ निस्किएको, जिब्रो बाहिर निस्की दाँतले टोकेको, घाँटीको भाग सुन्निएको, घाँटी तथा शरीरभरि फोका उठी सुन्निएको दाहिने खुट्टाको गोलाईहरूमा छाला खुइलिएको भन्ने मिति २०६५।१।१८ को लास जाँच प्रकृति मुचुल्का र Cause of death is not ascertained injuries to highly decomposed body भन्ने शव परीक्षण प्रतिवेदनबाट देखिने।

प्रारम्भिक जाहेरीमा वारदातको दिन बेलुका ९ बजे दिशा बस्न चौरीतिर जान्छु भनी निस्केको र राति फर्की नआएको भनी उल्लेख भएको छ। अर्को किटानी जाहेरीमा प्रतिवादीले आफ्नो घरमा खान बोलाई लिई गएको भनी उल्लेख गरेको देखिन्छ। पछिल्लो किटानी जाहेरीमा यी प्रतिवादीहरू संजिवकुमार मण्डल र फेकु मण्डलको नाम उल्लेख गरी धारिलो हरियारले घोची कोपी मारेको भनी उल्लेख गरेकोमा लास प्रकृति मुचुल्काबाट सो जाहेरीको बेहोरा पुष्टि भएको छैन। शव परीक्षण प्रतिवेदनमा मृतक मनोजकुमार पाण्डेको लास सडी डिकम्पोज भइसकेकोले मृत्युको कारण थाहा हुन नसकेको भनी उल्लेख भएको छ। अभियोजन पक्षले मृतकको मृत्यु कर्तव्यकै कारण भएको हो भन्ने दाबी गरे पनि यो यस रीतले कर्तव्य गरी मारेको भन्ने पुष्टि हुने प्रमाण अनुसन्धानबाट वस्तुनिष्ठ तरिकाले खुल्न सकेको छैन। वस्तुस्थिति मुचुल्का तथा घटनास्थल मुचुल्काका मानिसले प्रतिवादीउपर मृतकलाई मारेको हो भन्नेतर्फ संकेत गरी कागज तथा बकपत्र गरे पनि निजहरू वारदातको प्रत्यक्षदर्शी नरहेको कुरा निजहरूकै भनाई तथा अदालतमा गरेको बकपत्रबाट पुष्टि हुने।

फौजदारी अपराधमा केवल शङ्का र अनुमानकै भरमा कसुरदार कायम गरी सजाय गर्दै जाने हो भने फौजदारी न्यायको मर्म नै पराजित हुन पुग्दछ। कसैले ज्यानजस्तो जघन्य कसुर गर्न त्यसको मनसाय,

योजना, परिस्थिति, आवेशको अवस्था र सोको कार्यको युक्तिसङ्गत सामञ्जस्यता आवश्यक पर्छ । प्रस्तुत मुद्दामा प्रतिवादीहरूले मनोजकुमार पाण्डेलाई मार्नु पर्नेसम्मको विश्वसनीय कारण अनुसन्धानबाट खुल्न सकेको छैन । जाहेरीमा प्रतिवादीमध्येका संजिवकुमार मण्डलको बहिनी तथा प्रतिवादी फेकु मण्डलको छोरीसँग मृतकको प्रेम सम्बन्ध रहेको कारण प्रतिवादीहरूले मृतकलाई मारेका हुन् भन्ने कारण खुलाए पनि त्यसलाई गम्भीर रूपमा लिई अनुसन्धान भएको देखिँदैन । मृतकको प्रेमिका भनिएकी नीतु कुमारीलाई अनुसन्धानको क्रममा बुझिएकोसमेत मिसिलबाट नदेखिने । मृतक प्रतिवादीकै कर्तव्यबाट मरेको भन्न सकिने आधार खुलाउने प्रत्यक्षदर्शीको अभाव रहेको र प्रतिवादीमध्येका संजिव मण्डल भन्ने संजिवकुमार मण्डल मौकामा कसुरमा साबित रहेको देखिए पनि अदालतमा पूर्ण इन्कार रहेको र निजको साबिती बयान जाहेरी बेहोरालगायत अनुसन्धानको क्रममा सङ्कलित प्रमाण र अदालतबाट बुझिएका प्रमाण कागजातबाट समर्थित भएको नदेखिँदा स्वतन्त्र प्रमाणले समर्थित नगरेको मौकाको साबितीका आधारमा कसुरदार कायम गर्न न्यायोचित देखिँदैन । अर्का प्रतिवादी फेकु मण्डल अनुसन्धानको क्रममा र अदालतमा समेत कसुरमा इन्कार रहेको र निजको वारदातमा संलग्नता रहेको भन्ने अन्य प्रमाणसमेत मिसिलबाट नदेखिने ।

अतः माथि विवेचित आधार प्रमाणबाट प्रतिवादीहरूलाई सफाइ दिने गरी भएको सुरू धनुषा जिल्ला अदालतको मिति २०६७।१।२९ को फैसलालाई सदर गरेको पुनरावेदन अदालत, जनकपुरको मिति २०६८।७।६ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: ढाकाराम पौडेल

कम्प्युटर: अर्जुन पोख्रेल

इति संवत् २०७५ साल जेठ २२ गते रोज ३ शुभम् ।

## इजलास नं. १७

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७३-WO-०२५३, उत्प्रेषण / परमादेश, *मोहन महर्जन वि. श्रम अदालत, काठमाडौंसमेत*

श्रम ऐन, २०४८ को दफा २५ बमोजिम भएको श्रम कार्यालयको आदेशको जानकारी पाएको मितिले ३५ दिनभित्र पुनरावेदन गर्न सक्ने व्यवस्था श्रम ऐनको दफा २६ ले गरेको देखिन्छ । श्रम कार्यालयबाट प्रेषित निर्णयको बेहोराको जनाउ पत्र रिट निवेदकले प्राप्त गरेपछि र सोमा पुन: निर्णय कार्यान्वयन गर्न नसक्ने पत्राचारसमेत रिट निवेदकले गरिसकेपछि नक्कल सारेको मितिलाई मात्र फैसलाको जानकारी प्राप्त गरेको मिति कायम गरी पुनरावेदन दर्ता गर्ने हदम्याद कायम गरी दायर गरेको पुनरावेदन पत्र हदम्यादभित्रको देखिन नआउने ।

निवेदकले श्रम कार्यालयको निर्णय बेहोराको पत्र बुझेको भरपाई र सो निर्णय कार्यान्वयन गर्न नसक्ने भनी पत्रको जवाफसमेत पठाएबाट श्रम कार्यालयको निर्णयको जानकारी मिति २०७२।५।८ मा नै पाएको देखिन्छ । यसरी मिति २०७२।५।८ मा नै निर्णयको जानकारी प्राप्त भइसकेको हुँदा ऐ. मिति २०७२।५।८ बाट पुनरावेदन गर्ने हदम्याद सुरू भएको देखिन्छ । मिति २०७२।५।८ मा नै फैसलाको जानकारी यी निवेदकले प्राप्त गरिसकेको देखिँदा अब फैसलाको नक्कल सार्ने कार्य गरी पुनरावेदनको मिति कायम हुन नसक्ने । श्रम ऐन, २०४८ स्वयम्ले पुनरावेदनको हदम्याद किटान गरेकोमा मिति २०७२।७।९ मा मात्र निर्णय सारेको मिति कायम गरी ३५ दिनको पुनरावेदनको हदम्याद नघाई मिति २०७२।८।७ मा मात्र पुनरावेदन गरेको हुँदा हदम्यादको अभावमा पुनरावेदन खारेज हुने ठहर गरी श्रम अदालत, काठमाडौंबाट मिति २०७३।३।१०

मा भएको फैसला कानूनसम्मत देखिन आएकोले निवेदन मागदाबीअनुसार आदेश जारी गर्न मिलेन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: ताराकुमारी शर्मा

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७५ साल असार ११ गते रोज २ शुभम्।

## इजलास नं. १८

१

**मा.न्या.श्री पुरूषोत्तम भण्डारी र मा.न्या.श्री बमकुमार श्रेष्ठ**, ०७२-CR-०५२९, लागु औषध खैरो हेरोइन, *नेपाल सरकार वि. आशिष कोइराला*

प्रस्तुत मुद्दामा लागु औषधको परिमाण ५.८५ ग्राम देखिन्छ । सो मात्रालाई न्यून मानी सुरू र पुनरावेदन अदालतबाट प्रतिवादीलाई सेवनतर्फको कसुर मात्र कायम गरेको देखिन्छ। सेवन प्रयोजनलाई खरिद गर्ने र बिक्री वितरण गर्नको लागि खरिद हुने अवस्था छुट्याउन लागु औषधको परिमाण र त्यसको मूल्य, सो लागु औषधको प्रकृति एवम् त्यसले पार्ने असरलाई विश्लेषण गरी हेरिनुपर्ने।

सेवन प्रयोजनको लागि राखेको भनी प्रतिवादीले बयानमा जिकिर लिएपनि आफू बस्ने सुत्ने कोठामा राखेको अवस्था पनि देखिँदैन । सो लागु औषध खरिद गरी गाडीमा राखेको र सोको परिमाण ५.८५ ग्राम रहेको अवस्था हेर्दा सेवनको लागि मात्र राखेको होला भनी सहजै अनुमान गर्न नमिल्ने। खरिद, सञ्चय, सेवन, ओसारपसार र बिक्री वितरण कार्य एक अर्कामा अन्तरसम्बन्धित विषय हुन्। लागु औषधको प्रकृति हेर्दा गम्भीर र बढी असरदार प्रकृतिको देखिन्छ । त्यसको परिमाण ५.८५ ग्राम देखिएको र के कति परिमाणलाई सेवनको कसुर मात्र मान्ने र के कति परिमाणलाई बिक्री वितरणको कसुर मान्ने भनी विधायिकाले प्रस्ट उल्लेख नगरे पनि ऐनले लागु औषधलाई निषेधित गर्नुपर्ने मनसाय र उद्देश्य, त्यसले समाजमा पार्ने प्रतिवादीहरूको क्रियाकलाप, सम्पर्क, लागु औषध राखेको स्थान, लुकाएको अवस्थासमेतका प्रकृति कार्यलाई विचार गर्नुपर्ने हुन आउँछ । लागु औषधसम्बन्धी अपराध र अन्य फौजदारी अपराधलाई एउटै प्रकृति एवम् रूपमा विचार नगरी अपराध हुँदाको अवस्था कसुरदारको भूमिका संलग्नता र त्यसले समाजमा पार्ने असरसमेतलाई समष्टिगत रूपमा मूल्याङ्कन गरिनुपर्ने।

प्रतिवादीले कसुरबाट बच्न सेवनको लागि राखेको भने पनि त्यसको युक्तियुक्त प्रमाण पेस गर्न सकेको पनि पाइँदैन। वादी पक्षका साक्षीले बकपत्र गर्दा प्रतिवादी आशिष कोइराला खैरो हेरोइन बिक्री वितरण गर्ने मानिस हुन् भनी लेखाएको देखिन्छ। बयानमा लागु औषध सेवन गर्दथे, पछि छोडेको भनी लेखाएकोमा निजले सेवन गरी सुधारको लागि उपचार गराएको भनी खुलाएको अवस्था पनि देखिँदैन। प्रतिवादीबाट बरामद भएको लागु औषधको परिमाण लुकाएको अवस्था, परिस्थिति र निजले सेवन गर्ने गरेको भन्ने कहीँकतैबाट पुष्टि नभइरहेको सन्दर्भमा प्रतिवादीले अभियोग दाबीअनुसारकै कसुर प्रयोजनको लागि लागु औषध प्रयोग गरेको देखिन आयो। यसप्रकार लागु औषधको प्रकृति र बरामदी हुँदाको अवस्था र परिमाणसमेतलाई मध्यनजर गर्दा बिक्री वितरणतर्फ विवेचना नगरी सेवनतर्फ कसुरदार ठहर गरेको पुनरावेदन अदालतको फैसला सो हदसम्म मिलेको नदेखिने।

अत: विवेचित आधार प्रमाणबाट प्रतिवादी आशिष कोइरालालाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१) (ङ) अनुसार सेवनतर्फको कसुर ठहर गरी १(एक) वर्ष कैद गर्ने गरी भएको सुरू फैसलालाई सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६९।८।२६ को फैसला मिलेको नदेखिँदा

उल्टी भई प्रतिवादीलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१) (छ) को कसुरमा सोही ऐनको दफा १४(१)(छ)(१) बमोजिम ५(पाँच) वर्ष कैद र रू.५,०००।– (पाँच हजार) जरिवाना हुने।

इजलास अधिकृत: ढाकाराम पौडेल

कम्प्युटर: अर्जुन पोख्रेल

इति संवत् २०७४ साल चैत २७ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री पुरूषोत्तम भण्डारी र मा.न्या.श्री बमकुमार श्रेष्ठ**, ०७३-CR-००५९ र ०७२-CR-०७७३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. नवाफ सरिफ र मोहम्मद नवाफ सरिफ वि. नेपाल सरकार*

समग्र मिसिल संलग्न प्रमाण कागजको अध्ययन गर्दा यी प्रतिवादीले ज्यान लिनेसम्मको इविलाग वा मनसायबाट अभिप्रेरित भई चोट प्रहार गरेको भन्ने कुरा मिसिल संलग्न प्रमाणहरूबाट देखिँदैन। वादी पक्षले जाहेरवालासमेतका व्यक्तिलाई अदालतमा उपस्थित गराई बकपत्र गराउँदासमेत यी प्रतिवादीले ज्यान लिनेसम्मको इविलाग वा मनसायसहित चोट प्रहार गरेको भन्ने पुष्टि गराउन सकेको देखिँदैन। अनुमान, आशङ्का र सम्भावनाजस्ता मनोगत आधारमा कुनै पनि आपराधिक कार्यमा मनसाय तत्त्वको विद्यमानता छ नै भनी निष्कर्ष निकाल्नु न्यायोचित नहुने । प्रतिवादीको कुनै आपराधिक कार्यमा संलग्न रहेको देखिए कसुरदार कायम गर्न मनसाय तत्त्वको विद्यमानता प्रमाणहरूबाट नै देखिनु पर्छ तर प्रस्तुत मुद्दाको वारदातमा प्रतिवादीको मार्ने मनसायसम्मको आपराधिक मनसाय रहेको तथ्य वादी पक्षबाट स्वतन्त्र र वस्तुनिष्ठ प्रमाणहरूबाट पुष्टि गराउन सकेको पनि पाइँदैन । मार्नको लागि कुनै पूर्वयोजना बनाएको नदेखिई मस्जिदको कोषको रकमको दाखिला सम्बन्धमा यी मृतक र प्रतिवादीबीच वादविवाद भई धकेला धकेली भएकोमा सोही क्रममा यी प्रतिवादीले मृतकको टाउकोमा बाँसको लाठीले प्रहार गर्दा सोको चोटबाट उपचारको क्रममा यी मृतकको मृत्यु भएको देखिएको अवस्थामा प्रतिवादीले गरेको कसुरजन्य कार्यलाई ज्यानसम्बन्धी महलको १३(३) नं. को दायराभित्र पर्छ भन्नु न्यायसङ्गत देखिन नआउने।

प्रस्तुत मुद्दामा वारदातको प्रकृति, अवस्था र घटनाको समग्र परिस्थितिलाई हेर्दा, यी प्रतिवादीको मृतकसँग कोषको रकम हिनामिना गरेको विषयमा वादविवाद हुँदा तत्काल उठेको रिस थाम्न नसकी साधारण बाँसको लाठीले टाउकोमा एक पटक मात्र प्रहार गरेको र सोही चोटको कारण ज्यानसम्बन्धीको १० नं. अनुरूपको म्यादभित्र मृतकको मृत्यु भएको तथ्य मिसिल प्रमाणबाट देखिन आएको हुँदा प्रतिवादीले गरेको उक्त आपराधिक कार्यलाई आवेशप्रेरित हत्या (provocational Homicide) मान्न मनासिब हुने।

मृतक र प्रतिवादीहरूबीच कुनै पूर्व रिसइवीलाग रहेको देखिँदैन । प्रतिवादीले मृतकलाई मार्नेसम्मको कुनै पूर्व सोचाइ, योजना एवम् तयारी रहेको देखिँदैन । मात्र मृतकको जिम्मामा रहेको मस्जिदको कोषको रू.२४,०००।- रकमको दाखिला सम्बन्धमा धकेला धकेली भई एकाएक उठेको रिसको कारण प्रतिवादीले मृतकको टाउकोमा बाँसको लाठीले प्रहार गर्दा मृतकको टाउकोमा चोट लाग्न गई उपचारको क्रममा मृतकको मृत्यु भएको अवस्थाले वारदातको पृष्ठभूमि अवस्था र परिस्थिति मनसाययुक्त हत्याको अपराध नभई आवेशप्रेरित हत्याको प्रकृतिको अपराध भएकोले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम आवेशप्रेरित हत्याको कसुरको दायराभित्र पर्न आउने।

अतः विवेचित आधार प्रमाणबाट तथा मृतक र प्रतिवादीहरूबीच कुनै पूर्व रिसइवीलाग नरहेको र मृतकलाई मार्ने कुनै पूर्वसोचाई, योजना एवम् तयारी नरहेको अवस्थामा मृतकको जिम्मामा

रहेको मस्जिदको कोषको रू.२४,०००।- रकमको दाखिला सम्बन्धमा धकेला धकेली भई एकाएक उठेको रिसको कारण प्रतिवादीले मृतकको टाउकोमा बाँसको लाठीले प्रहार गर्दा उपचारको क्रममा मृतकको मृत्यु भएको देखिँदा प्रतिवादी कान्छो भन्ने मोहम्मद नवाफ सरिफलाई सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहऱ्याएको सुरू उदयपुर जिल्ला अदालतको मिति २०७१।६।६ को फैसला मनसाय तत्त्वको अभावमा केही उल्टी गरी मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिमको १०(दश) वर्ष कैद सजाय हुने ठहऱ्याएको पुनरावेदन अदालत, राजविराजको मिति २०७२।२।१८ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: दिपेन्द्र तिवारी

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७५ साल जेठ २९ गते रोज ३ शुभम्।

३

**मा.न्या.श्री पुरूषोत्तम भण्डारी र मा.न्या.श्री डम्बरबहादुर शाही**, ०७२-CR-१७९२, जबरजस्ती करणी, *नेपाल सरकार वि. दीर्घप्रसाद शेरचन*

पीडितको स्वास्थ्य परीक्षण गर्ने चिकित्सकले अदालतमा आई बकपत्र गर्दा टिसर्ट च्यातिएको, माटोको दाग लागेको, दायाँ हातको पाखुराको भित्रपट्टि ४x३ से.मी को निलडाम रहेको, पछाडि पिठ्युँको दायाँ भागमा ०.५ से.मी. को कोतरिएको जस्तो घाउ रहेको, गुप्ताङ्गमा सानो कोतरिएको घाउ रहेको र कन्याजालीमा ताजा घाउहरू नरहेको भनी बकपत्र गरेको देखिएबाट प्रतिवादी दीर्घप्रसाद शेरचनले जाहेरवाली बुर्तिवाङ-१ लाई करणी गर्ने मनसायले बाटोमा पल्टाई लछारपछार पारी करणी गर्न खोजेको र दुवैजना एकआपसमा लड्दा शरीरमा घाउचोट, माटोसमेत लागेको देखिएको र प्रतिवादीको नाकमा जाहेरवालीको नङले कोतारिएको घाउ थियो भनेको कुरा तत्कालै फोटो खिची प्रमाणको रूपमा मिसिलसाथै पेस भएको फोटाबाट समेत देखिएको र पीडितको गुप्ताङ्ग कोतरिएको अवस्थामा रहेको भन्ने प्रतिवेदनबाट देखिँदा निज प्रतिवादी जाहेरवाली बुर्तिवाङ-१ लाई जबरजस्ती करणीको वारदातमा संलग्न रहेको मिसिल संलग्न प्रमाणहरूबाट पुष्टि हुन आएको देखिँदा जाहेरवालीको योनिमा लिङ्ग प्रवेश गरेको चिकित्सकको जाँच प्रतिवेदनबाट नदेखिएको तथा करणी भएको भए कन्याजालीमा घाउ हुनुपर्नेमा सो नभई करणीको कार्य सम्पन्न भइसकेको अवस्था देखिँदैन भन्ने आधारमा मात्र निज प्रतिवादीले आरोपित कसुरमा सफाइ पाउन नसक्ने। प्रतिवादीले करणी गर्ने उद्देश्यले पीडितलाई जबरजस्ती निजको इच्छाबेगर करणी गर्ने मनसायबाट पकडी लडाई करणी गर्न खोजेको देखिए तापनि करणीको कार्यसम्म भइसकेको अवस्था देखिँदैन। जबरजस्ती करणीजस्तो मुद्दामा करणी गर्नु र करणी गर्न खोज्नु फरक विषय रहेको हुन्छ। कुनै उद्देश्यले कुनै कसुर गर्नु र उक्त कसुर गर्न खोजेकोमा कार्यसम्पन्न भइनसकेको अवस्थामा कानूनले बेग्लाबेग्लै कसुर कायम हुने व्यवस्था गरेको देखिन्छ। कुनैपनि फौजदारी कसुरमा कसुरअनुसारको सजाय तोकिनु न्यायोचित हुन जान्छ। तर बेग्लै कसुर भएकोमा कसुरले पूर्णता पाई नसक्नेको अवस्थामा पूर्ण कसुर कायम गरी सजाय गर्नु न्यायोचित नहुने।

उल्लिखित वारदातको प्रकृति, घटनास्थल मुचुल्का तथा जाहेरवाली बुर्तिवाङ-१ स्वास्थ्य परीक्षण प्रतिवेदन, स्वस्थ्य परीक्षण गर्ने डाक्टरको बकपत्रका साथै मिसिल संलग्न अन्य प्रमाणहरूको मूल्याङ्कन गरी हेर्दा मुलुकी ऐन, जबरजस्ती करणी महलको दफा ३(५) र दफा ५ आकर्षित हुने देखियो। उक्त दफा अनुसारले "जबरजस्ती करणी गर्ने उद्योग गरेको करणी गर्न भने पाएको रहेनछ भने जबरजस्ती करणी गर्नेलाई हुने सजायको आधा सजाय हुन्छ" भनी व्यवस्था गरेको देखिन्छ भने ऐ.महलको दफा ३(५) ले "२० वर्ष वा

सोभन्दा बढी उमेरकी महिलालाई जबरजस्ती करणी गरेको भए ५ वर्षदेखि ७ वर्षसम्म" कैद सजायको व्यवस्था गरेको देखिन्छ । प्रस्तुत वारदातमा प्रतिवादी दीर्घप्रसाद शेरचनले यी जाहेरवाली बुर्तिवाङ-१ लाई जबरजस्ती करणी गर्न नपाएको र जबरजस्ती करणीको उद्योगसम्म गरेको देखिन आएको र जाहेरवालीको उमेर २० वर्षभन्दा माथिको देखिएको अवस्थामा प्रतिवादीलाई जबरजस्ती करणीको उद्योगमा २ वर्ष ६ महिना कैद गर्ने गरी सुरू बागलुङ जिल्ला अदालतबाट भएको फैसला सदर गरेको पुनरावेदन अदालत, बागलुङको फैसलालाई अन्यथा भन्न नमिल्ने ।

अतः विवेचित आधार, कारण र प्रमाणसमेतबाट प्रतिवादीले पीडितलाई जबरजस्ती करणी उद्योगको कसुर गरेको ठहऱ्याई सुरू बागलुङ जिल्ला अदालतबाट मिति २०७२।३।१६ मा भएको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत, बागलुङबाट मिति २०७२।७।१८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः गीता श्रेष्ठ

इति संवत् २०७४ साल माघ २६ गते रोज ६ शुभम् ।

## एकल इजलास

१

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७५-WO-००१३, उत्प्रेषण / परमादेश, *जमुना पोखरेल वि. भोलानाथ अर्यालसमेत*

रिट निवेदिकाको तर्फबाट बिगो भरिभराउको काम कारबाही चलिरहेको समयमा यी रिट निवेदिकाले मिति २०७१/१०/१० को तारेख गुजारी बसेको भन्ने आधारमा भक्तपुर जिल्ला अदालतका तहसिलदारबाट मुलुकी ऐन, दण्डसजायको ४८ नं. बमोजिम कानूनका म्यादभित्र निवेदिका वादीले तामेलीबाट जगाई कारबाही अगाडि बढाई पाउँ भनी निवेदन गर्न आएका बखत तामेलीबाट जगाई कारबाही गर्ने गरी मिति २०७२/४/२९ को आदेशले यी रिट निवेदिकाले फैसला कार्यान्वयनका लागि दिएको निवेदन तामेलीमा रहेको अवस्था पाउने ।

निवेदनमा मिति २०७३।४।५ को आदेशले आफ्नो संविधान प्रदत्त हक तथा अधिकारमा प्रतिकूल रूपमा आघात परेको भनी जिकिर लिएको छ । तर सो आदेश बदर गर्नका लागि यी रिट निवेदिकाले उक्त आदेश भएको मितिले करिब दुई वर्षको समय अवधि व्यतित गरी प्रस्तुत रिट निवेदन लिई मिति २०७५।४।४ मा मात्र यस अदालतमा प्रवेश गरेको देखिन्छ । उक्त आदेशका कारण गुम्न गएको भनी दाबी गरेको आफ्नो कानूनी तथा संवैधानिक हक प्रचलन गर्नतर्फ समयमा नै आफ्नो हकप्रति सचेत रहेको अवस्था पनि देखिएन । आफ्नो अधिकारबारे चासो नराखी सुत्ने व्यक्तिलाई अदालतले मद्दत गर्न नसक्ने । पुनरावेदन अदालतबाट मिति २०७३।४।५ मा भएको आदेशउपर समेत बिनाआधार कारण विलम्ब गरी यस अदालतको असाधारण अधिकारक्षेत्र प्रवेश गरेको अवस्थासमेतबाट निवेदन मागअनुसारको आदेश जारी गर्नुपर्ने अवस्था नहुँदा लिखित जवाफ माग्न परेन । तसर्थ प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: डोलनाथ न्यौपाने

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७५ साल साउन ९ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७४-WO-०६६५, उत्प्रेषण / परमादेश, *हेममणि सुवेदीसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

तत्कालीन प्रधानन्यायाधीशले राष्ट्रपतिलाई संविधानबमोजिम शपथ दिलाउनुअघि आफूले

अवकाशसम्बन्धी पत्र न्याय परिषद् सचिवालयबाट प्राप्त गरेको भनी शपथ दिलाउनको लागि कठिनाई रहेको भनी जानकारी दिएको पनि देखिन्न। राष्ट्रपतिले संविधानबमोजिम शपथ ग्रहण गर्नु संवैधानिक कर्तव्य भएको र जसबाट शपथ ग्रहण गर्नुपर्ने हो अर्थात् प्रधानन्यायाधीशले आफ्नो पदाधिकार वा संवैधानिक हैसियतबारे कुनै संवैधानिक समस्या भएको जानकारी निजबाट वा अन्य कतैबाट तत्काल नपाएको अवस्थामा शपथसम्बन्धी कार्यको बारेमा अनावश्यक परिकल्पना गर्ने कुरा पनि आउँदैन। त्यसैले कानूनको स्वाभाविक प्रक्रियाअनुरूप शपथ ग्रहणको कार्यक्रम आयोजना भई तत्काल अवकासको पत्र पाइसकेको भन्ने नदेखिएको तथा राष्ट्रपतिलाई अन्यथा जानकारी पनि नभएको अवस्थामा शपथ ग्रहण गरेको तथा शपथ दिलाएको कुरालाई गैरकानूनी भन्न नमिल्ने।

एकातिर अवकासको मिति २०७४।०४।२१ कायम गरेको अर्कोतिर २०७४।११।३० मा मात्र पदमा नरहेको जानकारी दिएको आधारमा मात्र अवकाश मिति सर्ने हो कि भन्नलाई त्यस्तो तर्क गर्न पनि मिल्ने देखिँदैन। २०७४।४।२१ पछि पनि गोपाल पराजुलीले न्यायपालिकाको नेतृत्त्व कायम राखेको कारणले उक्त मितिपश्चात् पनि कतिपय गम्भीर र महत्त्वपूर्ण निर्णयहरू (चाहे त्यो न्यायिक निर्णय होस् वा प्रशासनिक निर्णयहरू नै हुन्) लिई नै रहनु भएको पाइन्छ। यस्तै कार्यहरूअन्तर्गत तत्कालीन प्रधानन्यायाधीशले राष्ट्रपतिको शपथ गराउने जिम्मेवारी पनि बहन गर्नु भएको देखिने।

गरी सकिएको र भइसकेको काम वैध हुने सम्बन्धमा Factum Valet को सिद्धान्तको उल्लेख गर्नु सान्दर्भिक देखियो। जुन कार्य नहुनु पर्ने हो तर भइसकेपछि मान्यता पाउँछ अर्थात् what ought not to be done become valid when done उपर्युक्त सिद्धान्तको आधारमा पनि तत्कालीन प्रधान न्यायाधीश गोपाल पराजुलीबाट राष्ट्रपतिले ग्रहण गर्नुभएको शपथलाई अन्यथा भन्न नमिल्ने।

Factum Valet को आधारमा कुनै पदाधिकारीबाट कुनै काम कारबाही नहुनु पर्ने हो तर भएमा मान्यता पाउने भन्ने देखिन आयो। तर यसको अर्थ फेरी विवादित काम गर्दा वा कार्य हुँदाहुँदैको अवस्थामा गैरकानूनी देखिएको पनि वैधानिक हुने भन्ने होइन। प्रधानन्यायाधीशको पदबाट अवकाश मिति २०७४ श्रावण २१ गते कायम गरी न्याय परिषद्को सचिवको निर्णय मिति २०७४।११।३० मा भई सोही दिन पत्र बुझाएको र सोही दिनमै अपराह्न ४ बजे राष्ट्रपतिको शपथको कार्यक्रम तय भई शपथ सम्पन्न हुँदासम्म अवकाश पत्र प्राप्त गरी अवकाश ग्रहण गरी सकेको भएको नदेखिएको अवस्थामा सम्पन्न शपथ ग्रहणको कार्यलाई अवैध भन्न नसकिने।

अतः समग्रमा कुनै न्यायाधीश वा प्रधानन्यायाधीश उमेर हदका कारणले अवकाश हुने भएमा न्याय परिषद्ले निज अवकाश हुनुभन्दा कम्तीमा साठी दिनअगावै सोको जानकारी सम्बन्धित न्यायाधीश र निकायलाई गराउनु पर्ने र त्यसरी जानकारी नदिएको भए पनि कुनै न्यायाधीश अवकाश हुने उमेर पुगेपछि त्यस्तो पदबाट अवकाश हुने भन्ने कानूनी व्यवस्था न्याय परिषद् ऐन, २०७३ को दफा ३१ को उपदफा (१) र (९) मा रहेको छ। न्यायाधीशको वैयक्तिक अभिलेख राख्ने आधिकारिक निकाय न्याय परिषद् सचिवालयले आफ्नो अभिलेखका आधारमा न्याय परिषद् ऐन, २०७३ को दफा ३१ को उपदफा (७) बमोजिम तत्कालीन प्रधानन्यायाधीश श्री गोपाल पराजुलीको उमेर मिति २०७४।४।२१ मा पैसट्ठी वर्ष पूरा भइसकेको भन्ने च.नं.२२३, मिति २०७४।११।३० को पत्रबाट सम्बन्धित सरोकारवाला निकायहरूमा जानकारी गराएको भन्ने रिट निवेदन संलग्न पत्रबाट देखिन आएको छ। सोही दिन निज

गोपाल पराजुलीले प्रधानन्यायाधीशको हैसियतले सम्माननीय राष्ट्रपतिलाई पद तथा गोपनीयताको सपथ खुवाएको र सम्माननीय राष्ट्रपतिबाट सपथ ग्रहण भएको अवस्था देखिन्छ । सो सपथ ग्रहणअघि नै तत्कालीन प्रधानन्यायाधीश पदमा नरहेको भन्ने जानकारी निज प्रधानन्यायाधीश श्री गोपाल पराजुली वा राष्ट्रपति कार्यालयलगायतका सम्बन्धित सरोकारवाला निकायहरूलाई भइसकेको भन्ने निवेदनमा स्पष्टतः दाबी लिई खुलाउन सकेको देखिँदैन । यसबाट प्रधानन्यायाधीश श्री गोपाल पराजुली पदमा नरहेको भन्ने जानकारीप्राप्त गर्नुअगावै सम्माननीय राष्ट्रपतिको सपथ ग्रहणको कार्य सम्पन्न भइसकेको अवस्थामा सो सपथलाई संविधानविपरीत भनी लिइएको निवेदन जिकिर निराधार एवम् तर्कहीन रहेको देखिँदा प्रस्तुत रिट निवेदन प्रथमदृष्टि (prima facie) मै स्वीकारयोग्य देखिन आएन । यस स्थितिमा विपक्षीहरूबाट लिखित जवाफ मगाउनु पर्ने अवस्थाको विद्यमानता रहेको नदेखिँदा विपक्षीहरूबाट लिखित जवाफ मगाउनु परेन, प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः शिवप्रसाद आचार्य

इति संवत् २०७५ साल वैशाख ४ गते रोज ३ शुभम् ।

**"मेलमिलाप गरौं, विवाद नबढाऔं"**

**- सर्वोच्च अदालत, मेलमिलाप समिति**